नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, असार ३१, २०७४ | Saturday, July 15, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला ला: ६ | वर्ष २३, अंक १८६ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { सार्क स्याटेलाइट अध्ययन गर्दै सरकार
५ { राप्रपामा थापामाथि राणा खनिए
८ { ट्रम्पको प्रशंसा विवादमा
९ { प्रधानन्यायाधीशविरुद्ध उजुरी परेन

# राजधानीबासीलाई दूषित पानी

## परीक्षणका क्रममा ७० प्रतिशतभन्दा बढी स्वास्थ्यलाई प्रतिकूल असर गर्ने ब्याक्टेरिया फेला

भगवती तिमल्सिना, काठमाडौं

पानीबाट फैलने रोग ८० प्रतिशत हुन्छ भन्ने विषयमा सरकार अनभिज्ञ छैन। तर, पनि उपत्यकामा खानेपानी विक्रेताले गर्दै आएको लापरबाहीलाई रोक्न सरकारले खासै ठोस कदम चालेको पाइएको छैन। सरकारकै कमजोरीको फाइदा उठाउँदै व्यापारीले उपभोक्ताको स्वास्थ्यमा गरेको खेलबाडका कारण वर्षेनि हजारौंको संख्यामा मानिस झाडापखाला, आउँ, टाइफाइड, जन्डिस, निमोनियाजस्ता थुप्रै रोगको शिकार बन्दै छन्।

काठमाडौं, भक्तपुर र ललितपुरमा खानेपानी प्रदूषित भएकै कारण जुनसुकै समय हरेक खालका नयाँ नयाँ रोगको त्रास फैलने गरेको विशेषज्ञहरूको ठम्याइ छ। यतिबेला जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंले गरेको एक अनुसन्धानमा काठमाडौंमा वितरण भइरहेको पानीमा स्वास्थ्यमा प्रतिकूल असर पार्ने ब्याक्टेरिया ७० प्रतिशतभन्दा बढी फेला परेको डरलाग्दो तथ्यांक सार्वजनिक गरेको छ।

कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) का माइक्रोबायोलोजिस्ट ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभएअनुसार केयूकेएलले वितरण गर्ने पानी निजी क्षेत्रबाट विक्रीवितरण हुँदै आएको ठूलो जारको पानीभन्दा शुद्ध छ। उहाँले जारका पानी बढी दूषित छ भन्नुभयो। यता केयूकेएलले वितरण गर्दै आएको पानीको मुहानमै माछा र सुङ्गुर पालिएको र उपत्यकामा वितरण हुँदै आएको पानी दूषित भएको पनि उहाँले खुलासा गर्नुभयो।

उपत्यकामा वितरण गरिँदै आएको शेषनारायणको मुहानमै स्थानीयले माछापालन गरेको र हटाउन कठिन भएको छ भने नल्लु खोलाको मुहान आसपासमा स्थानीयले जग्गा भाडामा दिई बङ्गुर पालन व्यवसाय नै चलाएका छन्। 'मुहानलाई शुद्ध राख्नका लागि माथि सार्दा समेत नसकेको अवस्था छ।' -कार्कीको भनाइ छ। उहाँ भन्नुहुन्छ- 'अब जनप्रतिनिधि निर्वाचित भएर आइसकेको अवस्थामा केही सुधार गर्न सकिन्छ कि? हामीले स्थानीयलाई व्यक्तिगत जग्गा भाडामा नदेऊ भन्न सक्ने अवस्था छैन र जग्गा भाडामा दिएर वरिपरि बङ्गुर पालन गरेकाले मुहान दूषित भएको हो।'

यसका साथै मुहानको माथिबाट गाडी गुड्ने र विशेष गरी ट्रकहरूले ढुंगा निकाली ओसार पसार गर्दा मुहानमा माटो झर्ने र पानीमा लेदो, हिलो हुने कारणले पनि उपत्यकामा एक त पर्याप्त पानी दिन नसकिएको र दिएको पनि हिलो र धमिलो हुने गरेको कार्कीले बताउनुभयो। पछिल्लो समय केयूकेएलले पानी शुद्धीकरणमा जोड दिँदै स्टीकर राख्ने निर्णय गरेको छ। पहिलो चरणमा केयूकेएलले वितरण गर्दै आएको ८ वटा ट्याङ्करमा निलो स्टीकर राखेर शुद्ध पानी वितरण कार्य विगत २ महिनादेखि शुरू भएको पनि उहाँले बताउनुभयो।

राष्ट्रिय खानेपानी मापदण्ड २०६२ मा २७ वटा सम्म परीक्षण हुनुपर्ने उल्लेख गरिएको छ। जसमा जीवाणुरहित फिजियो केमिकल प्यारामिटर र ब्याक्टेरियोलोजी केमिकलरहित पानी मात्र खान योग्य शुद्ध पानी भन्ने परिभाषा गरिएको छ। यसैलाई आधार मानी विगत ३ महिनादेखि केयूकेएलले पानीको मुहान तथा नमुना परीक्षण गरी पिउन योग्य पानीलाई निलो स्टीकर, घरायसी प्रयोजन उमालेर मात्र खान हुनेलाई हरियो स्टीकर र निर्माण तथा सरसफाइमा मात्र प्रयोग गर्न मिल्नेलाई पहेंलो स्टीकर दिएर वितरण गर्ने अभ्यास शुरू गरिएको कार्कीले बताउनुभयो।

यसरी पानी वितरण गर्दा अनुगमन र निरीक्षण कडाइका साथ गर्नुपर्ने हुन्छ। नमुना परीक्षण एउटा मुहानको गराएर वितरण अन्तैको गर्न सक्ने सम्भावना अत्यन्तै बढी भएकाले ट्याङ्कर र जारमा वितरण हुँदै आएको पानीको अनुगमन र निरीक्षणमा जोड दिनुपर्ने पनि उहाँले बताउनुभयो। केयूकेएलले मात्र उपत्यकालाई पानी वितरण गर्न पानीको स्रोत र उपकरण तथा जनशक्ति नभएको खुलासा गर्दै ट्याङ्करको पानी र जारको पानी भण्डारण गर्ने उपभोक्ताको तरिका पनि गलत भएकाले उपत्यकाको हरेक पानीमा शुद्धीकरण नभएको कार्की दाबी गर्नुहुन्छ।

उपत्यकाको पानी परीक्षणमा काम गर्दै आएका वातावरण र जनस्वास्थ्य नामक संस्थाका बुद्ध वज्राचार्यका अनुसार ललितपुर, भक्तपुर र काठमाडौंमा गतवर्ष हैजा फैलिएको क्षेत्रका १ हजार ३ सय घरपरिवारमा पिएभ्यालु टेस्ट मोबाइल क्याम्पमा गरेको नमुना परीक्षणमा ७० प्रतिशतभन्दा बढी घरमा प्रयोग गरिएको पानी दूषित पाइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

- मुहानमै पालिएका छन् माछा र सुंगुर
- जारको पानी उस्तै खतरा
- पियूष राखेर वा उमालेर मात्रै प्रयोग गर्न विज्ञको सुझाव
- रोगको मुख्य कारक खानेपानी



# ठूलाबडाको बैंक खाता निगरानीमा

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई ठूलाबडा र उनीहरूका आफन्तको बैंक खातामा निगरानी राख्न निर्देशन दिएको छ। केन्द्रीय बैंकले सम्पत्ति शुद्धीकरण निवारण ऐनअनुसार शुक्रबार बैंक तथा वित्तीय संस्थालाई उक्त निर्देशन दिएको हो।

राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले अब ग्राहकको रेटिङ गराउनुपर्नेछ। राष्ट्र बैंकको निर्देशनमा विद्युतीय माध्यमबाट कारोबार गर्ने, उच्च नेटवर्क भएको, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको आधारमा ग्राहकको रेटिङ गराउनुपर्ने भएको हो। राष्ट्र बैंकले उच्चपदस्थ व्यक्तिका परिवारको बैंक खाताको निगरानी पदबाट अवकाश पाएको ५ वर्षसम्म गर्नुपर्ने पनि भनेको छ। एकै दिनमा १० लाख रुपियाँको कारोबार गरेमा तथा १० लाखभन्दा बढी निक्षेप जम्मा गर्न आएमा त्यसको स्रोतको जानकारी लिनुपर्ने राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ।

त्यस्तै १ करोडभन्दा बढीको घरजग्गा कारोबार गरेमा र ५० लाखभन्दा माथिको सवारीसाधनको खरिद गर्नेमाथि पनि निगरानी बढाइने भएको छ। शंकास्पद कारोबार भइरहे तीन दिनभित्र राष्ट्र बैंकलाई जानकारी दिन उक्त निर्देशनमा भनिएको छ।

(क्रमशः पृष्ठ ९ मा)


केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२३/०७३/७४ | मिति: २०७४/०३/३०

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७३ को इ.प्रा.निर्देशन नं.१९/०७३ (सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था) लाई खारेज गरी यसैसाथ संलग्न बमोजिमको इ.प्रा.निर्देशन नं.१९/०७३ (सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था) २०७४/०४/०१ देखि लागु हुने गरी जारी गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,
(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।

CENTURY BANK | सेञ्चुरी बैंक

सेञ्चुरी र सगरमाथा साथ साथ
अझ बढी सशक्त तथा विस्तारित रूपमा शिखरमा लम्कदै...

सगरमाथा फाइनान्स लिमिटेड
Sagarmatha Finance Limited

आज २०७४ आषाढ ३१ गतेदेखि प्राप्ति (एक्विजिशन) भई एकिकृत कारोबारको शुभारम्भ

CENTURY BANK | सेञ्चुरी बैंक

जारी पुंजी : ५ अर्ब ४६ करोड
शाखा संजाल : ६६

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड
केन्द्रीय कार्यालय: पुतलीसडक, काठमाडौं । फोन नं. : ०१-४४१२५७९/४४४५०६२
सरल बैंकिङ्... सबैको लागि

### सत्ता पक्ष आयोगमा

# 'नामावली संकलनको म्याद थपियोस्'

काठमाडौं, (नेस)

सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुने फोटोसहितको मतदाता नामावली संकलनको समयसीमा साउनभर बनाउन निर्वाचन आयोगसँग आग्रह गरेका छन्।

आयोगमा दुई दलका नेताले प्रमुख आयुक्त डा. अयोधीप्रसाद यादवसहितका आयुक्तसँग शुक्रबार बेग्लाबेग्लै भेट गरी यस्तो आग्रह गरेका हुन्। आयोग पदाधिकारीसँग भेटघाटका लागि नेपाली कांग्रेसका तर्फबाट बालकृष्ण खाँड र एमाओवादी केन्द्रका तर्फबाट हरिबोल गजुरेल नेतृत्वका टोली आयोग पुगेका थिए।

निर्वाचन आयोगले यसअघि नै साउन १ गतेदेखि १५ गतेसम्म सबै जिल्लास्थित निर्वाचन कार्यालयमा मतदाता नामावली संकलन कार्य सञ्चालन गर्ने निर्णय गरिसकेको छ। आयोगले सो अवधिमा मतदाता नामावलीमा आफ्नो नाम तथा ठेगानामा कुनै त्रुटी भएको भए त्यो सच्याउन, दोहोरो नाम हटाउन वा स्थान परिवर्तन गर्न सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सकिने व्यवस्था गरेको छ।

# सूचीमा चढ्दै, ओर्लंदै

## माथिल्लो तहको दबाबमा मापदण्ड नपुगेका ३१ विद्यालयलाई समेत नमुना बनाउने प्रयास

ईश्वरराज ढकाल, काठमाडौं

ठूलबडाहरूले सिफारिस गरेको नाम सूचीमा नपरेपछि नमुना विद्यालयको निस्किसकेको नामको सूचीसमेत हटाइएको छ। करिब एक महिनाअघि शिक्षा विभागले सूचना जारी गरी नामावली सार्वजनिक भइसकेका १ सय ६७ वटा विद्यालयको नामसमेत हटाएको हो।

शिक्षा विभागले आफ्ना अधिकांश निर्णय वेब साइटमा राख्ने गरेको थियो। नमुना विद्यालय छनोट भएका विद्यालयको नाम वेबसाइटमा राखिसकेको अवस्थामा दबाबको भरमा शिक्षा सचिवले हटाउन लगाउनुभएको थियो। विभागको वेब साइटमा राखिएका नमुना विद्यालयको नाम हटाएपछि विभागका अधिकारीसमेत अचम्मित भएका थिए। विभागले निश्चित मापदण्ड पुगेका विद्यालयलाई मात्रै नमुना विद्यालय बनाउने निर्णय गर्दै देशभरबाट करिब २ सय १३ विद्यालयको नाम छनोट गरेको थियो। गएको शनिबार थप नाम सार्वजनिक गर्ने तयारी गरिरहँदा विभागले अहिलेलाई नाम सार्वजनिक नगर्ने भन्दै रोकेको थियो।

उच्च स्रोतका अनुसार केही दिनभित्र नमुना विद्यालयको नामावली सार्वजनिक गर्ने तयारी गरेको विभागले मापदण्ड नपुगेका ३१ वटा समेत समावेश गर्ने भएको छ। शिक्षामन्त्री गोपालमान श्रेष्ठले राजनीतिक

### नमुना विद्यालय

दबाबको भरमा ३१ वटा विद्यालयको नाम समावेश गरेपछि वेबसाइटबाट हटाइएका र अन्य विद्यालयहरूको नाम सार्वजनिक गर्ने भएको हो। शिक्षा सचिव शान्तबहादुर श्रेष्ठले नमुना विद्यालयको नाम सार्वजनिक गर्ने विषयमा आफूले हस्तक्षेप नगरेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'मापदण्डअनुसार नै सबै विद्यालयको नाम सार्वजनिक गर्न लागेका हौं।' उहाँले वेबसाइटबाट नाम हटाउने विषयमा आफ्नो कुनै हात नरहेको स्पष्ट पार्नुभयो। स्रोतका अनुसार सचिवकै निर्देशनमा शिक्षा विभागले नाम सार्वजनिक गरेपछि वेबसाइटबाट हटाइएको हो। शिक्षा विभागले तराईमा २ विगाहा, पहाड र हिमालमा १० रोपनी क्षेत्रफल भएको विद्यालयलाई मात्रै नमुना विद्यालय बनाउने मापदण्ड बनाएको थियो।

विभागले ७ सय ४४ वटै स्थानीय तहमा एक/एकवटा नमुना विद्यालय बनाउने गरी तयारी गरेको थियो। भूकम्प अति प्रभावितदेखि विद्यार्थी संख्या बढी भएका विद्यालयसम्मलाई नमुना विद्यालय बनाउने योजना तय गरिएको थियो। तर मन्त्रालय स्वयंले आफूले बनाएको मापदण्ड कुल्चिएर राम्रा भन्दा हाम्रा विद्यालयलाई छनोट गरेको छ। नमुनाको मापदण्डमा नपरेका तर मन्त्री, सचिवदेखि दलको दबाबमा रहेका ३१ वटा विद्यालयलाई नमुना विद्यालय छनोट गर्ने निर्णय भइसकेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

> उहाँले उक्त स्याटेलाइट नेपालका लागि एकदमै फाइदाजनक भएको बताउनुहुँदै यद्यपि यसको स्टेसन कुन ठाउँमा स्थापना गर्ने भन्ने बारे कुनै निर्णय नभएको बताउनुभयो।



# सार्क स्याटेलाइट अध्ययन गर्दै सरकार

जयकुमार महर्जन

नेपाल सरकारले सार्क स्याटेलाइटको उपयोग गर्ने विषयमा अध्ययन अगाडि बढाउने भएको छ। भारतले सार्क राष्ट्रहरूका लागि लक्षित गरेर प्रक्षेपण गरेको उक्त स्याटेलाइटको उपयोग गर्ने विषयमा यसअघि नेपाल सरकारले कुनै पनि निर्णय गरेको थिएन।

भारत सरकारले आफ्नो महत्वकांक्षी योजनाअर्न्तगत राखेको उक्त स्याटेलाइट परियोजनाले दक्षिण एसियाका सम्पूर्ण राष्ट्रलाई समेट्ने लक्ष्य राखिएको छ। भारतले सो स्याटेलाइट दक्षिण एसियाली राष्ट्रका लागि 'उपहार' का रूपमा प्रक्षेपण गरिएको जनाएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा काठमाडौंमा आयोजना गरिएको १८औं सार्क सम्मेलनको बेला सार्क स्याटेलाइट प्रक्षेपण गर्ने घोषणा गर्नुभएको थियो।

भारतले गत मे महिनामा स्याटेलाइट प्रक्षेपण गरेको हो। यस योजनामा पाकिस्तानबाहेक अरु सबै सार्क राष्ट्रले सहभागीता जनाउने प्रतिवद्धता व्यक्त गरिसकेका छन्। पाकिस्तानले यो परियोजनामा सहभागी हुने भारतीय पक्षको प्रस्ताव अस्वीकार गरिसकेको छ।

नेपाल सरकारले स्याटेलाइटको उपयोगिताका विषयमा अध्ययन अनुसन्धान गर्न सञ्चार मन्त्रालय मातहतका सञ्चार विशेषज्ञ रहेको एक अध्ययन अनुसन्धान समिति गठन गरेको छ। समितिमा रहेका एक जना प्राविधिकका अनुसार यो समितिले सरकारलाई स्याटेलाइट उपयोगका बारेमा सल्लाह सुझाव उपलब्ध गराउने छ भने समितिले दिएको सल्लाह र सुझावअनुरुप सरकारले कार्य सम्पादन गर्नेछ।

सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव तथा प्रवक्ता रामचन्द्र ढकालले नेपाल समाचारपत्रलाई दिएको जानकारीअनुसार उक्त समितिले सार्क स्याटेलाइटको उपयोग तथा यसबाट नेपाललाई हुने फाइदाका विषयमा विस्तृत अध्ययन अनुसन्धान गर्नेछ।

प्रवक्ता ढकालले सो स्याटलाइट नि:शुल्क रूपमा प्राप्त भएको तथा यसको उपयोगका लागि यससंग सम्बन्धित तालिम सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो। उहाँले उक्त स्याटेलाइट नेपालका लागि एकदमै फाइदाजनक भएको बताउनुहुँदै यद्यपि यसको स्टेसन कुन ठाउँमा स्थापना गर्ने भन्ने बारे कुनै निर्णय नभएको बताउनुभयो।

उहाँले समितिले स्याटेलाइट अध्ययनको प्रतिवेदन बुझाएपछि त्यसैका आधारमा स्याटेलाइट प्रयोग गरिने पनि बताउनुभयो। समितिले बुझाएको प्रतिवेदन सरकारले पूर्ण रूपमा कार्यान्वयन गर्ने पनि उहाँले बताउनुभयो।

भारत सरकारले निर्माण गरेको उक्त स्याटेलाइटको नाम 'दक्षिण एसियाली स्याटेलाइट' राखिएको छ। करिब २ सय ३५ करोड भारुको लागतमा तयार भएको उक्त स्याटेलाइट गत मे ५ अर्थात वैशाख २२ मा प्रक्षेपण गरिएको थियो। स्याटेलाइटको तौल २ हजार २ सय ३० किलोग्राम रहेको छ।

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले जनाएअनुसार उक्त स्याटेलाइटको आयु करिब १२ वर्ष रहेको छ भने प्रत्येक सदस्य राष्ट्रले ३६ देखि ४५ मेगाहर्जसम्मको ट्रान्सपोन्डर प्राप्त गर्नेछन्। नेपालले ३६ मेगाहर्जको ट्रान्सपोन्डर पाउने भएको छ।

भारत सरकारको 'सबका साथ, सबका विकास' कार्यक्रमअन्तर्गत सञ्चालित यो परियोजनाबाट नेपाललगायत दक्षिण एसियाली राष्ट्रहरूले सूचना तथा सञ्चार, प्रकोप व्यवस्थापन, डीटीएच, दूरशिक्षा, टेलि-मेडिसिन, मौसम तथा जलविज्ञान, कृषिआदि क्षेत्रमा भरपूर फाइदा लिन सकिने बताइएको छ।











# बिहेअघि नै गर्भवती भएका बलिउड सुन्दरी



बलिउड फिल्म नगरीमा सुन्दर अनुहारको कुनै कमी छैन। नायिकाहरु सुन्दर हुनु स्वभाविक नै हो। यही कारण पनि बलिउडमा नायक र नायिकाहरुबीच रिल लाइफमा मात्र नभई रियल लाइफमा समेत रोमान्स चलिरहेको छ भन्ने सामाचारहरु आइरहेका हुन्छन्।

यस्ता रोमान्सले हदभन्दा माथि जाँदा भने उनीहरुको जिन्दगीलाई नै नराम्रा असर पारिरहेका हुन्छन्। रिलेसनमा रहेका केही हिरोइनले विवाहका बारेमा सोचेको पाईंदैन भने कसैले चाहिँ तुरुन्तै विवाह गर्ने निर्णय गरेर सम्बन्धलाई अगाडि बढाउने गरेको बलिउडमा देखिन्छ।

बिहेसम्मको कुरा नसोची सम्बन्धलाई अगाडि बढाएका कतिपय बलिउड नायिकाले भने नचाहेरै वा नसोचेरै पनि तुरुन्तै विवाह गर्नुपर्ने अवस्था सिर्जना भएको बलिउड फिल्म नगरीको इतिहासमा पाइन्छ। यसको कारण भने उनीहरु विवाह अघि नै गर्भवती हुनु हो।

श्रीदेवी तीनैमध्येकी बलिउडको एक सुन्दर अभिनेत्री थिइन्, जो सम्बन्धलाई अगाडि बढाउँदा बढाउँदै विवाह गर्न बाध्य भइन्। बोनीले उनको मन तब जितेका थिए, जब श्रीदेवीकी बिरामी आमाको अमेरीकामा उपचार चलिरहेको थियो। उक्त समयमा बोनीले श्रीदेवीको निकै सहायता गरेका थिए। यसै सिलसिलामा सन् १९९६ मा श्रीदेवीले अचानक बोनीसँग विवाह गरेर आफ्ना सबै फ्यानहरुलाई चकित बनाइदिइन्। बोनीसँगको माया प्रेमको सम्बन्धबाट त्यो समयसम्म श्रीदेवी गर्भवती भइकेकी थिइन्। त्यसैले उनले बोनीलाई आफ्नो पति स्वीकार गर्न समय लगाइनन्। यस विषयमा श्रीदेवीले त्यसैबेला स्वीकार पनि गरेकी थिइन्।

खेल, सूर्यम, जिन्दा, थ्याकं युजस्ता फिल्ममा अभिनय गरेकी अर्की बलिउड नायिका सेलीना जेट्लीले पनि प्रेम सम्बन्धलाई अगाडि बढाउने क्रममा गर्भवती भएपछि आफ्ना प्रेमी पिटरसँग तुरुन्तै विवाह गरिन्। उनले विवाहको केही महिनामै जुम्ल्याहा सन्तानलाई जन्म दिएकी थिइन्। उनी बिहेअघि नै गर्भवती थिइन् भन्ने चर्चा पनि बलिउडमा चलेको थियो।

अर्की बलिउड नायिका महिमा चौधरीले सुवास घईको फिल्म परदेशबाट आफ्नो करिअर शुरु गरेकी थिइन्। उनको वास्तिविक नाम ऋतु हो। महिमाले सन् २००६ मा अचानक बबि मुखर्जीसँग विवाह गरिन्। त्यस समयमा उनको हातमा केही फिल्महरु पनि थिए। चर्चा थियो कि महिमा गर्भवती थिइन्। त्यस कारण उनले हातमा आएका फिल्म नै छोडेर विवाहलाई रोजिन्। विवाहको केही महिनापछि नै उनले छोरीलाई जन्माएकी पनि थिइन्।

बलिउड नायिका मलाईका अरोराकी नायिका बहिनी अमृता अरोराको बिजनेस म्यान शकीलसँग रोमान्स चलिरहेको थियो। उनले पनि छिट्टै नै प्रेमलाई विवाहमा परिणत गरिन्। त्यो समयमा चर्चा चलेको थियो कि उनी गर्भवती थिइन्। त्यसलाई स्वीकार गर्दै विवाहको केही दिनमा नै अमृताले आफू गर्भवती भएको खुलाएकी थिइन्।

फिल्म राजतीलकको सुटिङको क्रममा बलिउड नायिका सारिका र नायक कमल हसनबीच रोमान्स चलेको थियो। यहीबीच यी दुवैले विवाह गरे। हतार हतार बिहे गर्नुको कारण सारिका गर्भवती थिइन् भन्ने रहेको छ।

बलिउड नायिका नीना गुप्ताले त झन् अचानक आफू गर्भवती छु भनेर सबैलाई अचम्ममा पारेकी थिइन्। तर उनले बच्चाको बाबुको नाम भने बताइनन्। साहसिक निर्णय लिँदै उनले बच्चालाई जन्म दिइन्। पछि मात्र थाहा भयो कि क्रिकेटर विवियन रिचर्डस् उनको बच्चाको पिता रहेछन्।



## दरबारमार्गमा बेलायती
# गायकको कन्सर्ट

बेलायती गायक जे सन राजधानीमा कन्सर्टका साथ प्रस्तुत भएका छन्। कन्सर्टका लागि गत मंगलबार बेलुका काठमाडौं आएका उनी बुधबार मध्यरातमा राजधानीको दरबारमार्गस्थित डेजा भुङ क्लबमा प्रस्तुत भएका थिए।

हजारौं दर्शकका बीच भएको कन्सर्टमा जे सनले *मेक माई लभ, स्टोलन, डाउन डाउन, आइ एम अल योर्स, राइड इट, डान्स विद यु, स्टे, ह्वेर यु डु गो, लाइक दिस लाइक द्याट*लगायत आफ्ना लोकप्रिय डेढ दर्जन गीत सुनाएर दर्शक तताएका थिए। कन्सर्टमा उनले २ घण्टासम्म आफ्ना गीत संगीत प्रस्तुत गरेका थिए।

कन्सर्टका क्रममा राति ६ बजेदेखि उनका प्रशंसक उनकै गीतको डिजेइङमा करिब तीन घन्टासम्म नाचेका थिए। उनी भने रातको १२ बजे कार्यक्रममा प्रस्तुत भएका थिए। कार्यक्रममा पूर्वयुवराज पारश शाहसमेत सहभागी भएका थिए।

युहान इन्टरनेसनलले ब्ल्याक रिलिजन संगीतिक शृंखलाअन्तर्गत जे सनलाई राजधानीको कन्सर्टमा प्रस्तुत गरेको हो।

# माइतीको आँगनमा जुनु

गायिका जुनु गौतमले म्युजिक भिडियोसहित *माइतीको आँगनमा* बोलको तीजगीत सार्वजनिक गरेकी छिन्। यसको म्युजिक भिडियोमा नायिका सारिका घिमिरेले कम्मर मर्काएकी छन्। सारिकासँगै गायिका जुनु गौतमले पनि अभिनय गरेको म्युजि भिडियोमा कमल राईले कोरियोग्राफी गरेका हुन्। शिव ढकालको छायांकन र तारा थापाको सम्पादन रहेको भिडियोलाई विनोद विष्टले निर्देशन गरेका छन्।

गीतमा गोविन्दप्रसाद उपाध्यायको शब्द सृजना रहेको छ भने अनिश श्रेष्ठको संगीत रहेको छ। गायिका गौतमको केही समयअघि *अर्को जन्म होला नहोला* गीति एल्बम सार्वजनिक भएको थियो।

'मेरो तीज गीत पहिलो हो। यसको म्युजिक भिडियोमा हामी सबैले निक्कै मिहिनेत गरेका छौं नायिका सारिका घिमिरे यसको म्युजिक भिडियोको सम्बन्धमा भन्छिन्- 'एउटा राम्रो तीज गीत बनेको छ। यसले दर्शकस्रोताको साथ पाउनेमा आशावादी छौं।'





# ललित कलाकार खनाल बैंककमा पुरस्कृत

थाइल्यान्डको राजधानी बैंककमा नेपाली कलाकार अनिता खनाल भट्टराईले *अनरेवल मेन्सन अवार्ड* जितेकी छिन्। नेपाल, भारत, पाकिस्तान, बंगलादेश, अमेरिका इटलीलगायत विभिन्न ८ देशका कलाकारहरुको सहभागिता रहेको प्रतियोगितात्मक कला प्रदर्शनीमा कलाकार भट्टराईले सो अवार्ड जितेकी हुन्। ललितकला विषयमा स्नातकोत्तर गरेकी भट्टराईले नेपाल तथा विदेशमा एकल तथा सामुहिक कला प्रदर्शनीमा सहभागीता जनाइसकेकी छन्।

पुरस्कार ग्रहण गर्न थाइल्यान्ड पुगेकी कलाकार भट्टराईले आफ्नो जल रङले अन्तर्राष्ट्रिय पुरस्कार पाउँदा अत्यन्तै खुसी लागेको र नेपाली कलाकारले अवसर पाए देशविदेशमा पुरस्कृत तथा सम्मानित हुन सक्ने बताइन्। 'नेपाल कलाको लागि अत्यन्तै सम्भावना बोकेको भूमि हो। अन्य देशका कलाकार र कलाका मर्मज्ञ समक्ष नेपालबारे प्रचारप्रसार गर्न कार्यक्रमले सहयोग पुगेको छ' -भट्टराईले भनिन्।

एक हप्ता लामो कार्यक्रममा विभिन्न देशका प्रतिष्ठित कलाकारको सगभागिता रहेको थियो। प्रदर्शनीका साथै कलाकारहरुले बैंककमा कला कार्यशाला पनि गरेका थिए। फोकस बंगलादेशले आयोजना गरेको कार्यक्रममा अन्तर्राष्ट्रिय वाटरकलर सोसाइटी थाईल्यान्डका प्रमुख लाफेले पुरस्कार प्रदान गरेका थिए।

## हलिउडको भन्न
# लाज लाग्छ थेरोनलाई



विश्वमा सबैभन्दा ठूलो र सफल मानिन्छ, हलिउड फिल्म उद्योग। ठूलो बजार र पर्याप्त लगानीका कारण पनि जो कोही कलाकार हलिउड फिल्म उद्योगको हिस्सा बन्न चाहन्छन्।

तर यो कुरा सबैमाथि लागू हुँदोरहेनछ। हलिउड नायिका चार्लिज थेरोनले हलिउड फिल्म उद्योगको तीतो यथार्थ सार्वजनिक गर्दै आफूलाई हलिउडकर्मी भन्नसमेत लाज लाग्ने गरेको बताएकी छिन्। उनका अनुसार, महिलाहरु हलिउड उद्योगमा उत्तिकै पछाडि छन्, जति उनीहरु अरु उद्योगमा छ भन्ने गर्दछन्।

४१ वर्षीया अभिनेत्रीले हलिउडमा महिलाहरुलाई पुरुषभन्दा तल्लो स्तरमा राखेर एकदम न्यून बजेटमा फिल्म खेलाइनु लाजमर्दो पक्ष भएको बताएकी हुन्। 'म पनि त्यही हलिउड फिल्म उद्योगकी अभिनेत्री हुँ, जहाँ महिलाहरुलाई प्राथमिकतामा राखिन्न र सँधै पुरुष कलाकार भन्दा तल्लो श्रेणीमा राख्ने गरिन्छ' थेरोनले भनेकी छिन् 'हलिउड फिल्ममा महिला कलाकार हुनु भनेको गुफाभित्रको बासजस्तै हो। जहाँ हरकोहीलाई चाहेर पनि गुफाबाहिर आउने अधिकार हुँदैन।'

यद्दपि १ सय ४९ मिलियन अमेरिकी डलरमा निर्माण भएको महिलाप्रधान फिल्म *वन्डर ओमन (२०१७)* ले भने त्यो धारणा परिवर्तन हुनेमा आफू विश्वस्त रहेको थेरोनले बताएकी छिन्। *वन्डर ओमनले* बक्स अफिसमा ७ सय २४.९ मिलियन अमेरिकी डलर कमाइ गरेको थियो।

*द डेभिल्स एड्भोकेट* (१९९७), *मनस्टर* (२००३), *द इटालियन जब* (२००३), *ह्यान्कक* (२००८), *द फेट अफ द फिउरिएस* (२०१७) जस्ता फिल्ममा अभिनय गरेकी थेरोन अगस्ट २८ मा *अटोमेटिक बोल्डमा* देखिँदै छिन्।


# कामनाको हरेक अंक विशेष अंक




## यस अंकका आकर्षणहरू:

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोबीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

**आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।**

# साहित्य

{ कविता कल्पनाको अभिव्यक्ति हो।
-पर्सी बिल शेली

{ दुःख सत्यलाई भेट्टाउने पहिलो बाटो हो।
- बायरन

# नेपालभाषाका सशक्त कवि पूर्ण वैद्य- २

मोहन दुवाल

कविले अनुभूत गरेका भावनाहरूमा जति-जति मार्मिकता र संवेदनशीलता थपिँदै जान्छ त्यति-त्यति बलियो ढङ्गले उसका रचनाहरू पनि उत्कृष्ट बन्दै जान्छन्। कविता भाव-सीपको सौन्दर्यबाट उत्कृष्ट देखिने हुन्छ। आफूले भोगेका, देखेका, अनुभूत गरेका र ज्ञान-संज्ञान प्राप्त गरेका अनुभव र अभ्यासबाट कविले आफूलाई परिस्कृत र परिमार्जित तुल्याउँदै जाने हो। सरासु (सुनसान रात) मा अनुभूतिहरू टिप्दाटिप्दै आफूलाई सबल बनाइसकेका कवि पूर्ण वैद्यले लः लः खः (पानी पानी हो) कवितासङ्ग्रहमा पानीको शक्ति, मति र रूपलाई लाक्षणिक भाषामा पानीको महानताको बखान गर्दै आफूलाई सफल तुल्याउँदै एकजना नेपालका सबल कविका रूपमा आफूलाई उभ्याइदिएका छन्। यस काव्यकृतिका सम्बन्धमा डा. कमलप्रकाश मल्ल लेख्दछन्- कवि वैद्यलाई यो कवितासङ्ग्रहमार्फत् एक सशक्त, प्रौढ र जीवनप्रति प्रतिबद्ध चिन्तनशील कविका रूपमा चिनाइदिएको छ। यसमा वैचारिक पूर्वाग्रह केही भए त्यो मात्र कविको जीवनप्रति भित्रसम्म गहिरिएर हेर्ने कौतुलहता मात्र हो। पानीमा पनि आँखाले ध्यान दिएर हेर्ने प्रयास हो यो। आफ्नो तेजिला आँखामार्फत उहाँले पानीमा हुने विभिन्न किसिमका सत्य र यथार्थ हेर्दै कल्पनाको गहना लगाई यो महत्वपूर्ण ग्रन्थ अगाडि सार्नुभएको छ। नेपालभाषा काव्यक्षेत्रमा यो एउटा चर्चायोग्य उपलब्धि हो।

कवि पानीकै सम्बन्धमा लेख्छन् :

*लः व खः (पानी त्यो हो*
*गुकिं जःयात पनी मखु (जसले प्रकाशलाई छेक्दैन)*



आफूले देखेको सत्य-तथ्यलाई आफ्नो अनुभूतिको माध्यमबाट अभिव्यक्तिलाई सुन्दर भाषा, शैली, विम्बमा सजाएर कविहरूले कविता कोर्ने गर्छन्। कवि पूर्ण वैद्यले पानीमा आफ्नो दृष्टि राखेर मान्छेको जीवनसँग पानीलाई राखेर तुलना गर्न खोजे। पानीको स्वच्छता, गहनतामा उनी मुग्ध हुँदै पानीले वितरण गरिरहेको समानता, शालीनता र विशालतामा कविता बनाए। पानीलाई प्रतीक बनाएर मान्छेको जीवन नाप्न लालायित कविले यस लः लः खः कवितासङ्ग्रहमा ८४ वटा पानीका सम्बन्धमा लेखिएका कविताहरू प्रकाशित गराएका छन्। पानी त्यो हो देखि एउटा दर्शनसम्ममा विभाजित गर्दै लेखिएका यी कविताहरू धेरै उच्चकोटिका छन्। लः लः खः कवितासङ्ग्रहबाट केही कवितापङ्क्तिहरू यहाँ प्रस्तुत गरिएका छन्।

*छंगु रंग वं (तिम्रो रङ्ग त्यसले)*
*छंगु थलयसं त्वता थकी (तिम्रै थालमा राखेर जान्छ)*
*अन्तत; न्हयाथाय्या न्हयागु हे लः थजु (अन्ततः जहाँकै जस्तो पानी होस्)*
*लः - मात्र लः खः (पानी-मात्र पानी हो)*
*व गुगुं रंग मखु (त्यो कुनै रङ्ग होइन)*
*लः थें (पानीभैँ)*
*थः नं. दक्व वसः त्वःसाः (आफू सबै वस्त्र छोडेर)*
*पचिनागां जुइ मफयेक (सर्वत्र नाङ्गा हुन नसकेसम्म)*
*जिं लःया म्हछिं ब्यायाक्क (मैले पानीको सर्वस्व)*
*स्पर्श काये मफु (स्पर्श लिन सकिनँ)*
*खुसिं अथें हे हाःगुमदु (नदीले त्यसै गाएको छैन)*
*वया पलाः पतिं (उसको कदमसँगै)*
*दाःगु ल्वहँया कठोर लुफिंया हिगू दु (कठोर ढुङ्गाको कठोर ठक्कर चोट)*
*वहे वया मेया अन्तर तरङ्ग खः। (त्यही नै उसका गीतको अन्तरतरङ्ग हो।)*

*लखय् (पानीमा)*
*जिगु किपा गुगु दु (मेरो छाया जुन छ)*
*जि दुगुया छगू सबूद खः व (म भएको एउटा प्रमाण हो त्यो)*
*जिगु परिचयया मौन अभिव्यक्ति ! (मेरो परिचयको मौन अभिव्यक्ति !)*
*लः थः हे फोहर वस्तु खु (पानी आफै फोहोर वस्तु होइन)*
*लः थः हे नवःगु वस्तु मखु (पानी आफैँ गन्हाउने वस्तु होइन)*
*फोहर ला जिगु तुति खः (फोहोर त मेरो खुट्टा हो )*
*वं थःत जक छिंगु जुसा (उसले आफूलाई मात्र हुने भए)*
*फोहरय् नं दुनाः वःगु दु (फोहोरमा पनि डुबेर आएको हो।)*

*नायेगुया परिभाषा (कोमलताको परिभाषा)*
*लः ला खः (पानी त हो)*
*ल्यहँ, पर्वत थें (ढुङ्गा पर्वतलेभैं)*
*इकिधिकि मससें (यताउता नसरेर)*
*लखं गल्ले ध्व जिगु हे थाय् धकाः (पानीले कहिल्यै यो मेरो ठाउँ हो भनेर)*
*वान्यानाच्वंगु मदु। (टाँसेर बसेको छैन।)*

*लःखः (पानी हो)*
*वयात बाः वनेव्यु ! (त्यसलाई बग्न देऊ)*
*गन लः दु (जहाँ पानी छ)*
*व दुने (त्यसभित्र)*
*अन मि नं दु (त्यहाँ आगो पनि छ)*
*च्वापु नं दु (हिउँ पनि छ)*
*धात्थेंला (साँच्चिकै)*
*लः थः गुलि तःजा जुइ (पानी आफू जति अग्लो हुन्छ)*
*गुलि तःब्या जुइ (जति फराकिलो हुन्छ)*
*व उलि हे गम्भीर व मौन जुई। (त्यो त्यति नै गम्भीर र मौन हुन्छ।)*
*न्ह्याथाय् च्वंसां (जहाँ बसे पनि)*
*लखं थःम्हं खंक्व सत्य (पानीले आफूले देखेको सत्य)*
*नवाईः। (बोल्छ।)*

यी माथि उल्लेख भएका कविताका हरफहरूले बताउँछन्- कवि पूर्ण वैद्य सत्य भन्न रुचाउने वास्तविक परिवेशभित्रका मर्मशील कवि हुन्। माणिकलाल श्रेष्ठले लेखेजस्तै भन्न सकिन्छ- शैलीगतरूपमा आधुनिक कविताको आन्दोलन र विचारधारात्मकरूपमा प्रगतिवादी आन्दोलनको संयुक्त उपज पूर्ण वैद्य हो।

मलाई भन्न मन लाग्छ- कविता लेख्नलाई मनको हरियाली सबभन्दा आवश्यक कुरा हो। कवि पूर्ण वैद्यका मनका कुराहरू हरियालीले व्याप्त भएका भावना र अभिव्यक्तिहरू हुन्। काव्यबाट नै कवि चिनिन्छ। भन्न सकिन्छ, कवि पूर्ण वैद्यले कविताका माध्यमबाट उनी सबल कवि हुन् भनेर चिनाएका छन्।

पूर्ण वैद्य कलात्मकरूपमा माझिएको भाषाले प्रभाव गर्न सक्ने रूपमा कविता लेख्छन्। कवि सधैं कविता मानव-कल्पनाका लागि हुनुपर्दछ भन्ने भावना राख्छन्। कवितामा वाद घुसाउनुहुँदैन तर पनि मलाई वाद मनपर्छ भन्ने चेतनामा व्याप्त कवि पूर्ण वैद्यले कवितालाई मान्छेको जीवनजस्तो सृष्टिका रूपमा स्वीकार्ने गर्दछन्। कविताहरूबाट पाठकहरूको भित्री हृदयमा चस्का पसोस्, जसबाट हृदयमा केही न केही परिवर्तन आउन सकोस् भन्ने दृष्टि कविको छ। मलाई लाग्छ, पूर्ण वैद्यका कविताहरूमा सत्यको उद्घाटन भएका छन्। अन्त्यमा कवि पूर्ण वैद्यका कविताहरू पुनः गाउन रुचाइरहेछु :

*अटूट धाःया छगू साहस खः खुसि (अटुट बहावको एउटा साहस हो नदी)*
*आजुइ समर्पित छगू त्यागया नां खः खुसि (उद्देश्यमा समर्पित एउटा त्यागको नाउँ हो नदी)*
*पंगयात नं वं (बाधालाई पनि त्यसले)*
*थःगु धालं थिइ (आफ्नो बहावले छुन्छ)*
*थःगु लक्ष्यया आतुर प्रेरणां प्याकी। (आफ्नो लक्ष्यको आतुर प्रेरणाले भिजाउँछ।)*

सुन्दर अर्थयुक्त पदावलीको काव्यमा प्रयोग गर्ने कवि पूर्ण वैद्यका कविताका हरफहरू भाषा-साहित्यका पृष्ठभूमिमा महत्वपूर्ण हरफहरू बनेका छन्। कवि पूर्ण वैद्यले आफूलाई नेपालभाषाको मात्र होइन, सम्पूर्ण राष्ट्रका कविका रूपमा चिनाएका छन्।

## पुस्तक चर्चा

# योगलालको उपन्यास 'रणभेरी'

ज्ञानमणि नेपाल कालोटोपी

साहित्यकार योगलाल गौतमले आफ्नो नयाँ उपन्यास रणभेरी बजारमा ल्याएका छन्। यो उनको दोस्रो उपन्यास हो। कुनै पनि विषयलाई अति नै रोचक र मार्मिक बनाएर प्रस्तुत गर्न सक्ने खूबी बनाएका गौतमले पछिल्लो यस उपन्यासमा माओवादी द्वन्द्वकालका घटनाहरुलाई जस्ताको तस्तै उतारेका छन्। पढ्दै जाँदा लाग्छ कि म कुनै पुस्तक पढिरहेको छैन, युद्ध नै हेरिरहेको छु वा भोगिरहेको छु जस्तो।



हुन त यसमा समावेश भएका सबै पात्रहरु काल्पनिक हुन्। तर ती सबैले तत्कालीन समाजको प्रतिनिधि भूमिका निभाएका छन्। रणभेरीमा युद्धको कथा छ, सिन्दुर पुछिएका महिलाको कथा छ। घरगोठ र आफ्ना साथीसँगी छोडेर करोडौं सपना बोकेर जनयुद्धमा होमिन जानेहरुको कथा छ। काख रित्तिएका आमाहरुको चित्कार छ। बलात्कार भएका नारीहरुको बिलौना छ अनि दिउँसो सरकारी सेना र रातमा जनसेनाको डर, त्रास र बाध्यतावश उनीहरुले जे भन्यो त्यही मान्न बाध्य गाउँलेहरुको कथा पनि रणभेरीमा अटाइएको छ।

के-के न होला भनेर ज्यान अर्पिए जनताले, राजतन्त्र त गयो अनि गणतन्त्र पनि आयो तर तन्त्र मात्र फेरियो। जनताको दैनिकी भने जस्ताको त्यस्तै छ। अझ खस्किएको छ भन्ने कुराको आभास गराउनु पनि उपन्यास रणभेरीको अर्को विशेषता हो। यसमा लेखकले युद्ध मानव समाजकै लागि कलंक र अभिशाप भएको कुरा प्रस्ट्याएका छन्। संसारमा युद्धकै गीत गाएर नथाक्ने मान्छे, समाज र देशको युद्धप्रवित्तिलाई उत्खनन गरिएको रणभेरीले विभिन्न पात्रका माध्यमबाट नेपाली नागरिकले भोग्नुपरेका घटनाक्रमहरु चित्रित गरेको छ।

हुन त यो उपन्यास भनिएको छ। तर पढ्दै जाँदा पाठकहरु अन्योलमा पर्न सक्ने अवस्था पनि छ। विभिन्न उपशीर्षकहरु दिएर यसलाई कथाजस्तै पारामा प्रस्तुत गरिएको छ। यसमा प्रयोग भएको यो नयाँ प्रस्तुति हो। यसमा आएका पात्रहरु भत्ते, फत्ते, सत्यनारायणलगायत समाजका जल्दाबल्दा पात्र रहेका छन्। पढ्दै जाँदा कतिपय ठाउँमा भावुकता उत्पन्न हुन्छ, कतै दुखद क्षण त कतै रौनकता पनि छ। तर कतिपय ठाउँमा विश्वास गर्नै नसकिने अवस्था पनि छ।

एउटा प्रसंगमा फत्तेकी आमालाई सैनिकहरुले लछारपछार पारेर लैजान्छन्। ४० वर्षीय उसकी आमालाई बलात्कार गर्छन्। ती महिला गर्भवती हुन्छिन्। समाजले उनको गर्भलाई स्वीकार गरेर बच्चा जन्माउने वातावरण बनाउँछ तर यथार्थमा यो निकै कठिन छ। यहाँको समाजले अहिले नै यस्तो अवस्थालाई पचाउन गाह्रो छ। यहाँनिर लेखक केही चुकेका छन्। तर पनि उनको प्रयास भने सकारात्मक नै छ। भाषाशैली र प्रस्तुति सरल र सहज त छ तर अधिकांश ठाउँमा व्याकरणीय कमजोरीहरु पनि देखिन्छन्। यसमा सुधार गर्नु जरुरी छ। समग्रमा उपन्यास राम्रो छ। स्वदेश प्रकाशन प्रा.लि.ले बजारमा ल्याएको रणभेरी ३२५ रुपियाँमा बजारमा किन्न पाइन्छ।

## लघुकथा

# चित्कार

जयकुमार महर्जन

गाउँघरकै पाखापखेरोमा जन्मी हुर्किएकी गौरी कहिलेदेखि रमेशको मायामा परी, ऊ आफैंलाई थाहा थिएन। पँधेरोमा पानी भर्दाखेरि परेको पहिलो नजर उसलाई जीवनभरि याद दिलाउने एउटा नमिठो माध्यम भयो। एक-अर्काबीच बाँच्नै नसक्ने भएका यी जोडीको मनभित्रको चञ्चलता गाग्रो भरेर झरेको पानीझैँ साबित भयो।

एकाबिहानै सबेरै पानी पँधेरोमा चर्चा हुन थाल्यो- गौरी त रमेशसँग भागी रे। सँगै जिउने र मर्ने कसम खाएका यी प्रेमजोडीको तड्पाइ अन्त्यमा वैवाहिक मोडमा गएर पूर्णविराम लाग्यो। रमेशको हातको सिन्दुरले गौरीले सारा कुरा भुल्न थाली, आफ्नो परिवार, साथीभाइ, गाउँघर, पाखापखेरो सारा। निकै खुशी भएकी ऊ रमेशलाई नै सर्वश्व ठान्न थाली।

गौरीलाई अझै पनि केही पत्तो भएको थिएन कि आफू कुन बाटोमा जाँदै छु भनेर। रमेशको मायामा चुर्लुम्म डुबेकी गौरी उसैसँग शहर घुम्न जान निकै आतुर थिई।

गौरी तब झसङ्ग भई जब उसले आफुले आफूलाई एउटा बन्द अध्याँरो कोठामा पाई। उसको श्रीमान् रमेश त अघि नै कता गायब भइसकेका थियो। गौरीलाई अब लाग्न थाल्यो कि रमेशले आफूलाई धोका दिएको रहेछ। उसले आफू कोठीमा बेचिएको छनक पाई। उसले आफ्ना आमाबुबा, साथीभाइ, गाउँघर, पाखापखेरो सम्झिई। ऊ चिच्याई, कराई तर उसको चित्कार त्यहाँ कसैले सुनेन।

पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल

# साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असार ३१ दखि साउन ६ गतेसम्म

**मेष**

यो साताका दिनहरु मिश्रित फलदायक छन्। एक दिन राम्रो भयो भने अर्को दिन नराम्रो होला। त्यसैले धैर्यता र सतर्कता अपनाउनुपर्ने देखिन्छ। चोटपटक, विवाद, आर्थिक नोक्सानीको सम्भावना भएकाले यी कुरामा सावधानी रहनुहोला। धोका पाइने सम्भावना पनि छ। तर सोमबार, मंगलबार र शुक्रबारका दिन कार्य सफल, मान-सम्मान, उपहारादि वस्तु प्राप्ति, धनलाभको सम्भावना छ।

**वृष**

यो साता मिश्रित फलदायक छ। शुरुका दुई दिन शुभ छन्। कतैबाट नगद प्राप्त होला। मिष्ठान्न भोजनको अवसर मिल्ला। सोमबार र मंगलबार भने आर्थिक नोक्सानी, दुर्घटनाको भयका साथै विवादमा परिएला। त्यसपछिका दिनमा कतैबाट उपहार मिल्ला। काममा सफलता एवम् धनलाभ हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबार भने मानसिक चञ्चलता र विनाकाममा खर्च हुनेछ।

**मिथुन**

तपाईंका लागि यस साताका शुरुका दिनहरु धेरै फलदायक देखिन्छन्। आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापार आदिमा सफलता होला। राज्यबाट लाभ, कूटनीतिक प्रयास सफल, धनलाभ, मानसिक सन्तुष्टि हुने देखिन्छ। प्रतिस्पर्धामा विजय नहोला भन्न सकिन्न। तर बुधबार र बिहीबार भने वायुजन्य रोग ग्यास्टिकले सताउन सक्छ। दोडधुप, तनाव एवम् लखतरान परिएला। पारिवारिक विवाद हुन सक्छ।

**कर्कट**

साताको मध्यभाग धेरै उपलब्धिमूलक छ। आँटेका कामहरु पूरा होलान्। साथीभाइ-इष्टमित्रबाट राम्रै सहयोग पाइएला। खाद्यान्न प्राप्तिको सम्भावना छ। बौद्धिक क्षमताको प्रयोगले ठूलै काम बन्नेछ। सामान्य परिश्रमबाट राम्रै आम्दानी होला। तर साताको शुरुका दुई दिन राज्यका तर्फबाट डर, तिर्न बाँकी ट्याक्स तिर्न दबाब, मान-प्रतिष्ठामा कमी आउनेछ भने शुक्रबार चोटपटकको भय छ।

**सिंह**

तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**कन्या**

साताको शुरुका दुई दिन उन्नति हुनेछ। सानै प्रयासबाट राम्रै आम्दानी हुने, मान-सम्मान बढ्ने, आँटेका काम पूरा हुने दिखिन्छ। त्यसपछिका दिनचर्या भने अस्तव्यस्त हुनेछ। पाहुनाले आर्थिक भार बढ्ने, गर्न लागेको कार्य सम्पन्न गर्न गाह्रो पर्ने, पेसा-व्यवसायमा असन्तुष्टि पैदा हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबारचाहिँ आर्थिक लाभका साथै समस्याहरु समाधान हुनेछन्।

**तुला**

तपाईंका लागि यो साताको मंगलबारसम्म शुभ फलदायक छ भने बाँकी दिनहरु त्यति सन्तोषजनक देखिँदैन। शुरुका दिनहरुमा द्रव्यलाभ, खेलकुद, परीक्षा आदिमा सफलता हात लाग्ने, अड्किएका कामहरु पूरा हुने, समस्याको समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख हुने, मान-सम्मान, बढ्ने देखिन्छ। बुधबारबाट भने रोगको भय, काममा बाधा-व्यवधान, आर्थिक नोक्सानी, शारीरिक कष्ट होला।

**वृश्चिक**

यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आइतबारसम्म ग्यास्टिक, वायुजन्य रोगको सम्भावना र काममा असफलता हुने देखिन्छ भने त्यसपछिका दिनहरु उत्तम फलदायक छन्। प्रतियोगिताहरुमा भाग लिएको भए विजय, रोजगारको प्रयासमा सार्थकता, मुद्दामामिलाको टुंगो लाग्ने भएमा जित्ने सम्भावना छ। व्यापारबाट आशातीत आम्दानी हुनेछ। तर शुक्रबार भने रोगव्याधीको भय छ।

**धनु**

साताको मध्य अवधिसम्म दिनहरु हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरु शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, आनन्ददायक सवारीसाधनमा यात्रा हुने सम्भावना छ। सन्तोष होला।

**मकर**

आइतबारसम्म धन-सम्पत्ति प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान पाइने सम्भावना छ। त्यसपछिका दिनहरुमा भने रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान होला। राजनीतिक असफलता, राज्य भय, इज्जत-प्रतिष्ठामा ह्रास नहोला भन्न सकिन्न। त्यसैले सतर्कता अपनाउनुपर्ने हुन्छ। शुक्रबारबाट स्वास्थ्यलाभ हुनेछ भने सुख-सन्तोष, गरेको काम सफल हुनेछ।

**कुम्भ**

साताको अधिकांश दिनहरु त्यति उपलब्धिमूलक देखिँदैन। मानसिक चञ्चलताले के गरौं र कसो गरौंको अवस्था आउन सक्छ। वायु विकारले पेट दुख्ने, आँखा दुख्ने, टाउको दुख्ने समस्या आउन सक्छ। विना उपलब्धिको यात्रा नहोला भन्न सकिन्न। कसैसँग विवादको सामना गर्नुपर्ला। तर साताको मध्य भाग सोमबार र मंगलबार भने आर्थिक लाभ, सम्मानित हुने अवसर, कार्य सफल हुने देखिन्छ।

**मीन**

यो साता तपाईंका लागि मिश्रित फलदायक छ। शुरुका दिनमा खाद्यसामग्री, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। सोमबार र मंगलबार अनि शुक्रबार निरर्थक धन र समयको नोक्सानी, मानसिक चञ्चलता, पेटको स्वास्थ्य समस्या पारिवारिक विवाद होला। बाँकी दिनहरु भने सुख-सन्तोष हुनेछ। आफ्नो व्यवसायबाट केही भए पनि आर्थिक लाभ हुने देखिन्छ।

{ राष्ट्रिय प्रजातन्त्र पार्टी पूर्वराप्रपा र राप्रपा नेपाल दुई पार्टीको एकिकृत स्वरुप भएकोले केन्द्रीय समिति विस्तार र अन्य महत्वपूर्ण निर्णय गर्दा केन्द्रीय तहका सबै नेताहरुसँग परामर्श र सहभागितामा सबै पक्षको सन्तुलित प्रतिनिधित्व र सबैको भावना र चाहनाको प्रतिनिधित्व हुनुपर्ने नेता राणाको भनाइ रहेको छ।



# नेपाल

# राप्रपामा थापामाथि राणा खनिए

## ‘अध्यक्षको एकल बिर्तामा पार्टी रुपान्तरण’

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले शीर्ष नेताहरूसँग परामर्श नगरी एकलौटी ढंगले केन्द्रीय सदस्य मनोनयन गरेको भन्दै वरिष्ठ नेता एवं केन्द्रीय कार्यसम्पादन समितिका सदस्य पशुपति शमशेर राणाले विरोध गर्नुभएको छ। अध्यक्ष थापाले एकलौटी ढंगले केन्द्रीय समिति विस्तार तथा अन्य महत्वपूर्ण निर्णय गरेकाले पार्टीभित्र अनिष्ट र विग्रहको अवस्था पैदा भएको वरिष्ठ नेता राणाको आरोप छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी पूर्वराप्रपा र राप्रपा नेपाल दुई पार्टीको एकिकृत स्वरुप भएकोले केन्द्रीय समिति विस्तार र अन्य महत्वपूर्ण निर्णय गर्दा केन्द्रीय तहका सबै नेताहरूसँग परामर्श र सहभागितामा सबै पक्षको सन्तुलित प्रतिनिधित्व



र सबैको भावना र चाहनाको प्रतिनिधित्व हुनुपर्ने नेता राणाको भनाइ रहेको छ।

अध्यक्ष थापाले हालै ४२ जना केन्द्रीय सदस्य मनोनित गरी केन्द्रीय समिति विस्तार गर्दा मधेस, महिला, आदिवासी, जनजाति, पिछडिएको क्षेत्र एवं समुदाय, दुर्गम क्षेत्र र दलितको समानुपातिक र समावेशी प्रतिनिधित्वको समेत कुनै ख्याल नगरेको वरिष्ठ नेता राणाको आरोप छ। शुक्रबार एक विज्ञप्ती जारी गरी नेता राणाले भन्नुभएको छ- ‘अध्यक्ष थापाको निर्णयप्रति मेरो पूर्ण असहमति छ।

वरिष्ठ नेता राणाले जारी गर्नुभएको प्रेस विज्ञप्तीमा भनिएको छ- केन्द्रीय तहका नेतागणलाई सुइको समेत नदिई एक्कासि अप्रत्यासित रुपमा केन्द्रीय समिति विस्तार गरिएको घटनाले विस्तारअघिको केन्द्रीय समिति र केन्द्रीय कार्य सम्पादन समितिको अस्तित्व र उपस्थितिलाई पूर्ण रूपमा नकारेको मात्र नभइ राप्रपालाई अध्यक्षको एकल विर्तामा रुपान्तरण गरिएको सन्देश प्रवाहित गराइएको छ।

राप्रपाले हालै सम्पन्न स्थानीय निर्वाचनमा पार्टीको सहभागिता र उपलब्धीको समीक्षा गर्न र कात्तिक २ गते हुने २ नम्बर प्रदेशको निर्वाचनमा रणनीति तय गर्न तथा समसामयिक राजनीतिक विषयमा छलफल गर्न साउन ४ गते केन्द्रीय समिति बैठक बस्ने जानाइएको थियो।

# कांग्रेस तीन दिन शोकमा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसले लोकतान्त्रिक आन्दोलनका योद्धा स्वर्गीय रामहरि जोशीप्रति सम्मान प्रकट गर्दै शुक्रबारदेखि आइतबारसम्म ३ दिन पार्टीको केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयहरूमा पार्टीको झण्डा आधा झुकाउनुका साथै साउन १ गते आइतबारका दिन केन्द्र तथा जिल्लाका सबै कार्यालयहरू बन्द गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति शेरबहादुर देउवाको अध्यक्षतामा शुक्रबार बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले नेता जोशीको निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै ३ दिन शोक मनाउने निर्णय गरेको हो। केन्द्रीय समिति बैठकले नेपाली कांग्रेस पार्टीको स्थापना कालदेखिका नेता जोशीको निधनबाट नेपाली कांग्रेस पार्टी स्तब्ध र मर्माहत भएको जनाएको थियो। नेपाली कांग्रेसका पुराना नेता तथा २००७ सालको क्रान्तिका साक्षी एवं पूर्वमन्त्री जोशीको शुक्रबार साँझ काठमाडौंको ग्रान्डी अस्पतालमा उपचारका क्रममा निधन भएको थियो। नेपाली कांग्रेसको स्थापना कालदेखि नै नेपाली राजनीतिमा उहाँ निरन्तर संलग्न रहँदै आउनुभएको थियो। सात सालको क्रान्तिको समयमा प्रचार समितिमा रहेर स्वर्गीय जोशीले स्वदेश तथा विदेशमा प्रजातन्त्रका पक्षमा सम्पर्क स्थापित गर्नुभएको थियो। २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना र २००७ सालको ऐतिहासिक जनक्रान्तिमा अग्रणी भूमिका निर्वाह गर्नुभएका जोशीलाई लोकतान्त्रिक मूल्य पद्धतिप्रति अविचलित आस्था, सादगीपूर्ण जीवन र निष्ठाको राजनीतिको प्रतिमूर्तिका रूपमा लिइन्थ्यो।

पार्टीको वैचारिक र ऐतिहासिक पक्षमा सधै वहस र योगदान गर्दै २०४८ सालमा मन्त्रीको भूमिकामा सरकारमा सहभागी हुँदासमेत सुदृढ नैतिक व्यवहारले पार्टी पंक्ति र नेपाली जनमतलाई जोशीले गहिरो ढंगले प्रभावित गर्नुभएको थियो। केन्द्रको राजनीतिको आकर्षणभन्दा गाउँ र जिल्लाका जनताहरूलाई लोकतान्त्रिक आन्दोलन, अहिंसा र शैक्षिक चेतनाको क्षेत्रमा समेत उत्प्रेरित गर्ने नेताका रुपमा उहाँ परिचित हुनुहुन्थ्यो। स्वर्गीय जोशी २०४८ सालमा सर्लाही निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको थियो भने २०५१ र २०५६ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा पनि सोही क्षेत्रबाट उहाँ पार्टीको उम्मेदवार हुनुहुन्थ्यो। २०४८ मा उहाँ शिक्षा र पर्यटन मन्त्री हुनुभएको थियो। स्वर्गीय जोशी नेपाली कांग्रेसको मुखपत्र नेपाल पुकारको पूर्वसम्पादकसमेत हुनुहुन्थ्यो। प्रजातन्त्र स्थापना र पुर्नस्थापनाका क्रममा स्वर्गीय जोशीले लामो समयसम्म जेलजीवन व्यतित गर्नुका साथै प्रवासमा रहनुभएको थियो। विसं. १९८३ मा सर्लाहीमा जन्मनुभएका स्वर्गीय जोशी सादा र सरल जीवन पद्धतिमा विश्वास गर्नुहुन्थ्यो।





जोशीको निधनपछि उहाँको पार्थिव शरीरलाई शुक्रबार बिहान ११ बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा श्रद्धाञ्जलीका लागि राखिएको थियो। उहाँलाई श्रद्धाञ्जली दिन सभापति लगाएत सबै शीर्ष नेता तथा केन्द्रीय समिति सदस्यका साथै थुप्रै कार्यकर्ताहरू पार्टी केन्द्रीय कार्यालय सानेपा पुगेका थिए। स्वर्गीय जोशीको शुक्रबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

# नेपाल र अस्ट्रेलियाबीच परामर्श संयन्त्र

काठमाडौं, (नेस)

नेपाल र अस्ट्रेलियाबीच आपसी चासोका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा विचार आदानप्रदानका साथै द्विपक्षीय हितका सम्बन्धमा सहकार्य गर्न संस्थागत संरचना स्थापना भएको छ।

नेपाल र अस्ट्रेलियाबीच परराष्ट्र मन्त्रालयस्तरमा शुक्रबार उक्त संयन्त्र स्थापना भएको हो। परामर्श संयन्त्र स्थापनासम्बन्धी समझदारीपत्रमा अस्ट्रेलियाको राजधानी क्यानबेरामा शुक्रबार आयोजित एक कार्यक्रममा परराष्ट्र मन्त्रालयका सचिव शंकरदास बैरागी र त्यहाँका कायममुकायम परराष्ट्रसचिव ग्यारी क्विनलानले हस्ताक्षर गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सो अवसरमा सचिव बैरागीले नेपालको वर्तमान राजनीतिक, सामाजिक तथा आर्थिक स्थितिबारे जानकारी गराउँदै संविधान जारी भएपछि स्थानीय तहको निर्वाचनले तल्लो तहसम्म अधिकार हस्तान्तरण भएको र त्यसबाट महिला, आदिवासी तथा जनजातिको प्रतिनिधित्व गराउन सफल भएको अवगत गराउनुभएको क्यानबेरास्थित नेपाली राजदूतावासले जनाएको छ।

साथै उहाँले राजनीतिक स्थायित्वसँगै नेपालमा विकास तथा लगानीका नयाँ अवसर सिर्जना भएकाले अवसरको सदुपयोग गर्न अस्ट्रेलियाली लगानीकर्ता र व्यापारिक समुदायलाई आग्रह गर्नुभयो।

कामु सचिव क्विनलानले भूकम्पपछिको पुर्ननिर्माणबारे जिज्ञासा राख्दै नेपालसँग व्यापार तथा लगानी अभिवृद्धि गर्न अस्ट्रेलिया सधैं सकारात्मक रहेको बताउनुभयो। संयन्त्रको बैठक हरेक दुई वर्षमा आलोपालो गरी हुने जनाइएको छ ।

## संक्षेप

### कारमै चालकको मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३१ शंखमुल दोभान पुल स्थित सडकमा शुक्रबार पार्किङ गरी राखेको बा १५ च ९९९० नम्बरको कारका चालक सिटमा बसिरहेको अवस्थामा काठमाडौं महानगरपालिका-३१ शंखमुल घर भएका ४२ वर्षीय पुण्यराज पाण्डे मृत फेला परेका छन्।

काठमाडौं, (नेस)। काठमाडौं महानगरपालिका-३२ कोटेश्वर स्थित गणेश मन्दिर नजिक बस्ने बलराम गजुरेलको घरबाट बिहीबार कोही नभएको अवस्थामा नगद २५ हजार र १ दशमलब ५ तोलाको सुनको सिक्रीसमेत गरी करिब १ लाख २५ हजार रुपियाँबराबरको धनमाल चोरी भएको छ। फरार चोरहरूको प्रहरीले खोजतलास गरिरहेको जनाइएको छ।

### कुलेश्वरमा भानुजयन्ती

काठमाडौं, (नेस)

कुलेश्वर आवास परिवार कल्याण संस्था/साहित्य, कला, संस्कृति समाजको आयोजनामा कुलेश्वरमा २०४औं भानुजयन्ती कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

कविगोष्ठी र भानुभक्तका बारेमा चर्चाको क्रममा प्रमुख अतिथि प्राज्ञ गोपिरमण उपाध्यायले भानुभक्तलाई अन्ध परम्परावादी दृष्टिकोण र वैज्ञानिक दृष्टिकोणले हेर्ने गरिएको बताउनुभयो।

गोष्ठी संस्थाका अध्यक्ष लोकनाथ पोखरेलको सभापतित्वमा भएको थियो। कार्यक्रमको उद्घोषण सल्लाहकार विद्यालक्ष्मी श्रेष्ठ र सदस्य त्रिलोचनप्रसाद जोशीले गर्नुभएको थियो। विशेष अतिथि घनश्याम कँडेलले भानुको चर्चा गर्दै कविता वाचन गर्नुभयो। कविता वाचन गर्ने अन्य कविहरूमा आरएम डंगोल, बेटी वज्राचार्य, बैरागी जेठा, मथुरा सैंजू, नानीमैया अधिकारी, अपर्णा केसी. लगायतका कविहरू थिए। कविताको समीक्षा डा. विन्दु शर्माले गर्नुभएको थियो।

# जुवातास खेल्ने पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ बौद्ध सरस्वतीनगर स्थित ५४ वर्षीय श्याम महर्जनको घरमा जुवातास खेलिरहेका महर्जनसमेत ९ जनालाई नगद ७६ हजार ९५ र ४ बुक ताससहित बिहीबार प्रहरीले पक्राउ गरेको छ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

# सौर्य ऊर्जाको ठेक्का तत्काल रोक्न निर्देशन

काठमाडौं, (नेस)

संसदीय समितिले सौर्य विद्युत् उत्पादनसम्बन्धी कार्य तत्काल स्थगन गरी तीन दिनभित्र सम्पूर्ण कागजात उपलब्ध गराउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ।

व्यवस्थापिका-संसद् सार्वजनिक लेखा समितिको शुक्रबारको बैठकले प्राधिकरणले स्थापना गर्न लागेको २५ मेगावाट क्षमताको सौर्य ऊर्जाका सम्बन्धमा भएका काम कारबाही गलत देखिएको भन्दै सम्पूर्ण कागजातको अध्ययनसमेत गर्ने निर्णय गरेको छ।

विश्व बैंकको ऋण सहयोगमा नुवाकोटमा स्थापना हुन लागेको सो सौर्य प्रणाली जडान कार्यका लागि कम बोलकबोल गर्ने कम्पनीलाई नदिई बढी मूल्य राख्नेलाई दिएको भन्दै अधिवक्ता रमेश मैनालीले दर्ता गरेको उजुरीका आधारमा समितिले शुक्रबार सो निर्देशन दिएको हो।

चितवन सामुदायिक माछा दाना उद्योग प्रा. लि.
रत्ननगर, चितवन
मिति २०७४।०३।३१

**बोलपत्र स्वीकृतिको आशय पत्र जारी गरीएको बारे**

यस कम्पनीको प्रस्तावित उद्योग भवन निर्माण संग सम्बन्धित मिति २०७४।०२।३१ गते प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मुल्याँकन समितिबाट प्राविधिक एवं आर्थिक पक्षको मूल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतको लागि पेश भएको ले बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरीएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबुल अंक मु. अ. कर बाहेक |
|---|---|---|---|
| *001-073.074* | *Construction of Building for Fish Feed Industry* | *Pradhan Construction, Sindhupalchowk (300062775)* | *Nrs. 4,91,83,016.22* |

सिनेमा कर्नर

TODAY'S MOVIES
Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Mandira 8:20, 11:20 2:20, 5:20
कमीना 8:20, 11:20 2:20, 5:20
धनपति 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं. फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६







माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**कर्कट** : राज्य सञ्चालकबाट भय, इज्जत-प्रतिष्ठामा धक्का, चिन्ता।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, मान-सम्मान, समस्या समाधान।
**तुला** : द्रव्य लाभ, परीक्षा प्रतियोगितामा विजय, गौरव, सुख-सन्तोष।
**वृश्चिक** : वायुजन्य रोग, कार्य अधुरो, सन्तान कष्ट, शोक-सन्ताप।
**धनु** : पेटमा गडबडी, दौडधुप, परिवारमा विवाद, दिनचर्या अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मानित हुने अवसर, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : धननाश, मानसिक चञ्चलता, खर्च, आँखामा समस्या आउला।
**मीन** : खाद्यान्न प्राप्ति, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।

# नेपाल

'बाजुरामा आपराधिक घटना धेरै हुन थालेका छन्। यस्ता जंगली प्रवृत्ति देखाउने, स्वतन्त्ररुपमा बाटोमा हिँडिरहेका मान्छेलाई कुट्ने, दिनहुँ अपराध गर्ने मान्छेलाई आवश्यक प्रक्रिया पूरा गरी कारबाही गर्छौं। अपराधीलाई कारबाही गर्न प्रहरी एकरत्ति पछि हट्दैन। तर, सबैले प्रक्रिया पुऱ्याउनुपर्छ' -डीएसपी बोगटीले भन्नुभएको छ।

## पत्रकार कुट्ने प्रहरी फन्दामा

**दयाराम पण्डित, बाजुरा**

नेपाल प्रेस युनियन बाजुरा शाखाका अध्यक्ष एवं इमेज च्यानलका बाजुरा संवाददातालगायतका सरकारी अधिकृतलाई कुटपिट गर्ने अपराधीलाई चौबीस घण्टा नबित्दै प्रहरीले नियन्त्रणमा लिएको छ। बूढीनन्दा नगरपालिकाको अंगाउपानी निवासी एवं घटनाका प्रमुख नाइकेका आरोपित भनिएका नर रावतलगायत ५ जनालाई शुक्रबार बिहानै प्रहरीले नियन्त्रणमा लिएको छ।

घटनामा संलग्न भनिएका पाँचै जनालाई प्रहरीले समातेर आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मार्तडीतर्फ ल्याउँदै गरेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख एवं प्रहरी नायब उपरीक्षक दलबहादुर बोगटीले जानकारी दिनुभएको छ। 'बाजुरामा आपराधिक घटना धेरै हुन थालेका छन्। यस्ता जंगली प्रवृत्ति देखाउने, स्वतन्त्ररूपमा बाटोमा हिँडिरहेका मान्छेलाई कुट्ने, दिनहुँ अपराध गर्ने मान्छेलाई आवश्यक प्रक्रिया पूरा गरी कारबाही गर्छौं। अपराधीलाई कारबाही गर्न प्रहरी एकरत्ति पछि हट्दैन। तर, सबैले प्रक्रिया पुऱ्याउनुपर्छ' -डीएसपी बोगटीले भन्नुभएको छ।

घटना भएको चौबीस घण्टा नबित्दै प्रहरीले समातिसकेकाले प्रहरी कार्यालयमा नपुऱ्याउँदासम्म नाम सार्वजनिक गर्न नमिल्ने डीएसपी बोगटीले बताउनुभयो। बिहीबार दिउँसो बाजुराको सदरमुकाम मार्तडीबाट घर फर्किने क्रममा नेपाल प्रेस युनियन बाजुरा शाखाका अध्यक्ष तथा नेपाल पत्रकार महासंघ बाजुरा शाखाका पूर्वउपाध्यक्ष एवं इमेज च्यानल टेलिभिजन बाजुरा संवाददाता छक्कबहादुर मल्ललाई बूढीनन्दा नगरपालिकाको पोरखेको ओरालोमा आफूलाई नेकपा एमालेको कार्यकर्ता हुँ भन्ने केही अज्ञात व्यक्ति समूहले लखेटी-लखेटी सांघातिक आक्रमण गरेको थियो। आक्रमणमा परी मल्लको टाउको र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको छ। उहाँसँगै रहेका बूढीनन्दा नगरपालिकाका कार्यकारी अधिकृत चन्द्रबहादुर शाही, सोही नगरपालिकाका कर्मचारी पदमबहादुर विष्ट, सर्वसाधरण रुद्र मल्ल, मनलाल बडुवाललगायतका बटुवालाई अंगाउपानीको बाटोमा हिँडिरहेका बेला छोपेर कुटपिट गर्दा घाइते भएका हुन्। पत्रकार मल्लको अहिले कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको बताइएको छ।

'म पत्रकार हुँ मार्तडीबाट घर जानलाई आएको हुँ भन्दै थिएँ, मेरो परिचयपत्र पनि देखाएँ, ए तिमी हाम्राविरुद्ध समाचार लेख्ने भनेर शुरूमा मलाई लठ्ठी र ढुंगाले हिर्काए, टाउको जोगाउँदै म जंगलको बाटो भएर भाग्न सफल भएँ अरू साथीहरू केही अगाडि रहेछन् तलतल उनीहरूलाई पनि कुटेछन्' -घाइते अवस्थामा रहेका पत्रकार मल्लले भने। 'हामी बाटोमा हिँड्दै थियौं भोट कसलाई हालेको भनी एमाले भन्ने नर रावतले सोधे, चुनाव सकिसक्यो हामी सरकारी कर्मचारी कसलाई भोट हाल्यौं के भन्न पाएका थियौं, नर रावतलगायतका केही व्यक्ति आएर हामीलाई झम्टिहाले' -घटनाबाट भाग्न सफल भएका मनबहादुर बडुवालले भने।

'कुटपिट गर्नेलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ। पत्रकारलगायत सरकारी अधिकृत कर्मचारी कुटिएका छन्। यो ज्यान मार्ने उद्योग सो सरह हो त्यही किसिमको मुद्दा गर्छौं। अपराधीलाई कानुनी कारबाही हुन्छ' -बूढीनन्दा नगरपालिकका नवनिर्वाचित नगरप्रमुख पदम गिरीले जानकारी दिनुभएको छ।

यसैबीच बूढीनन्दा नगरपालिकाको अंगाउपानी नेकपा एमालेको किल्ला मानिथ्यो। गएको असार १४ को स्थानीय निर्वाचनमा अपेक्षाअनुसारको मत नपाएपछि सोही गाउँका मेयर पदका उम्मेदवार जनककुमार बोहराले कांग्रेसका पदम गिरीसँग हार व्योहोरेका थिए। उंगाउपानीको वडाअध्यक्षमा एक मतको झिनो अन्तरले कांग्रेसले जितेकाले त्यसैको रिसइबी साँध्नका लागि घटना घटाइएको बताइएको छ।

## स्वास्थ्यकर्मीको लापरबाही
# जाँच स्वास्थ्य चौकीमा, औषधी मेडिकलमा



**सन्तोष अधिकारी, गोरखा**

अजिरकोट गाउँपालिका-२ की आशमाया तामाङ एकमहिने सुत्केरी हुन्। सुत्केरीमा पनि विभिन्न स्वास्थ्य समस्या देखिएपछि उनी एक घण्टा पैदल हिँडेर खरिबोट स्वास्थ्य चौकी आइन्। स्वास्थ्य चौकी आइसकेपछि सामान्य चेकजाँचपछि उनलाई नजिककैको मेडिकलमा लगियो। मेडिकल सोही खरिबोट स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी महेन्द्र गुरुङले सञ्चालन गरेका हुन्। स्वास्थ्य चौकीमा औषधी अभावको बहाना गर्दै सोही स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूले मेडिकलबाट औषधी बिक्री गरेर आशमायालाई पठाइयो।

'सुत्केरी भएपछि खाना खानै मन नलाग्ने, मुख सुक्खा हुने, पेट दुख्ने समस्या भइरहयो', आशमायाले भनिन्- 'स्वास्थ्य चौकीमा पेट दुखेको औषधी दियो अरू केके औषधी सबै उता किन्नुपर्छ भनेर लग्यो। अनि किनेर लगेको।' स्वास्थ्य चौकीका कर्मचारीहरूलाई स्वास्थ्य चौकीकै केही औषधीहरू लगेर बिक्रीवितरण गर्ने आरोपसमेत लाग्ने गरेको छ।

'यहाँको औषधी गाउँगाउँमा लगेर बिक्री गर्छन्', एक स्थानीयले नाम उल्लेख नगर्न आग्रह गर्दै भने- 'स्वास्थ्य चौकी इन्चार्ज भर्खर आउनुभएको छ। सबै महेन्द्र गुरुङले जिम्मा लिएको छ। उसले नै मेडिकल चलाएको छ। स्वास्थ्य चौकीमा बिरामी जाँच गरेजस्तो गऱ्यो। औषधी लिन ल जाम भन्दै मेडिकलमा लैजाने चलन छ।' महेन्द्र गुरुङले सञ्चालन गरेको सो मेडिकलमा महेन्द्र नभएको समयमा स्वास्थ्य चौकीका अन्य स्वास्थ्यकर्मीहरूसमेतले पनि औषधी बिक्रीवितरण गरिदिने गरेका छन्।

मेडिकल सञ्चालक गुरुङले भने स्वास्थ्य चौकीमा नभएको औषधी मेडिकलबाट दिने गरेको स्वीकार गरे। 'स्वास्थ्य चौकीमा ३५ थरीका औषधी छन्', गुरुङले भने- 'मेडिकलमा धेरै प्रकारकै औषधीहरू हुन्छन् यता जाँच गर्दा आवश्यक औषधीहरू भएन भने उताबाट दिने गरेको हो।'

उनै गुरुङले आफ्नै केही स्टाफले झोलामा औषधी ल्याएर स्वास्थ्य चौकीमै बिक्री गर्ने गरेको स्वीकार गरे। उता जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाका प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक केदारराज पराजुलीले भने- 'यसबारेमा जनस्वास्थ्य कार्यालयमा जानकारी छैन। कार्यालयले यसबारे छिट्टै सोधबुझ गर्छ।'

## दुई मिनेट

### हत्यारालाई सर्वस्वसहित जन्मकैद

ताप्लेजुङ, (नेस)

ताप्लेजुङमा कार्यसम्पादनकै क्रममा हत्या गरिएका वनरक्षक गणेश शाहीको हत्याका अभियुक्तलाई जिल्ला अदालत ताप्लेजुङले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको छ। मिक्वाखोला गाउँपालिका निवासी टेकबहादुर लिम्बुलाई जिल्ला न्यायाधीश अशोककुमार बस्नेतको इजलासले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको हो।

हत्यामा संलग्न नागथाने भनिने दावा शेर्पालाई ८ महिना कैद तथा प्रमाण नष्ट गर्न भूमिका खेलेका देउकला लिम्बु, रामबहादुर लिम्बु र रिया भन्ने सोनिसा लिम्बुलाई जनही २० रुपियाँ जरिवानाको सजाय सुनाएको छ। गत पौष १७ गते इलाका वन कार्यलय खोक्लिङमा कार्यरत वन रक्षक शाहीको घाँटी रेटी हत्या भएको थियो।

### प्रहरीमाथि हातपात

बाजुरा, (नेस)

नेकपा एमालेका केन्द्रीय सदस्य लालबहादुर थापाको नेतृत्वमा गएको समूहले अदालतको सुरक्षामा खटिएका प्रहरी जवानमाथि हातपात गरेको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय मार्तडीको सुरक्षार्थ खटिएको बेला उनीमाथि हातपात भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय स्रोतले बताएको छ।

हातपात भएका प्रहरी सामान्य घाइते छन्। नेकपा एमाले केन्द्रीय सदस्य लालबहादुर थापा आफैं उनीमाथि जाइलागेको प्रत्यक्षदर्शीले बताएका छन्। बूढीगंगा नगर कार्यसमितका लागि नेपाली कांग्रेसले बूढीनन्दा नगरपालिका नगर सदस्यका लागि दलित समावेशी कोटाबाट नन्दलाल विक र जनजाति कोटाबाट मंगल थापाको मनोनयन दर्ता गरेको थियो। विक सप्रोस नेपालको जागिरे र थापा जनजाति नभएको भन्दै नेकपा एमालले उनीमाथि दाबी विरोध गरेको थियो।

### ७० लाखको सुन बरामद

हेटौंडा, (नेस)

मकवानपुर प्रहरीले करिब ७२ लाख मूल्य बराबरको अवैध सुन बरामद गरेको छ। हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोस्टमा काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको ना१ज ४०२९ नम्बर सुमो चेक गर्ने क्रममा सुमोका यात्रुबाट ७० लाख ५९ हजार मूल्य बराबरको सुन बरामद गरिएको हो। सुनसहित भारतीय नागरिक पक्राउ परेका हुन्।

बिहार थाना रक्सौल पूर्वी चम्पारण जटियाही पोष्ट जकियारी बस्ने वर्ष ३५ का सुमन कुमारले भन्सार छली ल्याएको १ सय ३० तोला (१ किलो ५ सय १६ ग्राम) बरामद गरिएको प्रहरीले जनाएको छ। सुन र सुमनलाई आवश्यक कारबाहीका लागि शुक्रबार राजस्व अनुसन्धान विभाग मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बारामा बुझाइएको छ। बिहीबार राति करिब साढे ७ बजे सुन बरामद गरिएको हो।

### ३ सय ९७ ले खर्च विवरण बुझाएनन्

रसुवा, (नेस)

वैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय तहको चुनावमा प्रतिस्पर्धा गरेका ३ सय ९७ उम्मेदवारले निर्वाचन खर्च विवरण नबुझाएको पाइएको छ। निर्वाचन घोषणा भएको ३० दिनभित्र खर्च विवरण सार्वजनिक गर्नुपर्ने भए पनि हालसम्म १ सय २० जनाले मात्र खर्च विवरण बुझाएका हुन्। जिल्ला निर्वाचन अधिकारी नवीन खालिङका अनुसार विवरण नबुझाउनेलाई कानुनअनुसार निर्वाचनमा भएको खर्च निर्वाचन कार्यालयले असुल गर्नेछ।

पाँचवटा गाउँपालिका रहेको रसुवामा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नयाँ शक्ति पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्रबाट ५ सय १७ उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। निर्वाचन अधिकारी खालिङले भन्नुभयो- 'कानुनमा सदस्यले डेड लाख र प्रमुख तथा उपप्रमुखले साढे ३ लाख खर्च गर्न गर्न पाउने व्यवस्था छ त्यहीअनुसार खर्च रकम असुल हुन्छ।'

### हेटौंडामा एक अर्बको मन्दिर

हेटौंडा, (नेस)

पर्यटकीय र धार्मिक विकासमा टेवा पुग्ने गरी हेटौंडामा करिब १ अर्ब रुपियाँ लागतमा अन्तर्राष्ट्रियस्तरको मन्दिर निर्माण हुने भएको छ। राधा माधव समिति, नेपालले हेटौंडा-१७, हटिया जुरेथुममा यस युगका पञ्चम मूल जगत्गुरु कृपालुजी महाराजको नित्य निकुञ्ज लीला प्रवेशोपरान्त उहाँको स्मृतिमा 'दिव्य समाधि मन्दिर' निर्माण गर्न लागेको हो।

मन्दिरको आज ३१ गते प्रधानन्यायाधीश गोपाल पराजुलीले शिलान्यास गर्ने तिथि तय भएको समितिका संगठन विभाग प्रमुख किरण भण्डारीले बताए। समितिको नाममा रहेको करिब पौने ३ बिघा जग्गाको २ हजार वर्गफिटमा मन्दिर निर्माण गर्न लागिएको छ।

# हत्यारालाई जन्मकैदको माग गर्दै मौन जुलुस

**नरेन्द्र केसी, दाङ**

तुलसीपुरका व्यापारी राजकुमार श्रेष्ठसँगै अपहरणपश्चात हत्या गरिएका घोराही उपमहानगरपालिका-१२ का रणबहादुर घर्तीका परिवार, शुभचिन्तक तथा आफन्तले हत्यारालाई फाँसी या जन्मकैदको फैसला नभएसम्म लास नबुझ्ने भन्दै सदरमुकाम घोराहीमा मौन ऱ्याली निकालेका छन्।

पीडित परिवार तथा आफन्तले हत्यारालाई फाँसी, पीडित परिवारलाई राहत तथा क्षतिपूर्ति, श्रीमतीलाई रोजगारी तथा छोराछोरीलाई निःशुल्क शिक्षो माग गर्दै घोराहीको ट्राफिकचोकबाट शुरू भएको मौन ऱ्याली बजार परिक्रमा गरी, जिल्ला प्रहरी कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालय पुगेर धर्ना दिई समापन भएको थियो। मौन ऱ्यालीमा हत्या गरिएका घर्तीका बुबाआमा, श्रीमती छोराछोरी छिमेकी तथा आफन्त र शुभचिन्तक सहभागी थिए।




जेठ २६ गते काम विशेषले रुकुम जाँदै गरेका घर्तीलाई तुलसीपुरका व्यापारी राजकुमार श्रेष्ठलाई अपहरण गर्ने समूहले सल्यानको रिमबाट अपहरण गरेको थियो। श्रेष्ठलाई अपहरण गर्न पूजा घर्तीलाई प्रयोग गरेको समूहले श्रेष्ठ अपहरणको पोल खुल्ने डरले घर्तीलाई समेत अपहरण गरी हत्या गरेको खुलेको छ। घर्तीको शव दुई दिन पहिले मात्र सल्यानको छत्रेश्वरी गाउँपालिकाको जंगलमा श्रेष्ठलाई हत्या गरेको स्थानभन्दा केही पर भेटिएको थियो।

पीडित परिवारजनले श्रेष्ठलाई पैसाका लागि अपहरण गरे पनि रणबहादुर अनाहकमा अपहरणमा परी हत्या भएको भन्दै सरकारलाई हत्यारालाई फाँसी दिन माग गरेका हुन्। सरकारले श्रेष्ठको शव हेलिकोप्टरमा दाङ ल्याएको भए पनि घर्तीको शव परिवारले आफ्नै खर्चमा दाङ ल्याएका थिए। हाल राप्ती उपक्षेत्रीय अस्पतालमा राखिएको लास बुझ्न परिवारले मानेका छैनन्।

प्रहरीले शुरूमा घर्तीसमेत अपहरणकारीको समूहका सदस्य रहेको हुन सक्ने बताएको भए पनि घर्तीको हत्या र पक्राउ परेका हत्याराको बयानबाट घर्ती निर्दोष भएको पत्ता लागेको छ। घर्तीलाई छाड्दा आफूहरू पक्राउ पर्न सक्ने आशंकामा अपहरणकारी समूहले घर्तीको समेत हत्या गरेको बयान दिएका छन्। प्रहरीले लामो अनुसन्धानपछि राजकुमार श्रेष्ठ तथा रणबहादुर घर्तीको अपहरण तथा हत्यामा संलग्न सल्यान झिम्पे कोरबाङ-५ घर भई हाल दाङको साविक हेकुली-६ बालापुर बस्ने ३७ वर्षीय मानबहादुर भण्डारी, तुलसीपुर उपमहानगरपालिका-८ का भूपेन्द्र भण्डारी, तुलसीपुर उपमहानगरपालिका-६ स्याउली बजारका ३९ वर्षीय टीकाराम घर्ती, उनकी १८ वर्षीया छोरी पूजा घर्ती र तुलसीपुर उपमहानगरपालिका-११ का खुमबहादुर केसी, तुलसीपुर उपमहानगरपालिकाकै अविरल महतरा, नारायण वली, मनबहादुर पुन, घोराही उपमहानगरपालिकाका जमा पुनलगायतलाई पक्राउ गरेको छ।

## नवजात शिशु जोगाउन एकीकृत कार्यक्रम

वीरेन्द्रनगर, (नेस)

उच्च बाल मृत्युदर घटाउने उद्देश्यले मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रम सञ्चालन भएको छ। ५ वर्षमुनिका बालबालिकालाई बचाउनका लागि नेपालमै पहिलोपटक क्षेत्रीय अस्पतालमा यो कार्यक्रम सञ्चालन भएको हो। कार्यक्रमअन्तर्गत नवजात बच्चालाई केके रोगहरू लाग्छन्, उनीहरूलाई कसरी उपचार गर्ने, आफूले उपचार गर्न नसके कति बेला रिफर गर्नेजस्ता कुराको ज्ञान स्वास्थ्यकर्मीलाई दिइन्छ। समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रमका लागि मध्यपश्चिम क्षेत्रीय अस्पतालमा तालिम केन्द्र पनि स्थापन गरिएको छ।

केन्द्रले प्रशिक्षक र प्रशिक्षार्थी गरी अहिलेसम्म सय जना स्वास्थ्यकर्मीलाई तालिम दिइसकेको तालिम केन्द्रका प्रमुख बालरोग विशेषज्ञ डा. नवराज केसीले जानकारी दिनुभयो। उहाँले जनशक्ति विकास गरेको, बालरोग वार्ड निर्माण गरेको, अस्पतालमा एनआईसीयू सेवा शुरू गरिएको र वाल उपचारको सेवालाई वृद्धि गरिएको समेत बताउनुभयो।

# झोलाको आम्दानी डोकोमा पुग्नुपर्नेमा जोड

**नेपाल समाचारपत्र**

लमजुङ

जिल्लाबासीले झोलाको आम्दानी डोकोमा हुनुपर्ने वातावरण मिलाइदिन जिल्ला समन्वय समितिसँग माग गरेका छन्। जिल्ला समन्वय समितिले आयोजना गरेको सार्वजनिक सुनुवाइमा सहभागी उत्तरी लमजुङका नागरिकले प्रशस्त सम्भावनाको क्षेत्रमा बसेर पनि आफूहरू ओझेलमा परेको भन्दै झोलाको आम्दानी डोकोमा हुनुपर्ने माग गरेका हुन्।

सामुदायिक रेडियो मर्स्याङ्दीको र त्रिशक्ति महिला सञ्जालको समन्वयमा जिल्ला समन्वय समिति, कृषि विकास कार्यालय र पशुसेवा कार्यालयको सेवा प्रवाहको विषयलाई लिएर सार्वजनिक सुनुवाइ आयोजना गरिएको थियो। कार्यक्रममा सहभागी सिमपानी निवासी टीकाराम पौडेलले कार्यालयमा आफ्ना गुनासा मात्रै पुग्ने तर त्यसको कार्यान्वय र समाधानमा कुनै पहल हुने गरेको अनुभूति गर्न नपाएको बताउनुभयो।

सदरमुकामबाट उत्तरी लमजुङ जोडिएका अधिकांश सडकहरू मापदण्ड विपरीत रहेको भन्दै उहाँले मानवीय हिसाबले समेत जोखिम रहेको उहाँको भनाइ थियो। उहाँले सिलिङविना बजेट तोक्दा कुन शीर्षकमा कति बजेट आयो भन्नेतर्फ स्थानीय जनता अनभिज्ञ रहने गरेको पनि गुनासो गर्नुभयो। सोही गाउँपलिका-९ की भुवनेश्वर भण्डारीले जिल्लाको उत्तरी क्षेत्रका महिलालाई उद्यमशीलतामा अग्रसर बनाउन कुनै पहल हुन नसकेको भन्दै महिलामैत्री उद्यमशीलताका तालिम ल्याउन आग्रह गर्नुभयो।

स्थानीय लेखमान कतिलाले बेंसीशहर-खुदी सडकअन्तर्गत सारिङको पहिरो व्यवस्थापनमा हरेक वर्ष बजेट आउने तर कति बजेट आयो र कति काम भयो भन्ने स्थानीयको सधैं चासोको विषय बनेको तर कहिल्यै थाहा नपाइएको बताउनुभयो। खुदीका विमल पौडेलले हाइड्रोमैत्री जिल्ला घोषणा भइसकेको अवस्थामा पनि लक्षित वर्गले १० प्रतिशत शेयर नपाएको र गाउँपालिका बनेसँगै कृषिका सामग्री लिन जिल्ला धाउनुपर्ने बाध्यता किन रहिरहेको छ भन्ने जिज्ञासा व्यक्त गर्नुभएको थियो।

पछिल्लो समयमा लोडसेडिङमुक्त भनिने यस जिल्लामा विद्युत् अनियमितका कारण यस क्षेत्रका उद्योगी व्यवसायी ठूलो मर्कामा परेको उहाँको गुनासो थियो।

स्थानीय बाबुराम भण्डारीले गाउँपालिकाको परिषद्मा समेत जनता बेखबर बनेको भन्दै योजना निर्माणकार्यमा आफूहरूलाई पन्छाइएको गुनासो गर्नुभएको थियो। उहाँले यस क्षेत्रका योजनाहरू कार्यान्वयनको सवालमा उचित अनुगमन हुन नसकेको र अनुगमनको सिफारिस नै नगरी योजना फरफारक हुने गर्नुको रहस्या आफूले नबुझेको बताउनुभयो।

स्थानीयको गुनासो सुनिसकेपछि प्रमुख जिल्ला अधिकारी युवराज मैनालीले जनताको समस्यालाई उचित सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। विद्युत्को समस्याबारे खबरदारी र सचेत गराउन जनता लाग्नुपर्ने भन्दै उहाँले जिल्लाको हरेक क्षेत्रको विकास गर्न र गुणस्तर निर्धारणमा आफूहरू पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो। जिल्ला इन्जिनियर गौरी कुमारले बेंसीशहर हुँदै मनाङको बाटो सडक डिभिजनले हेर्ने भन्दै स्थानीयको समस्या समाधानमा आवश्यक पहल गर्ने बताउनुभएको थियो।

जिल्ला कृषि विकास कार्यालयका बरिष्ठ कृषि विकास अधिकृत कृष्णभद्र अधिकारीले अलैंची बगानको व्यवस्थापन नहुँदा कीरा लाग्ने समस्या बढेको बताउनुभयो। वरिष्ठ पशु विकास अधिकृत लक्ष्मण ढकालले पछिल्लो समय अनुवंशीकी संरक्षण कार्यक्रम लागू गरेको भन्दै जनताका सेवामा लाग्ने बताउनुभयो।

२०७४, असार
शनिबार
३१

पेट तथा खुट्टा सुनिने रोगबाट पीडित धनबहादुर विगत ४ महिनादेखि उपचारको पर्खाइमा छन्। उपचारका लागि उनको पर्खाइ निराशामै रहिरहेको छ। उनी अहिलेसम्म आफन्त नहुँदा उपचारका लागि अस्पतालसम्म पुग्न सकेका छैनन्।

# नेपाल

## ग्यास कि बम ?

कृष्णउदास खनाल, वीरगन्ज

खाना पकाउनका लागि अति आवश्यक पर्ने ग्यास पछिल्ला दिनमा बिस्फोट हुँदा सर्वसाधारण नागरिकहरूको ज्यानसमेत जाने गरेको छ।

मुलुकको आर्थिक नगरीको समेत उपमा पाएको वीरगन्जमा ग्यास विस्फोट भएर नागरिकहरूको ज्यानै त आजसम्म गएको छैन तर यस्तै लापरबाही भइरहने हो भने ग्यास विस्फोटबाट ज्यान गुमाउन बाध्य हुने अवस्थासमेत सृजना हुनेमा सरोकारवालाहरूले चिन्ता जनाएका छन्। पर्सा प्रहरीका अनुसार कमसल खालको ग्यास विस्फोट हुँदा एक दर्जन नागरिकहरू भने पर्सामा घाइते भइसकेका छन्। पछिल्लोपटक शुक्रबार वीरगन्ज महानगरपालिका-१६ नगवामा खाना पकाउने ग्यास अचानक विस्फोट हुँदा दुई जना गम्भीर घाइते भएका छन्। खाना पकाउने क्रममा अचानक ग्यास विस्फोट हुँदा २६ वर्षीय नन्दलाल पण्डित र उनका ६ वर्षीय छोरा श्याम पण्डित गम्भीर घाइते भएका हुन्। घाइते दुवैको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

उनीहरूको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। यद्यपि उनीहरू खतरामुक्त रहेको नारायणी उपक्षेत्रीय अस्पतालको आकस्मिक कक्षले जनाएको छ। वीरगन्जका नागरिकहरू लगभग सबैको घरमा ग्यासका सिलिन्डरहरू रहने गरेको पाइएको छ। तर यी सिलिन्डरहरू थोत्रो हुने गरेका कारण विस्फोटको खतरा बढी हुने गरेको पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर जोशी बताउँछन्। उनी पुराना सिलिन्डरको प्रयोगमा नै कमी गर्नुपर्नेमा सुझाव दिन्छन्।

प्रहरी कार्यालयमा ग्यासको विषयमा उजुरी नै पर्ने नगरेका कारण कारबाही गर्न पनि नसकिएको उनको दाबी छ। मनोज ग्यासका सञ्चालक उद्योगी मनोजकुमार दासे उपभोक्ता आफैं सचेत हुनुपर्नेमा जोड दिन्छन्। आफूहरूले बजारमा नयाँ सिलिन्डर पठाउने गरेको भए पनि धेरै समयसम्म सिलिन्डर बजारमा नै रहँदा र जथाभावी सिलिन्डर फालिँदा थोत्रो हुने गरेको उनको तर्क छ।

ग्यासको सिलिन्डर खरिद गर्दा राम्रोसँग हेरेर मात्रै खरिद गर्न पनि उनले सुझाव दिएका छन्। वीरगन्ज बजार क्षेत्रमा खास गरी मनोज ग्याससहित नारायणीलगायतका ग्यासहरू उपभोक्ताहरूले उपभोग गर्ने गरेका छन्। उपभोक्ताहरूको भान्छामा रहने ग्यासको जथाभावी प्रयोग नगर्न र सबै सचेत भएको खण्डमा मात्रै ग्यासबाट हुने क्षतिमा कम गर्न सकिने सरोकारवालाहरूले बताएका छन्।

## सरकारी गोदामबाट व्यक्तिगत रासायनिक मलको कारोबार

नेपाल समाचारपत्र
बाँके

राष्ट्रिय बिउबिजन कम्पनी, नेपालगन्जका प्रमुख मेहदी हसनले सरकारी गोदाममा व्यक्तिगत रासायनिक मल राखेको खुलासा भएको छ। प्रमुख हसनले आफ्नै कार्यालयका धेरै कर्मचारीलाई गोप्य राख्दै गोदाममा ४ सय बढी बोरा मल राखेको खुलासा भएको हो। शुक्रबार महालेखाको टोली नेपालगन्ज आउँदै छन् भन्ने थाहा पाएपछि हसनले मललाई रातारात ट्रकमा लोड गरेर खजुरातर्फ लगेका छन्।

बिउबिजन कम्पनीले नेसनल ट्रेडिङको गोदामलाई भाडामा लिएको छ। मासिक ४० हजार रुपियाँ भाडामा लिइएको गोदाममा हसनले व्यक्तिगत मल राखेका हुन्। महालेखाको टोलीले अनुगमन गर्दा पोल खुल्ने डरले बिहीबार साँझ मललाई अन्यत्र सारिएको छ। लु१ख ८६८५ नम्बरको ट्रकमा एक दर्जन मजदुरले ४ सय १० बोरा युरिया र डीएपी मल लोड गरेका थिए। प्रतिबोरा ५० किलोका छन्। स्रोतका अनुसार, एक सहकारी सञ्चालकलाई १० बोरा मल त्यहींबाट बिक्री गरिएको थियो।

प्रमुख हसनले सरकारी गोदाममा



केही दिन साथीको मल राखेको स्वीकार गरेका छन्। 'खजुराका ओमप्रकाश प्याकुरेलको मल हो, उसले आफ्नो गोदाम भरिभराउ छ। केही दिन राखिदेऊ न भनिपछि मैले राखिदिएको हुँ', हसनले भन्नुभयो- 'साथीले केही दिन मल राख्न देऊ न भनिसकेपछि र आफ्नो गोदाम पनि खाली रहेकाले नाइँ भन्न सकिनँ।'

प्याकुरेलले ३/४ दिनका लागि भनेपछि मल राख्न दिएको स्वीकार गरेका हसनले ५/६ दिनमा बिहीबार सार्न लगाएको बताउनुभयो। 'हिजो नै फोन गरेर छिटो मल सार्न भनेको थिए, आज लगेछ, मैले त बल्ल थाहा पाएँ' -हसनले नेपाल समाचारपत्रसँग भन्नुभयो। स्रोतका अनुसार, उक्त मल १५/१६ दिनदेखि त्यही गोदाममा राखिएको थियो।

बिउबिजन कम्पनीका प्रमुख हसनले मलको कारोबार गर्ने गरेको चर्चा बाहिर आएको थियो। बाँकेका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थसम्म उजुरी पुगेपछि सोधीखोजी गरिएको थियो। प्रजिअ पन्थले हसनलाई फोन गरेर वास्तविकता बताउन भनेका थिए। प्रजिअ पन्थले हसनले साथीको मल केही दिनका लागि राखिदिएको बताएको जानकारी दिनुभयो। सरकारी गोदाममा व्यक्तिगत मल राख्ने काम भने गलत भएको प्रजिअ पन्थले बताउनुभयो।

रासायनिक मल बिक्रीवितरण गर्न कृषि सामग्री संस्थानले मात्रै पाउँछ। त्यो पनि अनुदानको मल। जिल्ला कृषि कार्यालयका सूचना अधिकारी धनबहादुर पुनले कृषि सामग्री संस्थानबाहेक सरकारी निकायबाट मल बिक्रीवितरण भएमा त्यो गलत भएको बताउनुभयो।

किसानले समयमा र सहजै मल पाउँदैनन्। सीमावर्ती जिल्ला भएकाले बाँके र बर्दियाका किसानले भारतबाट मल ल्याउने गर्दछन्। संस्थानले दिएको अनुदानको बिउ सबै किसानसमक्ष नपुगेको गुनासो आउने गर्दछ।

## उपचारको पखाईमा धनबहादुर

दीपेन्द्र शर्मा, जाजरकोट



भेरी नगरपालिका-२ डिंगा जाजरकोटका ६८ वर्षीय धनबहादुर दमाईं बिरामी भएर थला परेको धेरै भयो। पेट सुन्निने तथा खुट्टा सुन्निने रोगबाट पीडित दमाईं आफ्नो बस्ने बाससमेत नहुँदा अरूकै घरमा सहारा लिइरहेका छन्। धनबहादुरलाई औषधि उपचारका लागि अस्पतालसम्म पुर्‍याइदिने आफन्त अहिले कोही पनि भेटिएका छैनन्। गरिबीका कारण उनले अहिलेसम्म कुनै उपचार पाउन नसकेर गाउँमै थला परेका छन्।

पेट तथा खुट्टा सुनिने रोगबाट पीडित धनबहादुर विगत ४ महिनादेखि उपचारको पर्खाइमा छन्। उपचारका लागि उनको पर्खाइ निराशामै रहिरहेको छ। उनी अहिलेसम्म आफन्त नहुँदा उपचारका लागि अस्पतालसम्म पुग्न सकेका छैनन्।

सम्पत्तिको नाममा एक सुको पनि नभएका धनबहादुर कहिले गाउँलेको घर तथा कहिले गोठको छपरामा बस्ने गरेको बताउँछन्। 'बिरामी भएको चार महिना भयो, आफूसँग एक पैसा पनि छैन, शरीर भनेको दिनप्रतिदिन सुन्निदै जान्छ, कहाँ र कसरी उपचार गरूँ, आफैं हिँड्न सक्दिनँ अस्पतालसम्म पुर्‍याइदिने कोही छैन कसरी उपचार पाऊँ' -उनले भने। उपचारका लागि कतै जाने पनि कोही आफन्त नभएकाले अहिलेसम्म अस्पतालसम्म पुग्न नसकी पीडा सहेर बस्नुपरेको धनबहादुर बताउँछन्। 'कसैले अस्पतालसम्म पुर्‍याएर सहयोग गरे आफ्नो रोग सन्चो हुन्थ्यो कि, अहिले खुट्टा र पेट सुन्निदा हिँडडुल गर्न पनि सक्दिनँ, खाना खान पनि मलाई निकै समस्या भएको छ' -उनले भने। घरबास र खानेकुरा केही नहुँदा यो अवस्थामा मागीमागी पेट पाल्नुपरेको धनबहादुरले बताए।

सरकारले गरिब तथा अति विपन्न नागरिकहरूका लागि नि:शुल्क उपचारको घोषणा गरे पनि धनबहादुर त्यस्तो सेवा पाउनबाट वञ्चित भएका छन्। आफ्नो घर जग्गा जमिन केही नभएका धनबहादुर अहिले कहिलेकाहीं छिमेकी कुमारो दमाईंको घरमा शरण लिइरहेका हुन्छन्।

उनले आफूसँग नागरिकता नभएकाले सरकारले दिने भनेको वृद्धभत्ता पनि पाउन सकेका छैनन्। नागरिकता भएको भए वृद्धभत्ताबाट पाएको रुपियाँले आफ्नो उपचारमा सहयोग पुग्ने उनको आश निरासमा परिणत भएको छ। धनबहादुरले आफ्नो उपचारमा सहयोग गरिदिन सबैसँग आग्रह गरेका छन्। सबैको सहयोग भएमा आफूले उपचार पाउने भन्दै सरकारी तथा गैरसरकारी निकाय सबैमा उपचारमा सहयोग गरी बचाइदिन आग्रह गरेका छन्।

## २५ लाख ठगी गर्नेलाई प्रहरीले भेटेन

काभ्रे, (नेस)

सिंगापुरबाट इलेक्ट्रोनिक सामानहरू ल्याई नेपालमा होलसेल व्यापार गर्ने भन्दै नालाका एक युवकसँग २५ लाख रुपियाँ ठगी गरी फरार रहेका बनेपाका सुरज श्रेष्ठलाई जिल्ला अदालत काभ्रेले पक्राउ गर्न आदेश दिएको ६ महिना बितिसक्दा पनि जिल्ला प्रहरी कार्यालय काभ्रेले पक्राउ गर्न सकेको छैन।

आफ्नो ग्लोबल टच इन्टरनेसनल कम्पनी भएको र सिंगापुरबाट इलेक्ट्रोनिक सामानहरू ल्याउने भन्दै हाल बनेपा-१० निवासी सुरज श्रेष्ठले बनेपा-१, टुकुचा नाला निवासी माधवनारायण श्रेष्ठसँग पटकपटक गरी २५ लाख रुपियाँ ठगी गरेका थिए। २०६६ सालदेखि विभिन्न प्रलोभन देखाएर उक्त रकम ठगी गरेको भन्दै मुद्दा हालेका थिए। अदालतले पक्राउ पुर्जी जारी गरेको श्रेष्ठले माधवनारायणसँग २५ लाख रुपियाँ लिएको भनी तमसुकसमेत गरेका थिए भने उनले दिएको चेक बाउन्स पनि भएको थियो।

यसअघि सुरज श्रेष्ठले आफ्ना दाजु हेलम्बु यायायात सेवा समितिको अध्यक्ष भएकाले प्रहरी प्रशासन सबै मिलाउने भन्दै आफूलाई कसैले केही गर्न नसक्ने भन्दै धम्की दिएको माधवनारायणले बताएका छन्। 'सुरजलाई दिनका लागि आफूले सफल बचतबाट लिएको ५ लाख रुपियाँको ब्याज १५ लाखभन्दा बढी भइसक्यो उसले अझै पैसा फिर्ता दिएको छैन', माधवनारायणले नेपाल समाचारपत्रसँग दु:खेसो गर्दै भने- 'घरजग्गासमेत बिक्री गरेर दिएको पैसा नपाएपछि अदालतमा न्याय माग्न गएँ।'

जिल्ला अदालतले २०७२ फागुन २ गते सुरजसँग ३ हजार रुपियाँ बिगोसहित सावाँब्याज भराउने आदेश दिएको थियो। जिल्ला अदालतको आदेशविरुद्ध सुरज पुनरावेदन गए पनि पुनरावेदनले जिल्लाको फैसलालाई सदर गरेको थियो। त्यसपछि २०७३ माघ २६ गते निज सुरजलाई पक्राउ गरी अदालतमा पेस गर्न आदेश दिए पनि अहिलेसम्म फरार रहेको प्रहरीले जनाएको छ।

## प्युठानमा डेढ लाख बिरुवा रोपिँदै

नेपाल समाचारपत्र
प्युठान



प्युठानमा यस वर्ष १ लाख ५० हजार बिरुवा रोपिँदै छन्। जिल्ला वन कार्यालयले जिल्लाका निजी एवं सामुदायिक वन समूहलाई नि:शुल्क बिरुवा वितरण गरेर डेढ लाख बिरुवा रोप्ने तयारी गरेको हो।

जिल्लाको बार्गेंसाल, बिजुवार र बहाने गरी तीन स्थानमा नर्सरी स्थापना गरी कार्यालयले बिरुवा उत्पादन गर्दै आएको हो। साउन पहिलो सातासम्ममा जिल्लाका सबै लक्षित क्षेत्रमा वृक्षरोपण गरेर सकिने जिल्ला वन कार्यालयका रेन्जर हरि पौडेलले बताए। प्रतिहेक्टर १ हजार ६ सय बिरुवा लाग्ने उनले जानकारी दिए।

यो वर्ष निजी, आवादी र सामुदायिक वन समूह गरी २५ हजार हेक्टरभन्दा बढी जमिनमा वृक्षरोपण गरिनेछ। जिल्लाको कुल ७२ हजार ६ सय ९४ हेक्टर वन क्षेत्रमध्ये ४ सय २० वटा सामुदायिक वनलाई झन्डै ४८ हजार हेक्टर वन क्षेत्र समुदायलाई हस्तान्तरण गरिएको छ।

राप्ती नदी किनारको रानीबास बगरमा विभिन्न थरीका लगभग ७ हजार बिरुवा रोपिएका छन्। जिल्ला वन कार्यालयले बिरुवा प्रदान गरेपछि प्युठानको सरुमारानी-२ स्थित डोढखोली सामुदायिक वन क्षेत्रमा बिरुवाहरू रोपिएका हुन्। यहाँको जम्मा साढे चार हेक्टर जमिनमा बिरुवा रोपिएको हो। सिसौ, खयर, बुकाइनो, सिमललगायतका बिरुवा रोपिएको सामुदायिक वनकी सचिव धनाकुमारी घर्तीले जानकारी दिइन्। वृक्षरोपण कार्यक्रममा वन समूहका पदाधिकारी र सदस्यहरूको सहभागिता रहेको थियो।

## बाजुराका बालबालिकालाई शैक्षिक सामग्री

नेपाल समाचारपत्र
बाजुरा



बडिमालिका नगरपालिका-९ उखाडीका १५ जना मुक्त हलिया बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरिएको छ। गरिब तथा विपन्न मुक्त हलियाका बालबालिकालाई लायन्स क्लब अफ बर्कली मकालु अमेरिकाको अध्यक्ष मनोहरा थापा बोगटीले हालै शैक्षिक सामग्री सहयोग गर्नुभएको हो।

मुक्त हलिया पुन:स्थापना जिल्ला समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारीसहितको टोली बस्तीमै पुगेर बालबालिका र तिनका अभिभावकको उपस्थितिमा हस्तान्तण गरिएको हो। गरिब तथा विपन्न समुदायका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न प्रोत्साहनका लागि सामान्य खालको सहयोग गरिएको बोगटीले बताउनुभएको छ। क्लबमा आबद्ध २६ जना सदस्यले मासिक समीक्षा बैठकमा १ डलर संकलन गरेर दुर्गम बस्तीका बालबालिकालाई शैक्षिक सामग्री सहयोग गर्न पाउँदा धेरै खुसी लागेको बोगटीले बताउनुभएको छ। नौ परिवार रहेको हलिया बस्तीका १५ जना बालबालिकालाई वर्ष दिनलाई पुग्ने गरी शैक्षिक सामग्री सहयोग गरिएको छ। प्रतिव्यक्ति झोला, छाता, ज्यामिती बक्स, पेन्सिल, कलम, स्कुल पोसाक सहयोग गरिएको हो।

सहयोगसँगै उहाँले विदेशमा बसेर पनि नेपाल र नेपालीप्रति देखाएको माया नै ठूलो उपहार भएको बताउनुभएको छ। महिला तथा बालबालिकाका धेरै समस्या र पीडा छन्, सबैका समस्या सम्बोधन गर्न स्रोत साधनले सकिएको छैन्, विपन्न समुदाय त्यसैमा मुक्त हलियालाई रोजेर गरिएको सहयोग उल्लेखनीय र उदारणीय काम भएको महिला विकास अधिकृत कमला शाहीले बताउनुभएको छ।

'घरमै शैक्षिक सामग्री पाएपछि बालबालिकासहित आफन्त खुसी भएका छन्। फोटो खिच्न, कुरा लिन र नाम सोध्न मात्र आउँथे, आज छोराछोरीका आमाबुबा भएर आएको महसुस भयो' -रतुडा महिला समूहकी अध्यक्षसमेत रहेकी स्थानीय रूपा चदाराले बताउनुभएको छ। चदाराकै अध्यक्षतामा कार्यक्रम सञ्चालन गरिएको थियो। क्लबले यसअघि कैलाली जिल्लाका क्यान्सर पीडितलाई पनि यस अघि डेढ लाख रुपियाँबराबरको आर्थिक सहयोग गरेको थियो।

अछाम घर भएकी अध्यक्ष मनोहरा थापा बोगटी आफन्त भेट्न आएकी थिइन्। श्रीमान् दलबहादुर बोगटी जिल्ला प्रहरी कार्यालय बाजुरामा डीएसपी पदमा कार्यरत रहनुभएको छ। गाउँमा बस्ने ९ वटै परिवार हलिया भएर पनि प्रमाणीकरणमा परेका छैनन्। उनीहरूसँग बस्ने घरबाहेक अर्को कुनै जमिन छैन। उक्त बस्ती पहिरोको पनि उच्च जोखिममा छ।

## रूप फेर्दै बुलबुले ताल

वीरेन्द्रनगर, (नेस)

सुर्खेतको बुलबुले ताल आकर्षक पर्यटकीय गन्तव्य स्थल बन्ने भएको छ। पश्चिम नेपालकै प्रमुख पर्यटकीय स्थल भए पनि वर्षौंदेखि ओझेलमा पर्दै आएको बुलबुलेलाई आकर्षक गन्तव्य बनाउन लागिएको हो। बुलबुले उद्यानको संरक्षण र विकासका लागि ५ करोड रुपियाँ खर्च लाग्ने गरी योजना बनाएको छ।

गुरुयोजनाअनुसार बुलबुले उद्यानको विकास गर्नका लागि शहरी विकास कार्यालयले ५ करोड रुपियाँको टेन्डर गरेको हो। यो रकमबाट पर्खाल, फुटपाथ, बगैंचा, गार्डेन लाइटलगायतका कामहरू गरिनेछ।

बुलबुले संरक्षण र सुरक्षाका लागि वरिपरि पर्खाल निर्माण गर्ने, बालबालिकाको मनोरञ्जनका लागि बालउद्यान बनाउने, पानीको फोहोरा निर्माण गर्ने, बगैंचालाई सुन्दर र व्यवस्थित बनाउने काम योजनाअन्तर्गत रहेका छन्।

यही असार १९ गते उद्यानको वरिपरि पर्खाल लगाउने, पार्कभित्रको सडकको स्तरोन्नति गर्ने, वनभोज स्थल बनाउने गरी टेन्डर गरिएको कार्यालयका इन्जिनियर झंक थापाले बताउनुभयो।

टेन्डर भइसकेकाले आगामी असोज कात्तिक महिनाबाटै निर्माणको काम अघि बढाउने पनि उहाँले जानकारी दिनुभयो। 'विगतमा १०/१५ लाख रुपियाँको आवधिक योजनाहरू आउँथे, त्यो रकमले खासै चाहेजस्तो काम हुँदैनथ्यो तर अब विस्तृत काम हुन्छ, अनि २ वर्षभित्रै बुलबुलेको मुहार नै फेरिन्छ' -इन्जिनियर थापाले भन्नुभयो।

६ नम्बर प्रदेशकै आकर्षक पर्यटकीय स्थल बनाउने दायित्व सम्झेर बुलबुलेलाई गुरुयोजनाअनुसार अघि बढाउन खोजिएको कार्यालयले जनाएको छ। चरीचरन रोक्न, अतिक्रमण हुन नदिन पर्खाल लगाइनेछ बुलबुले उद्यानको रेखदेखको जिम्मा पाएको सुर्खेत उपत्यका नगर विकास समितिको अध्यक्ष नारायण कोइरालाले बताए।

# विश्व

## प्रत्यारोपण

काम गरिरहेको खेतमा गोरुले कुल्चेर गुमेको हातको औंलाको ठाउँमा खुट्टाको बूढी औंला प्रत्यारोपण गरेका ज्याक मिसेल।



## मातृत्व

तान्जानियाको एंगोरोएंगोरो कन्जरभेसनमा एउटा चितुवाको बच्चालाई पालिरहेका शेर। उक्त सेरले आमाबाट छुट्टिएका चितुवाको बच्चालाई आफ्ना बच्चाहरूसँगै हुर्काइरहेको यो पहिलो घटना भएको वन्यजन्तु विशेषज्ञहरूले बताएका छन्।



## विश्व २ मिनेट

### भारत

#### नयाँ सुपरक्लस्टरको खोज

नयाँदिल्ली, (एजेन्सी)

भारतका अन्तरिक्ष वैज्ञानिकको एक टोलीले आकाशगंगाको समूह सुपरक्लस्टर पत्ता लगाएका छन्। उनीहरूले उक्त सुपरक्लस्टरको नाम सरस्वती राखेका छन्। यो ब्रह्माण्डमा रहेका भीमकाय संरचनामध्येको एक हो। पुणेस्थित इन्टर युनिभर्सिटी सेन्टर फर एस्ट्रोनोमी एन्ड एस्ट्रोफिजिक्स, इन्स्टिच्युट अफ साइन्स एजुकेसन एन्ड रिसर्चले उक्त खोज गरेको हो। उक्त आकाशगंगा पृथ्वीबाट ४ सय करोड प्रकाशवर्ष दूरीमा रहेको र १० अर्ब वर्षभन्दा बढी पुरानो भएको जनाइएको छ। एउटा सुपर क्लस्टरमा ४० देखि ४३ क्लस्टर हुन्छन् र एक क्लस्टरमा करिब १ देखि १० हजार ग्यालेक्सी हुन्छन्। यसको आकार अर्बौं सूर्य बराबर हुन्छ।

### अस्ट्रेलिया

#### खुट्टाको औंला हातमा

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाका एक पशुपालकको खुट्टाको बूढीऔंला हातमा प्रत्यारोपण गरिएको छ। २० वर्षीय ज्याक मिसेल खेतमा काम गरिरहँदा एउटा गोरुले उनको हातको बूढीऔंलामा नराम्रोसँग कुल्चेको थियो। यसअघि मिसेलको उक्त छुट्टिएको औंला जोड्न चिकित्सकहरूले दुईपटक शल्यक्रिया गरेको भए पनि सफल हुन सकेन। खुट्टाको औंला हातमा जोड्नका लागि ८ घण्टा लामो अपरेसन गर्नुपरेको थियो। उनीसँग खेतमा काम गरिरहेका साथीहरूले हातबाट उछिट्टिएको औंलालाई जोगाउन धेरै प्रयास गरेको मिसेलले बताए। उनीहरूले उक्त औंलालाई बरफसँग कुलरमा राखेको भए पनि बचाउन नसकेको उनले बताए।

### इजरायल

#### प्रहरी मारिए

जेरुसेलम, (एजेन्सी)

इजरायलको राजधानी जेरुसेलमस्थित पवित्र स्थलमा भएको गोलीकाण्डमा दुई जना इजरायली प्रहरीको ज्यान जानुका साथै अन्य एकजना घाइते भएको शुक्रबार सुरक्षा सूत्रले जनाएको छ। यहुदी माझ टेम्पल माउन्ट र मुस्लिमहरूबीच हराम अल सरिफको नामले चिनिने सो क्षेत्रमा तिनीहरूमाथि गोली चलाउने समूहलाई लखेटेर प्रहरीले गोली हानी मारेको बताइएको छ। सन् २०१५ यता इजरायली र प्यालेस्टाइनीबीच छुरा र गोली प्रहारका घटना शृंखलाबद्ध रूपमा अघि बढिरहेको छ। आक्रमणकारीमध्ये दुईजना जोर्डानी नागरिक रहेको बताइएको छ।

### भारत

#### सर्वोच्चको आदेश

नयाँदिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतले उत्तरपूर्वी राज्य मणिपुरमा सुरक्षा फौजले गैरन्यायिक ढंगले त्यहाँका जनतालाई मृत्युदण्ड दिने गरेको भन्ने गुनासोमाथि अनुसन्धान गर्न शुक्रबार आदेश दिएको छ। उक्त अदालतले हिजो संघीय अनुसन्धानकर्तालाई सन् १९७९ देखि २०१२ सम्म हजारौं नागरिकको मृत्यु सम्बन्धमा अनुसन्धान गर्न अनुरोध गरेको हो। विगत चार दशकभित्र सो राज्यमा सरकारी फौजले १ हजार ५ सयभन्दा बढी मानिसको हत्या गरेको मानव अधिकारवादी अभियन्ताहरूले दाबी गरेका छन्। तर अधिकारीहरूले स्वाधीनताका लागि लडिरहेका लडाकूमाथि त्यस्तो व्यवहार नगरिएको बताएका छन्।

# फ्रान्सेली प्रथम महिलाका लागि गरेको ट्रम्पको टिप्पणी विवादमा

## ‘तपाईंको फिगर अत्यन्त राम्रो छ’

पेरिस, (एजेन्सी)

फ्रान्समा बास्टिला डेमा प्रमुख अतिथि बन्न गएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नयाँ टिप्पणीले विशेष चर्चा पाएको छ।

बिहीबार पेरिस पुगेका ट्रम्पले फ्रान्सका राष्ट्रपतिकी पत्नीको फिगरको प्रशंसा गरेका थिए। उक्त प्रसंग क्यामरामा पनि कैद भएको थियो र यसलाई फ्रान्सेली सरकारले फेसबुक पेजमा पोस्ट गरेको थियो।

उक्त भिडियोलाई लिएर ट्रम्प आलोचनाको शिकार भइरहेका छन्। यद्यपि ह्वाइट हाउसले यस मुद्दामा कुनै प्रतिक्रिया दिन अस्वीकार गरेको छ।

प्रथम विश्वयुद्धमा विजय भएकोमा मनाइने शुक्रबारको बास्टिला डेमा प्रमुख अतिथि बन्न गएका ट्रम्पले फ्रान्सली राष्ट्रपतिकी पत्नी ब्रिजिटलाई भनेका थिए- ‘तपाईंको फिगर अत्यन्त राम्रो छ। सुन्दर।’

त्यतिबेला ब्रिजिटसँगै फ्रान्सली राष्ट्रपति र अमेरिकी प्रथम महिला मेलानिया ट्रम्प पनि उपस्थित थिए।



यसअघि पेरिसमा आयोजित स्वागत समारोहमा ट्रम्प र ब्रिजिट म्याक्रों एक अर्कासँग हात मिलाउँदा अलि अल्मलिएको सीएनएनले उल्लेख गरेको छ।

गार्जियनले सामाजिक सन्जालमा धेरैले ट्रम्पको उक्त टिप्पणीलाई ‘सेक्सिस्ट’ भएको बताउँदै त्यसको निन्दा गरेको जनाएको छ।

फ्रिलायन्स भिडियो प्रोड्युसर तथा नारीवादी तथा लैंगिक मुद्दामा कलम चलाउँदै आइरहेका लेखक ऐलेक्स बर्गले ट्विटरमा लेखे- ‘ट्रम्पले फ्रान्सका प्रथम महिलालाई तपाईंको फिगर अत्यन्त राम्रो छ भन्नु, प्रशंसा, यौन दुर्व्यवहारबीच फरक बिर्सने पुरुषको उदाहरण हो।’

वृत्तचित्र निर्माता तथा कलाकार जेन सिबेल न्युसमले ट्विटमा लेखे- ‘मिस्टर ट्रम्प! महिला आफ्नो शरीरलाई लिएर अनावश्यक टिप्पणी सुन्न चाहँदैनन्। यो अत्यन्त गलत हो।’

## यात्रा प्रतिबन्धमाथि अर्को कानुनी प्रहार

न्युयोर्क, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको यात्रा प्रतिबन्धअन्तर्गत अमेरिकामा बसोबास गरिरहेको कुनै पनि व्यक्तिका बाजे बज्यै र अन्य नजिकका नातेदारलाई अमेरिका प्रवेशमा नरोकिने एकजना न्यायाधीशले शुक्रबार जनाएका छन्। हवाइका जिल्ला न्यायाधीश डेर्रिक वाट्सनले ट्रम्पको आप्रवासी दबाउने नीतिमा पछिल्लो कानुनी प्रहार गरेका छन्।

वाट्सनले उक्त प्रतिबन्धले सर्वोच्च अदालतको आदेशलाई केही हदसम्म हस्तक्षेप गरेको बताएका छन्। गत महिना सर्वोच्चको आदेश बाबजुद विश्वका छवटा मुस्लिम बाहुल्य राष्ट्रका नागरिकको अमेरिका भ्रमणमाथि आंशिक प्रतिबन्ध लगाइएको थियो।

हिजोको अदालती आदेशमा अमेरिकामा बस्ने व्यक्तिको वास्तविक परिवारलाई मात्र अमेरिका छिर्न दिइने जनाइएको छ। तर ट्रम्पको सरकारले गरेको निर्णयमा बाजे बज्यै, नातिनातिना, सालासाली, काकाकाकी, भान्जाभान्जी र भतिजाभतिजीलाई प्रवेश छुट दिइने उल्लेख गरिएको छैन।

न्यायाधीश वाट्सनले भने ट्रम्प सरकारको निर्णयप्रति असहमति जनाउँदै ती नातामाथिको प्रतिबन्ध हटाइनुपर्ने बताएका छन्। उनले निकटतम आफन्तमा बाजे बज्यै सरिक गराइनुपर्ने र तिनीहरूबिना परिवार विस्तारै हुन नसक्ने वास्तविकता भुल्नु नहुने पनि बताएका छन्।

उनको यो आदेश हवाइसम्म मात्र सीमित नभएर संयुक्त राज्य अमेरिकाभरि लागू गरिनुपर्ने बताइएको छ। अस्थायी रूपमा सो प्रतिबन्धलाई अघि बढाउन अनुमति दिएको सर्वोच्च अदालतले यसबारे पूर्ण निर्णय दिने भएको छ। सर्वोच्च अदालतमा कन्जरभेटिभको बाहुल्य रहेको छ।

# भारतीय उमहाद्वीपमा अल कायदाको विस्तार : अमेरिका



वासिङ्टन, (एजेन्सी)

अमेरिकी आतंकवाद निरोध विज्ञले अमेरिकी सांसदमा भारतीय उपमहाद्वीपमा अल कायदा धेरै सक्रिय रहेको बताएका छन्। सन् २०१७ मा उक्त संगठनले सयौं सदस्य बनाएको र उक्त कट्टरपन्थी संगठनको धेरैजसो शाखा अफगानिस्तानमा भएको उनले जानकारी दिएका छन्। यसले बंगलादेशमा पनि ठूलो संख्यामा गतिविधि चलाइरहेको पनि उनले बताए।

रणनीतिक विज्ञ सेथ जी जोन्सले भने- ‘अल कायदाको सेल्स अफगानिस्तानको हेलमन्ड, कान्धार, जबुल, पाक्टिका, गजनी र नुरिस्तान प्रान्तमा रहेको छ। यो आतंककारी संगठन अफगानिस्तानमा ठूलो संख्यामा उपस्थिति छ। अहिले ऊसँग ५ वा १० वर्ष अगाडिभन्दा धेरै पैसा छ।’

जोन्सले अमेरिकी कांग्रेसमा काउन्टर टेरोरिज्म र इन्टलिजेन्सको विषयमा गृह सुरक्षा उपकमिटीसमक्ष उक्त बयान दिएको सञ्चार माध्यमले जनाएको छ।

अलकायदा भारतीय उपमहाद्वीपमा विस्तार हुनुले अफगानिस्तानमा तालिबान बलियो हुन सक्ने र अलकायदाको तालिबान र अन्य संगठन तहरिक ए तालिबान पाकिस्तान र लस्कर ए झांगवीसँग पनि सम्बन्ध रहेको उनले बताए।

सन् २०१४ सेप्टेम्बरमा अल कायदाका नेता अयमान अल जवाहिरीले अफगानिस्तान, पाकिस्तान र बंगलादेमा आफ्नो उपस्थितिको फाइदा उठाउनका लागि भारतीय उपमहाद्वीपमा आफ्ना क्षेत्रीय संगठन बनाउने घोषणा गरेका थिए।

जवाहिरीले भारतीय उपमहाद्वीपमा अल कायदाका नयाँ संगठनको नाम कायदा अल जिहाद हुने र त्यसको माध्यमबाट पूरै महाद्वीपमा इस्लामको शासन पुन: स्थापित गर्ने बताएका थिए।

# बालकलाई गधासँग बाँध्ने पक्राउ

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा प्रहरीले बालकलाई गधासँग बाँधेको अभियोगमा एकजनालाई गिरफ्तार गरेको छ। उक्त गधाले घिसार्दै बालकको ज्यान लिएको थियो। पाकिस्तानी शहर एवोत्तावाददेखि ८० किमि दक्षिणमा पर्ने लोरा गाउँमा यो घटना घटेको हो।

बालकले चराइरहेका चौपायाहरू आफ्नो खेतमा घुसेको कारण रिसले मोहमद मिस्कन नामक ती व्यक्तिले त्यसरी बालकलाई सजाय दिएको प्रहरीले जनाएको छ। तर मोहमदले प्रहरीले लगाएको अभियोग अस्वीकार गरेका छन्।

प्रत्यक्षदर्शीहरूले मोहमदले बालक बाँधिसकेपछि गधालाई बेस्सरी पिटेर दौडाएको बताएका छन्। आठ वर्षीय मुदस्सिर नामक ती बालकको चोटको कारण मृत्यु भएको बताइएको छ। मोहमदको खेतमा उनले चराउँदै गरेका केही भेडा र एउटा गधा पसेको थियो। स्थानीय गाउँलेहरूले त्यो गधाले बालकलाई करिब एक घण्टासम्म घिसारेको बताएका छन्।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Western Regional Road Directorate**
**Division Road Office, Baglung**

**Invitation For Bids**

**Notice No: 17/073/74**
**(Date of Publication: 2074/03/31)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Western Regional Road Directorate, Division Road Office, Baglung invites Open Competitive Bidding (Single Stage Double Envelope Technical and Financial sealed bids or electronic bids in the form of Technical and Financial Bids) from eligible bidders for the construction of works given in table below under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No./Work Description | Average Annual Construction Turnover, NRs | Specific Experience Requirements | Liquid Assets/ Credit Facilities | Time for Completion from the agreement date | Bid Security Amount (NRs) | Bid Document Purchase Amount (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | DROBLG/3371234/ 073/74-127 Upgrading of Dovilla Phalebas Road, Parbat | 165 millions | Refer Section III Evaluation & Qualification Criteria of Bid Document | 40 millions | 24 Months | 67,00,000 | 20,000 |

# Bid validity period is 120 days from the date of bid opening.
# Validity period of Bid Security Amount is 150 days from the date of bid opening.

2. Purchase, Submission and Opening:

| Last date and time of Purchase of Bids | | Last date and time of Submission of Bids | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| **2074/04/31** | 17:00 | **2074/04/32** | 12:00 | **2074/04/32** | 13:00 |

3. Alternatively, bidders may download the bidding documents and submit their bids electronically through e-procurement section under DoR's website: http://eproc.dor.gov.np, as specified in the Bidding data sheet for provision of E-Bidding. In case of e-bidding, Bidders should deposit the equivalent fees for bidding document in the following Revenue Account within the date and time specified above and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **The bidders submitting e-bids shall submit the hard copies of their bids within 3 (three) working days from the last date of bid-submission date, otherwise the bid shall be deemed non-responsive.**

**Information to deposit the cost of bidding document in Bank / Information to deposit the Bid Security Amount:**

| Name of Bank: | Account name | Office Code No | Office Revenue Account No. | Revenue Head No. | Deposit Account No. |
|---|---|---|---|---|---|
| Nepal Bank Limited Baglung Branch | Ko.le.Ni.Ka. Baglung | 49-337-05 | 22-41-1035 | 14227 | 22-51-7510 |

Eligible Bidders may obtain further information at Division Road Office, Baglung, (Tel.: 068-520952, Fax: 068-521638) or may visit e-procurement section under DoR's website: http://eproc.dor.gov.np.

4. The bidders are highly encouraged to participate in **pre-bid meeting to be held at 13:00 hr on 2074/04/20** at Division Road Office, Baglung.
5. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063(First Amendment, 2073) and Public Procurement Regulations, 2064 (Fourth Amendment, 2073) and other prevailing rules and regulations of Nepal.

Division Chief

संविधानले स्थानीय निकायलाई अधिकार दिइसकेको अवस्थामा सोहीअनुसार काम गरेर देखाउन आग्रह गर्दै देशको राजधानीका रूपमा विकास गर्न महानगरपालिकाको मुख्य हात हुने तर्क राख्नुभयो।

कामपाको पहिलो नगरसभा

# प्रतिबद्धता अनुरूपको योजना ल्याउन सुझाव

नेपाल समाचारपत्र

काठमाडौं

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचनमा जनतामाझ व्यक्त गरेका प्रतिबद्धताअनुरूपको योजना अघि बढाउन आग्रह गर्नुभएको छ। काठमाडौं महानगरपालिकाको प्रथम नगरसभाको उद्घाटन गर्दै उहाँले सो कुरा बताउनुभएको हो। उहाँले जनताले देख्ने योजना अघि बढाउन आग्रह गर्दै त्यसो भए मात्रै जनताको विश्वास दिलाउन सकिने तर्क राख्नुभयो।

उहाँले भन्नुभयो- 'तपाईंहरूको ५ वर्षे अवधि उल्लेखनीय होस्, जनताको योजनाअनुसार काम अघि बढाउनुहोस्।' संविधानले स्थानीय निकायलाई अधिकार दिइसकेको अवस्थामा सोहीअनुसार काम गरेर देखाउन आग्रह गर्दै देशको राजधानीका रूपमा विकास गर्न महानगरपालिकाको मुख्य हात हुने तर्क राख्नुभयो।

कामपाले अन्य स्थानीय निकायहरूसँग समेत सहकार्य गरी उपत्यकाको विकासका रूपमा अघि बढ्नुपर्ने बताउँदै सोही अनुरूपको योजना अघि बढाउन आग्रह गर्नुभयो। पहिलो नगरसभामा नीति तथा कार्यक्रम सार्वजनिक गर्दै उहाँले चुनौती र अवसरका बीचमा रहेको स्थानीय निकायको कानुन चाँडै ल्याउन सरकारलाई आग्रह गर्नुभयो।

उहाँले यो पहिलो अवसर भए पनि थुप्रै चुनौती रहेको औंल्याउँदै यसलाई अवसरका रूपमा अघि बढाउन नीति तथा योजना सार्वजनिक गरिएको बताउनुभयो। उहाँले सार्वजनिक गर्नुभएको नीति तथा कार्यक्रममा जनउपयोगी शिक्षा, नागरिक, स्थानीय सरकार, पूर्वाधार विकासको आधार, हाम्रो आवास मौलिक र सुरक्षित आवास, हाम्रो काठमाडौं, उज्यालो काठमाडौं, सहज, सुलभ, सुरक्षित र व्यवस्थित शहरी यातायात, हाम्रो मातृभाषा हाम्रो गौरव विषय समावेश गरिएको छ। त्यस्तै, हाम्रो संस्कृति र सम्पदा पर्यटकका लागि चिनारी रहन्छ सदा सदा, सफल महानगरका लागि सुशासन, सूचना तथा सञ्चार सुसूचित हुन पाउनु हाम्रो अधिकार, स्वस्थ्य वातावरणसहितको सुन्दर काठमाडौं महानगर, सुरक्षा विपद व्यवस्थापन आजको आवश्यकतालगायत विषयका योजना सार्वजनिक गर्नुभएको थियो।

उज्यालो काठमाडौं, सफा टोल अभियान, स्मार्ट सार्वजनिक शौचालय, भर्टिकल र अण्डरग्राउण्ड कार पार्किङलगायतको योजना समावेश गरिएको छ। काठमाडौंमा साइकल सञ्जाल विस्तार गर्न रिङरोडको ग्रीन बेल्ट, पशुपतिदेखि टेकुसम्मको बागमती किनार र विष्णुमती किनारमा साइकल लेनको विकास गरिने योजना समावेश गरिएको छ।

उहाँले दर्जनौं योजना सार्वजनिक गर्दै पाँच वर्षभित्र सबै योजना कार्यान्वयन भइसक्ने दाबी गर्नुभयो। उपमेयर हरिप्रभा खड्गीले राजधानीको दिगो विकासका लागि नीति तथा योजना सार्वजनिक गरिएको जानकारी दिनुभयो। उहाँले सीमित स्रोतबाट असीमित योजना पूरा गर्नुपर्ने चुनौती रहेको अवस्थामा जनप्रतिनिधिले जनताको योजनाअनुसार विकास निर्माणको काम अघि बढाउँदै लैजाने उल्लेख गर्नुभयो। उहाँले सांस्कृतिक धरोहरका रूपमा रहेको काठमाडौंलाई विकास गर्न जनप्रतिनिधिले सक्दो प्रयास र पहल गर्ने उल्लेख गर्नुभयो।

नीति तथा कार्यक्रममा काष्ठमण्डप, धरहरा पुनर्निर्माण, हाउस पुलिङ, फोहोर व्यवस्थापन, हरित र उज्यालो कार्यक्रमलगायतका विषयलाई मुख्य प्राथमिकतामा राखिएको छ।

## शर्माको सुनुवाइ हेर्दाहेर्दैमा

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले भ्रष्टाचारको आरोपमा धुनामा रहेका आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्माको रिहाइको माग गर्दै दायर गरिएको मुद्दाको सुनुवाइ भोलि आइतबार गर्ने भएको छ।

शर्माको शुक्रबार सुनुवाइ भए पनि समय अभावले नसकिएपछि अदालतले 'हेर्दाहेर्दैमा' राखेर आइतबार सुनुवाइ हुने बुझिएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय चोलेन्द्र शमशेर राणा र प्रकाशमान सिंह राउतको संयुक्त इजलाशले शर्माको बन्दी प्रत्यक्षीकरणको मुद्दाको सुनुवाइ गरेको हो। शर्माकी पत्नी कल्पना उप्रेतीले विशेष अदालतलाई विपक्षी बनाई मंगलबार गैरकानुनी रूपमा धुनामा राखेको भन्दै रिहाइको माग गर्दै बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो। शर्मालाई विशेष अदालतले पुर्पक्षका लागि धुनामा राखेर अनुसन्धान गर्न आदेश दिएपछि अहिले धुनामा राखिएको छ।

## प्रधानन्यायाधीशको संसदीय सुनुवाइ भोलि

### एउटा पनि उजुरी परेन

काठमाडौं, (नेस)

प्रधानन्यायाधीशमा सिफारिस गोपालप्रसाद पराजुलीबारे संसदीय सुनुवाइ भोलि आइतबार हुने भएको छ। संसदीय सुनुवाइ विशेष समितिको शुक्रबार बसेको बैठकले पराजुलीको सुनुवाइ आइतबार गर्ने निर्णय गरेको हो।

प्रधानन्यायाधीशमा सिफारिस पराजुलीविरुद्ध उजुरी नपरेपछि सोझै सुनुवाइ गर्ने मिति तय गरिएको समितिले जनाएको छ। समितिले उजुरीका लागि दिएको १० दिनको म्याद शुक्रबारसम्म पराजुलीविरुद्ध कुनै उजुरी नपरेको समितिका सचिव ध्रुवप्रसाद घिमिरेले जानकारी दिनुभयो।

प्रधानन्यायाधीश सुशीला कार्कीले स्वैच्छिक अवकाश पाएपछि वरिष्ठताका आधारमा सर्वोच्च अदालतका न्यायाधीश पराजुलीलाई संवैधानिक परिषद्ले प्रधानन्यायाधीशका लागि सिफारिस गरेको हो। आइतबार बस्ने समितिको बैठकमा प्रधानन्यायाधीशमा सिफारिस पराजुलीले आफ्ना अवधारणा तथा प्रतिबद्धता व्यक्त गर्ने गरी सुनुवाइ कार्यक्रम तय गरिएको सचिव घिमिरेले बताउनुभयो।

प्रधानन्यायाधीशमा सिफारिस पराजुलीले हाल कामयमुकामय प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ। संसदीय सुनुवाइ विशेष समितिले नाम अनुमोदन गरेपछि राष्ट्रपति विद्या भण्डारीले पराजुलीलाई प्रधानन्यायाधीशमा नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ।

राष्ट्रपतिद्वारा प्रमाणीकरण

यसैबीच राष्ट्रपति विद्या भण्डारीले विनियोजन विधेयक र राष्ट्रऋण उठाउने विधेयक प्रमाणीकरण गर्नुभएको छ। राष्ट्रपति भण्डारीले व्यवस्थापिका संसदबाट पारित भई प्रमाणीकरणका लागि पेस भएका दुई विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरेकी राष्ट्रपति कार्यालयले जनाएको छ। संसद को बिहीबारको बैठकले दुई विधेयक पास गरी प्रमाणीकरणका लागि राष्ट्रपतिलाई पठाएको थियो।

## फरार अभियुक्त २३ वर्षपछि पक्राउ

काठमाडौं, (नेस)

रामलिला हेरी आफ्नो घरतर्फ फर्कंदै गरेका सप्तरीका जोगेन्द्र मण्डललाई धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा फरार रहेका अभियुक्तलाई प्रहरीले २३ वर्षपछि पक्राउ गरेको छ। २०५१ साल फागुन २० गते हत्या गरिएका मण्डलको शव भोलिपल्ट फेला परेको थियो।

हत्यामा संलग्नमध्ये सप्तरीका सचिन्द्र यादव र कारी यादवसमेत दुई जनालाई केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले बालाजुबाट पक्राउ गरेको छ। पक्राउ परेका दुवैजनालाई अदालतले सर्वस्वसहित जन्मकैदको सजाय गरिसकेको छ।

## गृहमन्त्री शर्मा स्वदेश फिर्ता

काठमाडौं, (नेस)

गृहमन्त्री जनार्दन शर्मा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मुलुकका गृहमन्त्रीहरूको श्रीलंकामा भएको बैठकमा सहभागी भएर शुक्रबार स्वदेश फर्किनुभएको छ। उहाँ मंगलबार त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

बैठकमा सार्क राष्ट्रहरूमा आवागमन गर्दा सदस्य मुलुकका नागरिकका लागि राहदानी प्रक्रियालाई सरलीकरण गर्न आधुनिक सूचना प्रविधिसहितको 'सार्क भिसा एक्जिम्सन स्टिकर स्किम'को विकास गर्ने र सबै सदस्य राष्ट्रको सहमति कायम गरेर कार्यान्वयनमा जान बाँकी काम छिटो सम्पन्न गर्ने निर्णय गरिएको गृहमन्त्रालयद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ।

त्यसै गरी, बैठकमा सार्क राष्ट्रका प्रहरी संगठनबीच सहयोग र समझदारी विकास गर्न सार्क क्षेत्रका प्रहरीको सम्मेलन आगामी सेप्टेम्बर महिनामा नेपालमा आयोजना गर्ने निर्णय भएको थियो। बैठकमा आतंकवाद, क्रसबोर्डर, लागूपदार्थको ओसारपसारलगायतका विभिन्न आपराधिक गतिविधिको सबै सदस्य राष्ट्रहरूबाट भर्त्सनासमेत गरिएको थियो।

सूचना प्रविधिको विकाससँगै बढ्दै गएको साइबर क्राइम नियन्त्रण गर्ने सम्बन्धमा पनि बैठकमा छलफल भएको थियो। बैठकबाट सार्क राष्ट्रका दुई पक्षीय र क्षेत्रीय सहायता बढाउन सहयोग पुगेको महसुस गरिएको विज्ञप्तिमा भनिएको छ। बैठकमा गृहमन्त्री शर्मासँगै गृहसचिव लोकदर्शन रेग्मी र गृह प्रवक्ता दीपक काफ्ले श्रीलंका जानुभएको थियो।

## शिवगढी पूर्ण सरसफाइ उन्मुख वडा घोषणा

चन्द्रौटा, (नेस)

कपिलवस्तुको शिवराज नगरपालिका-९ शिवगढी (साबिक शिवगढी गाविस) लाई पूर्ण सरसफाई वडा घोषणा गरिएको छ।

नवनिर्वाचित नगरप्रमुख नेत्रराज अधिकारी, उपप्रमुख शिवकुमारी चौधरी र वडाध्यक्ष चुरबहादुर खड्काले साबुन पानीले हात धोएर वडालाई सरसफाइ घोषणा गर्नुभएको हो। कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि रहेका नगर प्रमुख अधिकारीले शिवगढीलाई सरसफाइ उन्मुख घोषणा गर्ने अवस्थामा ल्याइपुऱ्याउन शिवगढीबासीले खेलेको अहम् भूमिकाको प्रशंसा गर्नुभयो।

उहाँले वडा नम्बर ९ लाई स्वच्छ, सुन्दर र हराभरा बनाइराख्न वडाबासी निरन्तर लाग्नुपर्ने सुझावसमेत दिनुभयो। यस्तै प्रकारले नगरका ११ वटै वडालाई क्रमशः सरसफाइ उन्मुख घोषणा गर्दै सन् २०१७ भित्र सिंगो शिवराज नगरलाई नै पूर्ण सरसफाइ घोषणा गर्न सम्पूर्ण नगरबासी लाग्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा वडा नम्बर ९ का वडाध्यक्ष चुरबहादुर खडकाले आफ्नो गाउँघरलाई सधैं सफासुग्घर राख्न सबैजना निरन्तर क्रियाशील रहने प्रतिबद्धता जाहेर गर्नुभयो। कार्यक्रममा जिल्ला वास सल्लाहकार विपिन पौडेल, कालिका स्वावलम्बन सामाजिक केन्द्रका प्रतिनिधि सुदीप चापागाईं, सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक विक्रम केसीलगायतले शिवगढीलाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणामा शिवगढीबासीको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुभएको थियो।

शिवगढीलाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्न खानेपानी तथा सरसफाइ स्वच्छता समन्वयन समिति कपिलवस्तुको सक्रियता रहेको थियो। साबिक शिवगढी गाविसको ११ सय ३७ घरधुरी पूर्ण सरसफाइ सूचकको आधारमा शिवगढीलाई पूर्ण सरसफाइ उन्मुख घोषणा गरिएको वडासचिव प्रेमसागर वलीले जानकारी दिनुभयो।

कार्यक्रममा वडासचिव वलीले पूर्ण सरसफाइ घोषणासम्बन्धी तयार पारिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा शिवगढीलाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्न अहंभूमिका खेल्ने अभियानकर्मीहरूलाई कदरपत्रले सम्मान गरिएको थियो।

## 'श्री साकुरे' नेपालमा




काठमाडौं, (नेस)

दुईपटक सम्म विश्व भ्रमणमा गरिसकेकी ६० वर्षीया जापानी नागरिक टिसुरुसावा माइकोले एक कार्यक्रममा नेपाली राष्ट्रिय गीत गाएर सबैलाई छक्क पारिन्। धेरै भूकम्प गइरहने जापानमा भूकम्पका बेलामा कसरी सम्हालिन सकिन्छ भन्ने गीतमार्फत सन्देश दिँदै आएकी माइकोले नेपालमा पनि भूकम्पपीडितहरूको अवस्था बुझ्न विश्व भ्रमण गर्ने दौरानमा नेपाल आइपुगेकी हुन्।

यसै सन्दर्भमा लायन्स क्लब अफ काठमाडौं मकालुको आयोजनामा भएको कार्यक्रममा आफ्नो गीतमार्फत नेपालको प्रशंसा गरेकी थिइन्। सोही कार्यक्रममा नेपालका लागि जापानी राजदूत ओगावा मामासी, पूर्वराजदूत विष्णुहरि नेपाल, लायन्स क्लब अफ काठमाडौं ओसिनका प्रेसिडेन्ट पासाङ विश्वकर्मालगायतले दुई देशबीचको सम्बन्ध सुधार्न, विश्वमा नेपाललाई चिनाउन जापानले खेलेको भूमिकाका बारेमा प्रशंसा गरेका थिए।

जापानमा 'श्री साकुरे' उपनामले चिनिएकी माइकोले जापानी राष्ट्रिय गीत पनि गाइकी थिइन्।

# धेरैतिर हिजै बजेट पास, केहीमा आज

मोतीराम तिमल्सिना, काभ्रे




असारभित्रै स्थानीय सरकारले बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरी भोलि साउन १ गतेदेखि खर्च गर्न सक्ने व्यवस्था गरेलगत्तै जिल्लामा रहेका अधिकांश स्थानीय तहमा शुक्रबार सभा आयोजना गरी बजेट, नीति तथा कार्यक्रम प्रस्तुत सँगै पास भएको छ।

पनौती र बनेपा नगरपालिकाले आयोजना गरेको सभाको पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको थियो। पनौतीको सभा सकिएलगत्तै अध्यक्ष ओली बनेपाको सभामा सहभागी हुनुभएको थियो।

पनौतीका प्रमुख भीम न्यौपानेले जनतासँग आम्नेसाम्ने हुने गरी कार्यक्रमहरू सञ्चालन गर्ने र नगरको विकासलाई गति दिन विभिन्न योजनाहरू सञ्चालन गर्ने बताउनुभयो। नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बसपार्क व्यवस्थापन, सडक स्तरोन्नति, बाहिरी चक्रपथ निर्माण, शहीद सगुन ताम्राकारको सालिक निर्माण, कृषि, शिक्षा, स्वास्थ्य, भूकम्प पुनर्निर्माण, क्षेत्रीय रंगशाला, भौतिक पूर्वाधार तथा अन्य क्षेत्रका विकासका लागि पहिलो प्राथमिकता राखेको बताएका थिए। नगरपालिकाले विनियोजन ऐन निर्माण गरी बजेट तथा कार्यक्रमलाई तत्काल कार्यान्वयन गर्ने घोषणा गरेको छ।

कार्यक्रममा बोल्दै एमाले अध्यक्ष ओलीले जनतामा विकासको चासो बढेकाले स्थानीय सरकारले जनताको मन छुने गरी काम गर्नुपर्ने बताउनुभयो। केही समय संघ, प्रदेश र स्थानीय सरकारका बारेमा बहस वा अधिकार बाँडफाँडका बारेमा तानातान जस्तो देखिए पनि राजस्वलगायतका विषयमा स्थानीय तहलाई अधिकार दिने कुरामा एमाले स्पष्ट रहेको उहाँले बताउनुभयो।

पनौती सबै कुराले सफल, समृद्ध भएको देख्न चाहने नगरबासीहरूका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरी समृद्ध बनाउने अभियानमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो। स्थानीय तहका अधिकारहरू खोस्ने तयारी भइरहेको भन्दै ओलीले संविधानले दिएका सबै अधिकार प्रयोग गर्न स्थानीय सरकार स्वतन्त्र भएकाले कानुन नबने पनि संविधानमा भएका व्यवस्थाहरू सबै कार्यान्वयन गर्न सुझाव दिनुभयो। स्थानीय तहमा केही समय कर्मचारी र जनप्रतिनिधिबीच पनि टसल हुन सक्ने बताउँदै सबै मिलेर मात्रै अगाडि बढ्न सुझाव दिनुभयो।

नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै न्यौपानेले ५४ करोड ६० लाख ९१ हजार रुपियाँ आय हुने बताउनुभयो। प्रत्येक वडामा सानाठूला गरी ६० लाखका योजना बनाई रकम विनियोजन गरिएको छ। नगर सडक यातायात गुरुयोजना, नगरको आवधिक योजना तर्जुमा, पेस्की बेरुजु असुल उपर गर्ने, सञ्चार क्षेत्र र सञ्चारकर्मीको उत्प्रेरणाका लागि बजेट, सवारी पार्किङ ठेक्का अन्त्य, वैकल्पिक सडकका लागि ५ करोड ५० लाख रकम विनियोजन, सामुदायिक विद्यालयहरूमा इन्टरनेटलगायतका कार्यक्रममा बजेट विनियोजन गरिएको छ। कार्यक्रममा सांसद रामहरि सुवेदीले आईटी पार्कमा प्रदेश ३ को राजधानी बनाउन प्रस्ताव गर्नुभएको थियो। प्रजिअ शिव सिंखडा, उपप्रमुख गीता बज्जार, वडाअध्यक्षहरू किशोर थापा र मोहनबहादुर भण्डारीले मन्तव्य राख्नुभएको थियो।

बनेपा नगरपालिकाका प्रमुख लक्ष्मीनरसिं बादेले बनेपा नगरको ५१ करोड ३२ लाख ७४ हजारको आय प्रस्तावसहितको बजेट प्रस्तुत गर्नुभयो। विकास शीर्षकमा १ करोड, सामाजिक विकासमा ६१ लाख ५० हजार, पूर्वाधार विकासमा १५ करोड ९० लाख २५ हजार, वातावरण तथा विपद् व्यवस्थापनमा १ करोड ५० लाख, संस्थागत विकास, सेवा प्रवाह र सुशासन शीर्षकमा १५ लाख, सशर्त अनुदान शीर्षकमा ११ करोड ७१ लाख ४६ हजार गरी ३१ करोड ३६ लाख २१ हजार रकम खर्च हुने छ। सञ्चारको विकासका लागि व्यावसायिक पत्रकारिता तथा स्थानीय सञ्चारमाध्यमको विकासका लागि नगरपालिकाले कार्यक्रमहरू सार्वजनिक गरेको छ। कार्यक्रममा उपप्रमुख रेखा सापकोटा दाहालगायतले मन्तव्य राख्नुभएको थियो।

शुक्रबार नै धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जु, मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइवालगायतले नगरको बजेट, नीति तथा कार्यक्रम पास गराउनुभएको छ। महाभारत र खानीखोला गाउँपालिकाको असारको पहिलो साता सभा आयोजना गरिएको छ। पाँचखाल र नमोबुद्ध नगरपालिकाले शनिबार सभामार्फत बजेट पास गर्ने भएका छन्। तेमाल, रोशी, बेथानचोक गाउँपालिकामा भने शुक्रबार नै बजेट पास भएको छ। भुम्लु गाउँपालिका र चौरी देउराली गाउँपालिकामा पनि शुक्रबार नै सभाले बजेट पास गरेको छ।

### राजधानीबासीलाई ...

यो जनस्वास्थ्यका लागि निकै ठूलो चुनौतीको विषय हो। कीर्तिपुरका हेल्थ असिस्टेन्ट राजीव महतोका अनुसार उपत्यकाका १७ वटा अस्पतालमा हाले गरिएको एकदिनको सर्वेमा २५ जनाभन्दा बढी झाडापखाला, आउँ, टाइफाइड र जन्डिसका बिरामी फेला परेका छन्। नेपालमा जेठ महिनामा मात्र २ हजारको हाराहारीमा झाडापखालाका बिरामी फेला परेको उहाँले बताउनुभयो।

जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख महेन्द्र श्रेष्ठले यतिका बिरामी युरोप अमेरिकामा फेला परेका भए महामारी हुन्थ्यो तर नेपालमा सामान्य मान्नुपर्ने अवस्था छ भन्नुभयो। महामारी सबैको शत्रु हो भन्ने विषयमा जनचेतना जगाई पिउने पानी पियुष राखेर या उमालेर शुद्धीकरण गरेर खानका लागि जनचेतना फैलाउनु आवश्यक रहेको उहाँले बताउनुभयो। जनचेतना अभावकै कारण नेपालमा थुप्रै खाले नयाँ रोग भित्रिँदै गरेको पनि उहाँले बताउनुभयो।

### सूचीमा ...

विभागले पहिलो चरणमा ७३ निर्वाचन क्षेत्रका विद्यालय छनोट गर्ने तयारी गरेको छ। सरकारले छनोटमा परेका विद्यालयलाई आवश्यकताअनुसार ४ करोड रुपियाँ अनुदान दिएर नमुना विद्यालय बनाउने तयारी भइरहेको छ। ती विद्यालयमा छात्रावास, आधुनिक ल्याब, पुस्तकालय, खेल मैदान, सूचना प्रविधि, साइन्स ल्याब, कम्प्युटरसहित प्रविधियुक्त लेखा प्रणालीलगायतका आधारभूत आवश्यकता पूरा भएको हुनुपर्नेछ। नमुना विद्यालयले आवश्यकता भए मात्रै छात्रावास राख्ने विषयलाई अनिवार्य गरिएको छैन। नमुना विद्यालयका रूपमा छनोट भएपछि ती विद्यालयमा विज्ञान, गणित र अंग्रेजी शिक्षक उपलब्ध गराइनेछ भने करारमा प्रधानाध्यापक नियुक्ति गरिने प्रावधान राखिएको छ।

### ठूलाबडाको ...

राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अघिल्ला निर्देशन खारेज गर्दै नयाँ व्यवस्था गरेको हो। राष्ट्र बैंकको निर्देशन अवज्ञा गरी सूचना लुकाउने बैंक तथा वित्तीय संस्थालाई घटनाको प्रकृति हेरेर १० लाखदेखि ५ करोड रुपियाँसम्म जरिवाना गर्ने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकले ग्राहकको पहिचान गर्नका लागि सामाजिक सञ्जालको उपयोग गर्न पनि भनेको छ

## पहिलो नगरसभा सम्पन्न

सल्यान, (नेस)

जिल्लाको पहिलो शारदा नगरपालिका सल्यानले नीति तथा कार्यक्रमको बजेट सार्वजनिक गरेको छ। झन्डै २० वर्षपछि सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् भएको पहिलो नगरसभाले सो बजेट सार्वजनिक गरेको हो।

सभाले ३६ करोडभन्दा बढी बजेट विनियोजन गरेको छ। शारदा नगरपालिकाका मेयर सुरेश अधिकारीले आर्थिक वर्ष २०७४/७५ का लागि ३६ करोड ६१ लाख ३० हजार बराबरको बजेट सार्वजनिक गर्नुभएको हो।

उहाँले आन्तरिक राजस्वतर्फबाट १ करोड १४ लाख ८० हजार र नेपाल सरकारको अनुदानअन्तर्गत वित्तीय समानीकरणतर्फ २३ करोड ६२ लाख ५३ हजार र सशर्त अनुदानतर्फ ११ करोड ८३ लाख ३० हजार बजेट सार्वजनिक गर्नुभएको हो।

नगरसभालाई सम्बोधन गर्दै मेयर अधिकारीले भौतिक पूर्वाधार तथा प्रवर्द्धनात्मकतर्फ १० करोड ७१ लाख १४ हजार ४ सय ६३ रुपियाँ खर्च हुने बताउनुभयो।

सो अवसरमा 'एक वर्ष अनेक काम, दिगो विकास जनसम्मान' भन्ने मूल नारालाई आत्मसात गर्दै अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको थियो।

# अर्थ

सांसदहरूले ६८ करोड रुपियाँ बढी रकम कबोल गर्ने कम्पनीलाई ठेक्का दिएकोमा तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माको चर्को आलोचना गरेका छन्।


नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग



कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त
अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... कण कणमा शक्ति भरएको
ISO 9001:2000



JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 EARTHQUAKE RESISTANT REBAR NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार २९ जुलाई १३ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।०४ | १०३।६४ |
| युरो १ का रु. | ११७।४८ | ११८।१६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।८८ | १३३।६५ |
| स्विस फ्रन्क १ का रु. | १०६।८९ | १०७।५१ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।३८ | ७८।८३ |
| क्यानाडियन डलर १ का रु. | ८०।०३ | ८०।४९ |
| सिङ्गापुर डलर १ का रु. | ७४।५६ | ७४।९९ |
| जापानी यन १० का रु. | ९।०५ | ९।१० |
| चिनियाँ युआन १ का रु. | १५।१४ | १५।२३ |
| साउदी अरब रियाल १ का रु. | २७।४८ | २७।६४ |
| कतारी रियाल १ का रु. | २८।३० | २८।४६ |
| थाई भाट १ का रु. | ३।०२ | ३।०४ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०५ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९७ | २४।११ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९३ | ८।९८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।२३ |
| डनिस क्रानर १ का रु. | १५।८० |
| हङकङ डलर १ का रु. | १३।१९ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# आवको अन्त्यमा पुँजी बजार सुखद भएन

**नेपाल समाचारपत्र**

काठमाडौं

चालू आर्थिक वर्ष २०७३/७४ को अन्तिम साताको शेयर कारोबार लगानीकर्ताका निम्ति सकारात्मक देखिएन। यसै साताको पहिलो दिन आइतबार नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०७४/७५ को निम्ति मौद्रिक नीति ल्याएको हुँदा त्यसको सकारात्मक प्रभाव लगानीकर्तामा पर्ने आँकलनविपरीत शेयर बजारमा गिरावट आएकाले आर्थिक वर्षको अन्त्यमा पुँजी बजार खासै सुखद भएन।

आइतबार कारोबार खुलेदेखि नै नेप्से परिसूचक उकालो लागेको थियो। मौद्रिक नीतिमा बैंक तथा वित्तीय क्षेत्रबारे विशेष नीति आउने आशामा लगानीकर्ता आकर्षित हुँदा कारोबार शुरू भएको २१ मिनेटमै नेप्सेमा करिब २२ अंकको वृद्धि भएको थियो। तर, मौद्रिक नीति सार्वजनिक हुने समय नजिकिँदै गर्दा बजार क्रमश: ओरालो लागेर १ बजेर ४० मिनेट जाँदा घटेर २ दशमलव शून्य ४ अंकको वृद्धिमा सीमित हुन पुग्यो।

त्यस्तै सोमबारको बजारमा पनि निकै उतारचढाव देखियो, कारोबार खुलेदेखि लगातार घटेको बजारमा कारोबार समयको मध्यतिर आएर सुध्रिए पनि पुन: ओरालो लाग्दै अन्त्यमा ८ दशमलव ९३ अंकले घट्यो। मंगलबार र बुधबार नेप्सेमा सामान्य सुधार देखिए पनि साताको अन्तिम कारोबार दिन बिहीबार भने ४ दशमलव ८९ अंकले घटेर समग्र नेप्से परिसूचक १५ सय ८२ दशमलव ६७ को झर्‍यो।

साताभर नेप्से परिसूचक पहिलो दिनको तुलनामा १ दशमलव ४८ अंकले बढेर १५८२ दशमलव ६७ अंकमा पुग्यो। त्यस्तै समूहगत आधारमा साताभर वाणिज्य बैंक समूह १ दशमलव ९४ अंकले घटेर १४१८ दशमलव ८१ बन्द भयो भने विकास बैंक समूह ३ दशमलव २६ अंकले वृद्धि भई १९४५ दशमलव ३७ मा बन्द भयो।

वित्तीय समूह १५ दशमलव ६७ अंकले घटेर ७२९ दशमलव ६२ मा बन्द भयो। होटल समूह २३ दशमलव ८२ अंकको गिरावटसँगै २२२१ दशमलव ५७ को अंकमा बन्द भयो भने जलविद्युत् समूह १३ दशमलव ८७ अंकले घटेर १९१८ दशमलव शून्य १ मा पुग्यो।

त्यस्तै बीमा समूह २४ दशमलव ८ अंकले घटेर ८३५० दशमलव २९ मा बन्द भयो भने उत्पादनमुलक समूह २२ दशमलव शून्य २ अंकको वृद्धिसँगै २३६६ दशमलव ५८ मा कारोबार बन्द भयो। व्यापार समूहमा साताको शुरुदेखि अन्त्यसम्म कुनै परिर्वतन नआई २१२ दशमलव ७६ मा नै रह्यो। अन्य समूह भने ९ दशमलव ५५ अंकको वृद्धिसँगै ६९९ दशमलव ६२ मा कारोबार बन्द भयो।

साताभर नेपाल स्टक एक्सचेन्जमा १६८ कम्पनीको ३२ हजार २४५ कारोबारबाट १ करोड १४ लाख ३८ हजार ३ सय ९० कित्ता शेयर ४ अर्ब २० करोड ३४ लाख ५२ हजार रुपियाँमा किनबेच भयो। कारोबार रकम अघिल्लो साताको भन्दा ५९ दशमलव ४३ प्रतिशतले बढी हो।

अघिल्लो साता १६२ कम्पनीको २७ हजार ३२ कारोबारबाट ७० लाख २३ हजार ६ सय ३० कित्ता शेयर २ अर्ब ६३ करोड ६५ लाख ४१ हजार रुपियाँमा किनबेच भएको थियो।

यस साताकारोबार रकमको आधारमा (३० करोड २९ लाख ४० हजार रुपियाँ) नबिल बैंक (संस्थापक) अग्रस्थानमा रह्यो। त्यस्तै कारोबार भएको शेयर संख्या (२७ लाख १५ हजार कित्ता) को आधारमा एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड-१ अग्रस्थानमा रह्यो भने कारोबार संख्या (२७५८ वटा) को आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको थियो। यस साता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा शून्य दशमलव ७१ अंकले घटेर ३३६ दशमलव शून्य ४ अंकमा कारोबार बन्द भयो।

## सोलारको ठेक्कामा अनियमिता भएको भन्दै तत्काल रोक्न लेखाको निर्देशन

काठमाडौं, (नेस)

व्यवस्थापिका-संसद् सार्वजनिक लेखा समितिले सौर्य विद्युत् उत्पादनसम्बन्धी कार्य तत्काल स्थगन गरी तीन दिनभित्र सम्पूर्ण कागजात उपलब्ध गराउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ।

समितिको शुक्रबारको बैठकले प्राधिकरणले स्थापना गर्न लागेको २५ मेगावाट क्षमताको सौर्य ऊर्जाका सम्बन्धमा भएका काम कारबाही गलत देखिएको भन्दै सम्पूर्ण कागजातको अध्ययनसमेत गर्ने निर्णय गरेको छ।

विश्व बैंकको ऋण सहयोगमा नुवाकोटमा स्थापना हुन लागेको सो सौर्य प्रणाली जडान कार्यका लागि कम बोलकबोल गर्ने कम्पनीलाई नदिई बढी मूल्य राख्नेलाई दिएको भन्दै अधिवक्ता रमेश मैनालीले दर्ता गरेको उजुरीका आधारमा समितिले शुक्रबार सो निर्देशन दिएको हो। बैठकमा सांसदहरूले ६८ करोड रुपियाँ बढी रकम कबोल गर्ने कम्पनीलाई ठेक्का दिएकोमा तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माको चर्को आलोचना गरेका छन्। दुई चिनियाँ कम्पनी पिङगाओ एन्ड ह्यारिओन र रिजन इनर्जीले क्रमश: ३ अर्ब ४ करोड २९ लाख रुपैयाँ र ३ अर्ब ७१ करोड ७९ लाख रुपियाँ कबोल गरेका थिए। सोलार जडान गर्ने ठेक्का रिजनलाई दिइएको छ।

## राजस्व न्यायाधिकरणको मुद्दा पछ्यौंट बढ्यो

बाँके, (नेस)

राजस्व न्यायाधिकरण नेपालगन्जले विगतमा भन्दा बढी मुद्दा फैसला गरेको छ। चालू आर्थिक वर्षमा न्यायाधिकरणमा आठ थान मुद्दा रहेकोमा ६ थान फछ्र्यौट भएको श्रेस्तेदार राजेन्द्रकुमार शर्माले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७२/७३ देखि जिम्मेवारी सरेर आएका पाँच थान र यो वर्ष दायर हुने आठ थान गरी १३ थान मुद्दा हुने अनुमान गरिएको थियो। तर, अनुमान गरेभन्दा मुद्दा कम परेको कार्यालयले जनाएको छ।

श्रेस्तेदार शर्माका अनुसार, आर्थिक वर्ष २०६९/७० मा ५२ प्रतिशत, २०७०/७१ मा ३१, २०७१/७२ मा ५२ र आर्थिक वर्ष २०७२/७३ मा ५८ प्रतिशत मुद्दा फछ्र्यौट भएका थिए।

सरकारले नियुक्त गरेका कानुन सदस्य, राजस्व सदस्य र लेखा सदस्यसहित ३ जना सदस्यको संयुक्त इजलासवाट न्यायाधिकरणको क्षेत्राधिकारको प्रयोग सामुहिक रुपबाट हुने गर्छ।

## जापानी सहयोगका कार्यक्रमबारे राजदूतको चासो



**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालका लागि जापानका राजदूत माससी ओगावाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्राडा गोविन्दराज पोखरेलसँग शुक्रबार भेट गरी सम्पदा क्षेत्रमा भइरहेको पुनर्निर्माण प्रगतिबारे चासो राख्नुभयो।

त्यसक्रममा राजदूत ओगावाले काठमाडौं र पाटन दरबार स्क्वारको पुनर्निर्माण जापानले प्रदान गरेको आर्थिक सहयोगबारे चासो राखेको प्राधिकरणले जनाएको छ।

उक्त अवसरमा सीईओ डा. पोखरेलले पुनर्निर्माणमा पछिल्लो समय उल्लेख्य प्रगति भएको जानकारी दिँदै आगामी आर्थिक वर्ष पुनर्निर्माणमा निकै उल्लेखनीय हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले पुनर्निर्माणमा जनशक्तिको अभावबारे चर्चा गर्दै प्राविधिक जनशक्ति उत्पादनको क्षेत्रमा सहयोग विस्तार गर्न आग्रह गरेका थिए।

## उत्कृष्ट महिला उद्यमी सम्मानित

काठमाडौं, (नेस)

महिला उद्यमशीलतालाई प्रवर्द्धन गर्ने उद्धेश्यले उद्योग मन्त्रालयले देशभर उद्यम गरिरहेका महिलामध्येबाट उत्कृष्ट महिला उद्यमीलाई शुक्रबार सम्मान गरेको छ।

मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाले सम्ममानले जोकोहीलाई उद्यमशीलतामा आउन उत्प्रेणा प्रदान गर्ने बताउनुभयो।

पुरस्कृतमध्येबाट उदयपुरकी पद्मकुमारी लामाले महिला भएर उद्यम सञ्चालन गर्न गाह्रो रहेको देशमा जनशक्तिको अभाव रहेकाले आफूले ढाका उद्योग मुस्किलले सञ्चालन गर्दै आएको बताउनुभयो। जनही १० हजार रुपियाँ र प्रशंसापत्रसहित ७५ जिल्लाका ७५ महिला उद्यमीलाई सम्मान गरिएको हो। देशभर १४ हजार ३ सय लघु महिला उद्यमीले २ लाखलाई रोजगार प्रदान गरिरहेका छन्।

# अन्नपूर्णको बजेट साढे २८ करोड

### पर्यटन, ऊर्जा, सडक सञ्जाल विस्तार प्राथमिकतामा

**टंकराज अधिकारी, पोखरा**




अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ का लागि २८ करोड ६५ लाख रुपियाँको बजेट विनियोजन गरेको छ। गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम शुक्रबार सार्वजनिक गर्दै गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले पर्यटनको विकास, ऊर्जा उत्पादन, सडक सञ्जाल विस्तारलगायतका विषयलाई प्राथमिकतामा राखेको बताउनुभयो।

पूर्वाधार विकास गाउँपालिकाको प्राथमिकतामा रहेको बताउँदै अध्यक्ष कुँवरले गाउँपालिकामा सबै वडालाई छुने गरी चक्रपथ निर्माण, स्थानीय सडक सञ्जाल विस्तारका साथै ऊर्जा उत्पादनका योजना अघि बढाइने जानकारी दिनुभयो।

'गाउँपालिकाभित्र अपार जलस्रोतको सम्भावना छ,' उहाँले भन्नुभयो-' जलस्रोतको उपयोगमार्फत् उद्योग व्यवसाय सञ्चालन गर्न सक्ने गरी विद्युतीय ऊर्जा उत्पादन गर्न यस क्षेत्रका स्थानीयबासीको कम्तिमा एक घर १० कित्ता शेयरको अवधारणा अघि बढाइने छ।' विश्वको उत्कृष्ट अन्नपूर्ण पदमार्गको विकास गर्न आवश्यक रहेको बताउँदै उहाँले यसका लागि आवश्यक भौतिक पूर्वाधार तयार गरी विश्व बजारमा प्रचारप्रसार गरिने उल्लेख गर्नुभयो।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण अन्नपूर्ण गाउँपालिकाभित्रका पर्यटकीय स्थलको पहिचान गरी तिनीहरूको विकास गर्ने बताउँदै कुँवरले यहाँका पदमार्गको मर्मत सम्भारका साथै नयाँ पदमार्गको पहिचान र विकास गरिने जानकारी दिनुभयो।

गाउँपालिकाभित्रका अन्नपूर्ण बेसक्याम्प, घान्द्रुक, लान्द्रुक, उल्लेरी, अष्ट्रेलियन क्याम्प, तालच्याउनी, मणिको डाँडा, काडे, नौडाँडा, पञ्चासेलगायतका पर्यटकीयस्थलको विकास र प्रचारप्रसार गरिनेमा उहाँको जोड थियो।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले अन्नपूर्ण गाउँपालिका अपार सम्भावना बोकेको क्षेत्र भएको बताउँदै सम्भावनाको उजागर र विकास गर्न सके गाउँपालिकालाई समृद्धि र विकासको मार्गमा लैजान सकिने बताउनुभयो। पूर्व सांसद शुक्रराज शर्माले विकासमा राजनीति गर्न नहुने बताउँदै गाउँपालिकामा पर्यटन, ऊर्जालगायतका क्षेत्रमा धेरै सम्भावना रहेर पनि तिनीहरूको उपयोग गर्न नसकिएको उल्लेख गर्नुभयो।

त्यस्तै पूर्वजिविस सभापति पूण्यप्रसाद पौडेलले एक्याप र गाउँपालिकाबीच राम्रो समन्वय हुनुपर्ने बताउँदै उत्पादन क्षेत्रका आधारमा बजेट विनियोजन हुनुपर्ने सुझाव दिनुभयो। कार्यक्रममा गाउँपालिका उपप्रमुख सगुन गुरुङलगायतले विकासमा राजनीतिकरण गर्न नहुने बताउँदै सबैको सहकार्यमा गाउँपालिकालाई समृद्ध बनाउनुपर्नेमा जोड दिए।

# दिगो विकासका लागि राष्ट्र संघसँग चौधरी फाउन्डेसनले सहकार्य गर्ने

**नेपाल समाचारपत्र**

काठमाडौं




संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्य (एसडीजी) सम्बन्धी जनचेतना जगाउन र उक्त लक्ष्य प्राप्तिको लागि संयुक्त राष्ट्र संघको नेपालस्थित कार्यालय र चौधरी ग्रुपले सञ्चालन गर्दै आएको चौधरी फाउन्डेसनले सहकार्य गर्ने भएका छन्।

शुक्रबार त्यसका निम्ति सम्झौता भएको छ। सन् २०१५ मा नेपाललगायत राष्ट्रसंघ सदस्य राष्ट्रद्वारा अंगीकार गरिएको एसडीजी सन् २०३० सम्ममा सबै प्रकारका गरिबीका उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना हो। यस सहकार्यअन्तर्गत राष्ट्र संघ र चौधरी फाउन्डेसनले संयुक्त रुपमा पहल गर्ने भएका छन्। दिगो विकास हासिल गर्न सहयोग गर्न पाउँदा खुशी रहेको चौधरी फाउन्डेसनका निर्देशक निर्वाण चौधरीले बताउनुभयो। विश्वव्यापी लक्ष्य हासिल गर्नका लागि राष्ट्रसंघलाई सहकार्य गर्ने लक्ष्यप्राप्तिको लागि आफ्नो समूह पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो । राष्ट्र संघको नेपालस्थित कार्यालयका निर्देशक रेनो मेयरले भन्नुभयो- 'दिगो विकास लक्ष्य सरकार र राष्ट्रसंघको मात्र जिम्मेवारी नभई निजी क्षेत्र र नागरिक समाजलगायत सबै नागरिकको जिम्मेवारी हो। दिगो विकास लक्ष्य कार्यन्वयन प्रक्रिया अगाडि बढाउनका लागि साधनस्रोत प्रवृत्ति र नयाँ कार्यका शुरुका लागि निजी क्षेत्रको उल्लेखनीय भूमिका छ।'

> विभिन्न २३ वटा भन्सार कार्यालय र जाँचपास परीक्षण कार्यालयमार्फत् उक्त राजस्व रकम असुली भएको विभागले जनाएको छ। चालू आर्थिक वर्षमा २ खर्ब ४६ अर्ब ४ करोड ९० लाख ८८ हजार रुपियाँ राजस्व भन्सारमार्फत् संकलन गर्ने सरकारको लक्ष्य रहेको छ।

# जनता बैंक र सिद्धार्थ डेभलपमेन्ट बैंक मर्ज




**नेपाल समाचारपत्र**

काठमाडौं

जनता बैंक नेपाल र सिद्धार्थ डेभलपमेन्ट बैंकबीच एक्विजिसन भई शुक्रबारदेखि एकीकृत कारोबार शुरू गरेका छन्। सिद्धार्थको जेठ १२ गते र जनताको जेठ १३ गते सम्पन्न विशेष साधारणसभाले एक्विजिसनमा जाने निर्णय गरे बमोजिम एकीकृत कारोबार शुरू गरेका हुन्।

बैंकको एकीकृत कारोबार नेपाल राष्ट्र बैंकका कामु भर्नर चिन्तामणि शिवाकोटीले उद्घाटन गर्नुभएको थियो। उक्त अवसरमा कामु गभर्नर शिवाकोटीले दूरदराजमा बैंकको पहुँच पुऱ्याई सेवा प्रदान गर्न सफल हुनुपर्ने बताउनुभयो।

त्यस्तै बैंकका अध्यक्ष केशवबहादुर रायमाझीले जोखिम व्यवस्थापन तथा संस्थागत सुशासन कायम राख्दै मुलुकका शहरी तथा ग्रामीण क्षेत्रमा आधुनिक एवम् उत्कृष्ट बैंकिङ सेवा प्रदान गरी देश विकासको अभियानमा थप योगदान प्रदान गर्ने लक्ष्य रहेको उल्लेख गर्नुभयो। साविक सिद्धार्थ डेभलपमेन्ट बैंकका अध्यक्ष रामबहादुर भण्डारीले बैंकको पुँजीगत आधार सुदृढ गर्दै आधुनिक तथा प्रभावकारी बैंकिङ सेवा प्रदान गरी जनता बैंकलाई नेपालको एक अग्रणी बैंकको रुपमा स्थापित गर्ने लक्ष्य रहेको बताउनुभयो। कार्यक्रममा बैंकर एसोसियसनका अध्यक्ष अनिलकेशरी शाह, डेभलपमेन्ट बैंक एसोसियसनका अध्यक्ष भरतराज ढकालले शुभकामना दिनुभएको थियो।

सिद्धार्थ डेभलपमेन्ट बैंक प्राप्तिपश्चात जनता बैंक नेपालको चुक्ता पुंजी करिब ७अर्ब पुगेको छ भने बैंकको निक्षेप करिब ५० अर्ब र कर्जा ४५ अर्ब रुपियाँ पुगेको छ। बैंकको ११३ वटा शाखा, १८ वटा शाखारहित बैंकिङ र ६७ वटा एटीएम र ग्राहक संख्या करिब ५ लाख रहेको बैंकले जनाएको छ।

नेपाल राष्ट्र बैंकले दुवै बैंकलाई गाभ्न र गाभिने असार २० र कम्पनी रजिस्ट्रार कार्यालयले असार २५ गते अन्तिम स्वीकृति दिएको थियो। यसअघि जनता बैंकमा त्रिवेणी विकास बैंक गाभिए थियो। जनता बैंक र सिद्धार्थ डेभलपमेन्ट बैंकबीच १ बराबर १ शेयर स्वाप रेसियो कायम भएको छ। जनता बैंकसँगको एक्विजिसनपछि सिद्धार्थ डेभलपमेन्ट बैंकले सञ्चालक समितिमा २ जनालाई पठाएको छ भने डेपुटी सीईओको रूपमा सिद्धार्थ डेभलपमेन्ट बैंकका सीईओ अजयकुमार मिश्र रहने छन्।

# चालू आवमा ९७ प्रतिशत भन्सार राजस्व उठ्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

चालू आर्थिक वर्षको ११ महिनाको अवधिमा भन्सारमार्फत् २ खर्ब ३३ अर्ब २० करोड ४२ लाख ७० हजार रुपियाँबराबरको राजस्व संकलन भएको छ। भन्सार राजस्वको कुल लक्ष्यमा ९७ दशमलव शून्य १ प्रतिशत राजस्व असुली भएको भन्सार विभागले जनाएको छ।

जेठ मसात्सम्म भन्सार राजस्व असुली लक्ष्यभन्दा ५ दशमलव ३१ प्रतिशत बढी राजस्व उठेको भन्सार विभागका तथ्यांक शाखा प्रमुख विनोदशरण आचार्यले जानकारी दिनुभयो। यस अवधिमा लक्ष्यभन्दा करिब ११ अर्ब ७६ करोड ९० हजार रुपियाँ बढी संकलन भएको हो। गत आर्थिक वर्षको सोही अवधिसम्मको तुलनामा यस वर्ष राजस्व असुली ३८ दशमलव ५६ प्रतिशतले वृद्धि भएको छ।

देशका विभिन्न २३ वटा भन्सार कार्यालय र जाँचपास परीक्षण कार्यालयमार्फत् उक्त राजस्व रकम असुली भएको विभागले जनाएको छ। चालू आर्थिक वर्षमा २ खर्ब ४६ अर्ब ४ करोड ९० लाख ८८ हजार रुपियाँ राजस्व भन्सारमार्फत् संकलन गर्ने सरकारको लक्ष्य रहेको छ। हालसम्मको भन्सार राजस्व असुली रकम चालू आर्थिक वर्षको वार्षिक लक्ष्यभन्दा १२ अर्ब ८४ करोड ४८ लाख १८ हजार रुपियाँले कम हो भने जेठ महिनासम्मको राजस्व असुली लक्ष्यभन्दा ५ दशमलव ३१ प्रतिशतले बढेको भन्सार विभागको तथ्यांकले देखाएको छ। जसअन्तर्गत वैशाख महिनामा मात्र २१ अर्ब ४८ करोड १४ लाख ६० हजार रुपियाँ संकलन भएको छ।

चालू आर्थिक वर्षको यस अवधिसम्ममा ९ वटा भन्सार कार्यालयले लक्ष्यभन्दा निकै कम राजस्व असुली गरेकाछन्। भन्सार विभागको तथ्यांकअनुसार त्रिभुवन विमानस्थल, तातोपानी, सर्लाही, सिराहा, राजविराज, विराटनगर र सुनसरी भन्सार कार्यालयले लक्ष्यभन्दा कम राजस्व संकलन गरेका छन्। वार्षिक रुपमा ५० अर्ब रुपियाँ बराबरको व्यापारिक कारोबार र झण्डै ४ अर्ब रुपियाँ राजस्व संकलन गर्ने तातोपानी भन्सार नाकाको राजस्व संकलन दुई वर्षदेखि शून्य छ।

विराटनगर भन्सार कार्यालयले लक्ष्यभन्दा ८७ करोड ३७ लाख १५ हजार रुपियाँ कम राजस्व संकलन गरेको छ। त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले लक्ष्यभन्दा करिब ९ करोड ४३ लाख ८६ हजार रुपियाँ कम राजस्व असुल गरेको छ।

रसुवा, नेपालगन्ज, भैरहवा, जलेश्वर, कैलालीलगायतका भन्सार कार्यालयबाट भने लक्ष्यभन्दा बढी राजस्व संकलन भएको छ। भैरहवा भन्सार कार्यालयले लक्ष्यभन्दा ८ अर्ब ५१ करोड १८ लाख ३१ लाख रुपियाँसहित१७ दशमलब शून्य १ प्रतिशतले बढी राजस्व संकलन गरेको छ। लक्षित राजस्व अनुपातमा सबैभन्दा उच्च राजस्व संकलन गर्नेमा कोइलाबास भन्सार कार्यालय रहेको छ। उक्त भन्सार कार्यालयले ३ सय प्रतिशतभन्दा बढी राजस्व संकलन गरेको छ।

## शिक्षा, स्वास्थ्य र सडकलाई प्राथमिकता

स्याङ्जा, (नेस)

स्थानीय अर्जुनचौपारी-५ साविकको आरुचौरले वडा स्तरीय पहिलो परिषद् सम्पन्न गरेको छ। परिषद्बाट वडामा शिक्षा, स्वास्थ्य र सडकलाई बढी प्रथामिकता रहने गरी बजेट विनियोजन गरेको छ। वडाको विकासका लागि ८२ लाख ४५ हजार रुपियाँ विनियोजन गरिएको वडा अध्यक्ष ख्यामनारायण खनालले बताउनुभयो। वडा अध्यक्ष खनालका अनुसार पर्यटन, कृषि, सहकारी, उद्योग, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धनलगायतको विकासका लागि प्रथामिकतामा रहेका छन्।

## PRESS RELEASE

### बीओके र एलआईसीबीच सम्झौता

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

काठमाडौं, (नेस)

बैंक अफ काठमाण्डू र लाइफ इन्स्योरेन्स कर्पोरिसन (नेपाल) बीच बैंकासुरेन्स सेवा प्रदान गर्ने सम्झौता भएको छ। बैंक र इन्स्योरेन्स कम्पनीबीच सम्झौतापत्रमा शुक्रबार हस्ताक्षर भएको छ। यस सेवाअन्तर्गत बैंकका सम्पूर्ण ग्राहकले जीवन बीमा सेवा सुलभ र छरितो रुपमा बैंकका सम्पूर्ण शाखाबाट उपभोग गर्न सक्ने व्यवस्था मिलाइएको छ।

### यती एयरलाइन्सको बोडिङ पासमा एसडीजीको लोगो

काठमाडौं, (नेस)

यती एयरलाइन्सले संयुक्त राष्ट्रसंघसँगको दिगो विकास लक्ष्य (एसडीजी) का बारेमा सर्वसाधारणाई जनचेतना जगाउने सोचका साथ नेपालस्थित संयुक्त राष्ट्रसंघसँगको सहकार्यमा एसडीजी लोगो अंकित नयाँ बोर्डिङ पास प्रयोग गर्ने भएको छ। सन् २०१५ मा नेपाललगायत राष्ट्रसंघ सदस्य राष्ट्रद्वारा अंगीकार गरिएको एसडीजी सन् २०३० सम्ममा सबै प्रकारका गरिबीका उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना हो। एसडीजी उपलब्धिका लागि निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिइएको छ।

### शिक्षा, स्वास्थ्य र सडकलाई प्रथामिकता

स्याङ्जा, (नेस)

स्थानीय अर्जुनचौपारी-५ साविकको आरुचौरले वडा स्तरीय पहिलो परिषद् सम्पन्न गरेको छ। परिषदबाट वडामा शिक्षा, स्वास्थ्य र सडकलाई बढी प्रथामिकता रहने गरी बजेट विनियोजन गरेको छ। वडाको विकासका लागि ८२ लाख ४५ हजार रुपियाँ विनियोजन गरिएको वडा अध्यक्ष ख्यामनारायण खनालले बताउनुभयो। वडा अध्यक्ष खनालका अनुसार पर्यटन, कृषि, सहकारी, उद्योग, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धनलगायतको विकासका लागि प्रथामिकतामा रहेका छन्।

साविकको आरुचौरलाई सुन्दर वडाको रुपमा विकसित गर्ने उदेश्य अनुरुप विषयगत शिर्षकमा बजेट विनियोजनमा ध्यान पुऱ्याइएको अध्यक्ष खनालको दाबी छ। ग्रामिण क्षेत्र भएकाले साना खोलानालामा ढुंगे साँघु, ढल वाला पुल, झोलुङ्गे पुल, गोरेटो बाटो, सडकका ठाउँ ठाउँमा प्रतिक्षलय, विद्युतीकरण लगायत जनताका मागलाई पनि सम्बोधन हुने गरी योजना तर्जुमा गरिएको वडाले जनाएको छ।

# सेञ्चुरी बैंक र सगरमाथा फाइनान्स मर्ज हुँदै

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले सगरमाथा फाइनान्स प्राप्तिपछि शनिबारबाट एकीकृत कारोबार शुरू गर्ने भएको छ। नेपाल राष्ट्र बैंकले गत असार २६ गते उक्त फाइनान्स प्राप्ति गर्न बैंकलाई स्वीकृति दिएको थियो।

सेञ्चुरी बैंकले सगरमाथा फाइनान्सलाई सय बराबर ९५ शेयर स्वाप रेसियोको आधारमा प्राप्ति गर्दै छ। संयुक्त कारोबारका लागि सिस्टमको मिलाउनु पर्ने भएकाले साउन १ गते कारोबार बन्द रहने बताइएको छ। हाल सेञ्चुरी बैंकको चुक्ता पुँजी ४ अर्ब ७१ करोड रुपियाँ रहेको छ।

सगरमाथा फाइनान्स प्राप्तिपछि बैंकमा ७२ करोड रुपियाँ पुँजी थप हुनेछ। सेञ्चुरीले अल्पाइन डेभलपमेन्ट बैंक र सेती फाइनान्सलाई समेत प्राप्तिको प्रक्रियामा छ। यी दुई संस्था गाभिएपछि सेञ्चुरीको चुक्ता पुँजीमा ५० करोड रुपियाँ थप हुनेछ। यसअघि इन्नोभेटिभ र अरनिको डेभलपमेन्ट बैंक गाभिएको थियो।

त्यस्तै सेञ्चुरी बैंकले १० बराबर ४ अनुपातको हकप्रद शेयर साउन १६ गतेबाट निष्काशन गर्ने भएको छ। बैंकले सय रुपियाँ अंकित मूल्यमा १ अर्ब ८८ करोड ५४ लाख २५ हजार ७ सय रुपियाँको १ करोड ८८ लाख ५४ हजार २५७ कित्ता शेयर निष्काशन गर्न लागेको हो।

बैंकको उक्त हकप्रद शेयरको लागि असार २६ गतेसम्म कायम शेयरधनीले मात्र आवेदन दिन सक्नेछन्। उक्त हकप्रदमा सेञ्चुरीमा हालै गाभिएका इन्नोभेटिभ र अरनिको डेभलपमेन्ट बैंकका शेयरधनीले पनि आवेदन दिन पाउनेछन्। तर, सगरमाथाका शेयरधनीले भने यो अवसर पाउने छैनन्।

सबै वित्तीय संस्थालाई गाभेपछि र ४० प्रतिशत हकप्रद बिक्रीपश्चात सेञ्चुरीको चुक्ता पुँजी ७ अर्ब ९० करोड रुपियाँ पुग्नेछ भने चुक्ता पुँजी ८ अर्ब रुपियाँ नपुगेको रकम चालू आर्थिक वर्षको नाफाबाट बोनस दिएर पुऱ्याउने भएको छ।

# एनआईबीएलमा एक लाख डिम्याट खाता पुग्यो

काठमाडौं, (नेस)

एनआईबीएल क्यापिटल मार्केट्सले एक लाख एक लाख हितग्राही खाता (डिम्याट खाता) पुऱ्याएको छ। उक्त संख्यामा हितग्राही खाता खोल्ने नेपालको एनआईबीएल पहिलो कम्पनी हो।

संस्थाले आफ्नो मुख्य कम्पनी नेपाल इन्भेष्टमेन्ट बैंकको सम्पूर्ण शाखाबाट समेत मर्चेन्ट बैंकिङसम्बन्धी सेवा प्रदान गर्दै आएको छ। एनआईबीएल क्यापिटल, नेपालको धितोपत्र बजारको लागि एकीकृत मोबाइल एप सार्वजनिक गरी प्रयोग गर्ने पहिलो संस्थासमेत रहेको छ।

उक्त एपबाट निक्षेप सदस्यले आफ्नो हिताग्राही खाताको विवरण, म्युचुअल फन्डको खुद सम्पत्ति मूल्य तथा लगानी व्यवस्थापन सेवा लिएका सेवाग्राहीले समेत आफ्नो लगानीको विवरण हेर्न सक्छन् भने कम्पनीको वेवसाइटमार्फत् सम्पूर्ण सेवा अनलाइन प्रयोग गर्न सक्छन्। २०७१ सालदेखि निक्षेप सदस्यको रुपमा कार्य गर्दै आइरहेको छ। यस संस्थाले मर्चेन्ट बैंकिङ तथा सामूहिक लगानी कोषअन्तर्गत कोष व्यवस्थापकको समेत कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको छ ।

एनआईबिएल क्यापिटल, निक्षेप सदस्यमध्ये अग्रणी स्थानमा रही निक्षेप खाताको बजार हिस्सामध्ये ११ दशमलव ५ प्रतिशत खाता यसै संस्थामार्फत् सञ्चालन गर्न सफल रहेको कम्पनीको भनाइ छ। यसबाहेक एनआईबीएलले बैंक/वित्तीय संस्था, लघुवित्त कम्पनी, जीवन तथा निर्जीवन बीमा कम्पनीलगायत होटल गरी जम्मा ३० वटा कम्पनीका करिब ५,७२,३०० शेयरधनीलाई शेयर सम्बन्धी सेवा दिँदै जनाएको आएको छ।




आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ–आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com






# चिलिच विम्बल्डन फाइनलमा

लन्डन, (एजेन्सी)

क्रोएसियाका मारिन चिलिच लन्डनमा जारी विम्बल्डन टेनिसअन्तर्गत मेन्स सिंगल्सको फाइनलमा पुगेका छन्।

शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा चिलिचले अमेरिकाका साम क्वेरीलाई चार सेटमा पराजित गरेका हुन्। चिलिचले पहिलो सेट हारे पनि त्यसपछि लगातार तीन सेट जितेर क्वेरीविरुद्ध हारको सम्भावनासमेत टारे। उनी क्वेरीसँग अहिलेसम्म हारेका छैनन्।

चिलिचले २ घण्टा ५६ मिनेट चलेको उक्त खेल ६-७, ६-४, ७-६, ७-५ सेटले जितेका थिए। यस्तै सन् २००१ मा गोरान इभानोभिच विम्बल्डन फाइनल पुगे यता चिलिच सो स्थानमा पुग्ने पहिलो क्रोएसियन खेलाडी बनेका छन्। गोरान त्यति बेला विजेता बनेका थिए। यसै गरी चिलिच ११औं पटकको प्रयासमा विम्बल्डन फाइनल पुगेका छन्।

## करण र दीपिकालाई स्वर्ण

काठमाडौं, (नेस)

काठमाडौं विश्वविद्यालयका करण राई र दीपिका श्रेष्ठले दोस्रो प्रधानमन्त्री कप विश्वविद्यालय खेलकुदको टेबलटेनिसमा शुक्रबार स्वर्ण जितेका छन्। सुपर लिगको ब्वाइज सिंगल्समा करणले ३ खेल जिते भने दुई खेल जितेका त्रिभुवन विश्वविद्यालयका भावुक जोशी दोस्रो भए। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको गर्ल्स सिंगल्समा दीपिकाले शतप्रतिशत जित निकालिन्। काठमाडौंकै इशिका रेग्मीले २ खेल जितेर दोस्रो भइन्।

यसै गरी ब्याडमिन्टनको सिंगल्सतर्फ त्रिभुवन विश्वविद्यालयका जीवन आचार्य र पोखरा विश्वविद्यालयकी अमिता गिरी च्याम्पियन भए। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा जीवनले सोही विश्वविद्यालयका नीरविक्रम देवकोटालाई हराउँदा अमिताले सुदूरपश्चिमाञ्चलकी गंगा विष्टको चुनौती समाप्त पारिन्।

## धरहरा

### लामखुट्टे र सर्प



'लामखुट्टेले हामीलाई हत्या गर्न लागिसक्यो। अब हामीलाई झुल देऊ भनेर सरकारसँग माग गर्नुपर्‍यो। अब सकिएन। कि हामीलाई झुल देऊ कि चाहिँ हत्याका आरोपितलाई पक्राउ गरेर सजाय देऊ भनेर सरकारसँग माग गर्नुपर्‍यो।' हिजो धरहराको छेउमा एकथरी सर्वसाधारणले यस्तो संवाद गरेको सुनियो। अर्को एक जना सच्याउँदै थिए- 'लामखुट्टेले टोक्यो भन्नुपर्ला हत्या भन्न मिल्दैन कि?'

पहिलोले प्रतिवाद गर्‍यो- किन नमिल्नु। संसद्मा त त्यत्रो मिल्यो। हामीलाई लामखुट्टे लाग्ने स्थानमा बस्न बाध्य पार्नेले हत्या गर्न त खोजेको हो नि।

दोस्रोले कुरा बुझेझैं टाउको हल्लायो र प्रधानमन्त्रीलाई भेटेर कुरा राख्ने भन्दै पीएलाई फोन गर्छु भनेर नम्बर थिचेको देखियो। पहिलोले मुलुककी प्रथम लेडीले संसद्मा कस्तो राम्रो बोलेको भनेर पनि प्रशंसा गरेको सुनियो। 'हेर्नुस् त, छाउपडीमा गएका महिलाको सर्पले टोकेर हत्या भयो रे अनि ती हत्यारा सर्पलाई सरकारले कारबाही गर्नुपर्‍यो रे' कति राम्रो भनाइ। ती हत्यारा सर्पलाई कहाँ पाउने त ? दोस्रोले प्रश्न सोध्दै थियो। पहिलोले भन्यो- 'जहाँ भए पनि समात्नुपर्‍यो नि। कहाँ त्यसै छोड्नु ?' हेर्नुस् त पाठकबृन्द- कोही हत्या गर्न खोज्ने लामखुट्टेलाई समातेर कारबाही गर्नुपर्छ भन्ने कोही हत्यारा सर्पलाई कारबाही गर्नुपर्छ भन्ने। कुरा त ठीकै हो तर तिनलाई पक्रेर राख्ने पो कहाँ हो ?

बरु ती दुवै खालका हत्याको अन्त्य गर्नका लागि मान्छेका बानीव्यहोरा सुधार्नुपर्ने हो कि ? नसुधारेको अवस्थामा भने जसले बानी सुधार्दैन उसलाई हत्यारा मानेर कारबाही गर्दा चाहिँ सजिलो पर्छ होला है। पाठकवृन्दको कुनै सुझाव भए खबर पाऊँ।

## पोखरामा नेटबल प्रशिक्षण

काठमाडौं, (नेस)

पोखरामा पहिलोपटक नेटबल भित्रिएको छ। नेपाल नेटबल संघले पश्चिमाञ्चल क्षेत्रलाई केन्द्रित गर्दै यो खेलको विस्तार गर्न पोखरामा प्रशिक्षण प्रारम्भ गरेको हो। विशेष गरी महिलाहरूलाई केन्द्रित गरी शुरू गरिएको नेटबल खेल प्रशिक्षणमा ४० जनाको सहभागिता रहेको छ।

सन १८०० मा अमेरिकाबाट शुरू भएको नेटबल अधिकांश देशहरूमा खेल्ने गरिन्छ। सन् १९९५ मा ओलोम्पिकले मान्यता दिएको हो। नेपालमा ६ वर्षअघि भित्रिएको नेटबल खेल राजधानी केन्द्रित रहे पनि अब यसलाई नेपालभर खेल्नका लागि प्रशिक्षकहरूलाई प्रशिक्षित गराउन शुरू गरिएको संघका महासचिव दीपक लामाले बताए।

१ सय फिट लम्बाइ र ५० फिट चौडाइ रहेको खेल मैदानमा खेल्न सकिने यो खेल इनडोर गेम हो भने यसमा ७/७ जना खेलाडी खेल्न सक्नेछन्। विशेष गरी महिलाहरूका लागि भनिएको यो खेल अहिले पुरुषहरूसमेतको सहभागिता रहने गरेको लामाले बताए। उनका अनुसार नेपालले सन् २०१२ र २०१३ को एसियन नेटबल च्याम्पियनसिपमा सहभागिता जनाइसकेको छ। हाल नेपालमा यो खेलका ४० जना प्रशिक्षकहरू रहेका छन् भने खेल विस्तारका लागि विद्यालय केन्द्रित गरिएको छ। पोखरामा साउन २ गतेसम्म सञ्चालन हुने प्रशिक्षणमा अस्ट्रेलियन प्रशिक्षक स्टेफेनी एन्डरसनले समेत प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

# कुस्ती खेलाडी छनोट

नेपाल समाचारपत्र

काठमाडौं



राष्ट्रव्यापी कुस्ती छनोटको पुरुष ८६ केजीमा कृष्णप्रसाद राजवंशीविरुद्धको खेलमा सुमिरकुमार शाह (बायाँ) लाई विजेता घोषणा गर्दै निर्णायक विद्यासागर पोखरेल।

नेपालले आयोजनाको जिम्मेवारी पाएको १३औं दक्षिण एसियाली खेलकुद (साग) को तयारीलाई मध्यनजर गरी ८ पुरुष कुस्ती खेलाडी शुक्रबार छनोट गरिएको छ। नेपाल कुस्ती संघले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा राष्ट्रव्यापी पुरुष कुस्ती खेलाडी छनोट प्रतियोगिता आयोजना गरेको थियो।

छनोट हुने खेलाडीमा राष्ट्रिय टिमका खेलाडीको वर्चस्व रहेको छ। राष्ट्रिय टिमका रामबाबु यादव ५७ केजी, जयमंगल यादव ६१ केजी, सरोज यादव ६५ केजी, मुख्तार आलम ७४ केजी, सुमिरकुमार साह ८६ केजी र सत्येन्द्रप्रसाद यादव १२५ केजीमा छनोट भए।

त्यस्तै प्रहरीका दीपेश राउत कम्कर ७० केजी र बाँकेका रमेश गोतामे ९७ केजीमा छनोट हुन सफल भए। गोतामे नयाँ खेलाडी हुन्। एकदिने प्रतियोगितामा १९ खेलाडीले प्रतिस्पर्धा गरेको कुस्ती संघका अध्यक्ष नारायणदेव राणाले जनाएका छन्।

## लिभरपुल क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

लिभरपुल इन्टरनेसनल कलेज प्रथम यु-१८ एन्जल्स हर्ट कप बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ शुक्रबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। मनमैजुस्थित एन्जल्स हर्ट स्पोर्ट्स एकेडेमीको कोर्टमा लिभरपुलले राइजिङ स्टारलाई ४९-३९ ले पराजित गर्‍यो।

एन्जल्स हर्ट मावि र एन्जल्स हर्ट इन्टरनेसनल कलेजद्वारा संयुक्त रूपमा आयोजित प्रतियोगिताअन्तर्गत गर्ल्सको राउन्ड रोबिन लिगमा एन्जल्स हर्टले दोस्रो जित हात पार्‍यो। आयोजक टोलीले जेभियर इन्टरनेसनल कलेजलाई ३३-३१ को झिनो अन्तरले हरायो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ